# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

शुभराज्याभिषेकाङ्क

३३

पू

र्णा

ङ्क

संशोधन-मण्डल

तस्मिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता बत् संस्कृतोऽयं श्रमेण।

–बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलगाईदिनुहोला ।]

# पूर्णिमा

९ वर्ष

१ अङ्क

## (इतिहास–प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

सहयोगी–
रामजी तेवारी

# विषयसूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | राजालाई अथर्ववेदोक्त आशीर्वाद | – नयराज पन्त | १–८ |
| २. | पुष्यरथ | – महेशराज पन्त | ८–१२ |
| ३. | पुष्याभिषेक | – महेशराज पन्त | १३–२७ |
| ४. | गोरखाली राजाहरूका राज्यकाल | – दिनेशराज पन्त | २७–३५ |
| ५. | शुभराज्याभिषेकको अवसरमा छापिएका दुइ प्राज्ञका प्रज्ञाहीन कृति | – दिनेशराज पन्त | ३६–४० |
| ६. | शुभराज्याभिषेकको अवसरमा प्रकाशित फ्याक्ट्स् अबाउट् नेपाल्मा रहेका अतथ्य कुरा | – दिनेशराज पन्त | ४०–४८ |
| ७. | श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको राज्याभिषेक | – नयराज पन्त | ४९–६२ |
| ८. | वृत्तशतकको राजाभिषेकप्रकरणको राजज्योतिषी लीलानाथ पाँडेले गरेको व्याख्या | – रामजी तेवारी | ६२–७१ |
| ९. | वृत्तशतकको राजाभिषेकप्रकरणको राजज्योतिषी लीलानाथ पाँडेले गरेको व्याख्याको अनुवाद | – देवीप्रसाद भण्डारी | ७१–८० |
| १०. | हाम्रो वक्तव्य | | ८१ |

# राजालाई अथर्ववेदोक्त आशीर्वाद[1]

—नयराज पन्त

आ त्वा गन् राष्ट्रं सह वर्चसोदिहि प्राङ विशां पतिरेकराट् त्वं वि राज ।
सर्वास्त्वा राजन् प्रदिशो ह्वयन्तूपसद्यो नमस्यो भवेह ॥१॥

आ । त्वा । गन् । राष्ट्रम्। सह। वर्चसा । उत् । इहि । प्राङ । विशाम् । पतिः। एकराट्। त्वम् । वि । राज। सर्वाः । त्वा । राजन् । प्रदिशः । ह्वयन्तु । उपसद्यः । नमस्यः । भव । इह ॥१॥

हे राजन् त्वा त्वां राष्ट्रम् आगन् आगमत् । त्वं वर्चसा तेजसा सह उदिहि उदयस्व । विशां प्रजानां प्राङ अग्रगः पतिः पालकः सन् एकराट् एकराजः मुख्यः राजा सन् वि राज विशेषेण दीप्यस्व । सर्वाः प्रदिशः दिशः त्वा त्वां ह्वयन्तु आह्वयन्तु स्वामित्वेन अनुजानन्तु । इह उपसद्यः प्राप्यः नमस्यः नमस्कार्यः च भव ।

आ त्वा गन् ।

गम्धातोः लुङि प्रथमपुरुषस्य एकवचने बहुलं छन्दस्यमाङ्योगेऽपि ६।४।७५ इति अडागमाभावे च्लि लुङि ३।१।४३ इति च्लिप्रत्यये गम् च्लि ति । मन्त्रे घसह्वरणशवृदहाद्वृच्कृगमिजनिभ्यो लेः २।४।८० इति च्लेः लुकि गम् ति । इतश्च ३।४।१०० इति इकारलोपे गम् त् । हल्ङ्याब्भ्यो दीर्घात् सुतिस्यपृक्तं हल् ६।१।६८ इति तकारलोपे गम् । मो नो धातोः ८।२।६४ इति नत्वे गन् । व्यवहिताश्च १।४।८२ इति आ त्वा गन् ।

उदिहि ।

उत्पूर्वस्य इण् गतौ इति धातोः लोटि मध्यमपुरुषस्य एकवचने उदिहि ।

एकराट् त्वम् ।

राज् दीप्तौ इति धातोः सत्सूद्विषद्रुहदुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३।२।६१ इति क्विपप्रत्यये सर्वापहारिलोपे राज् । एक सु राज् सु इति स्थिते पूर्वकालैकसर्वजरत्पुराणनवकेवलाः समानाधिकरणेन २।१।४९ इति तत्पुरुषसमासे प्रातिपदिकसंज्ञायां विभक्तिलुकि च एकराज् । व्रश्चभ्रस्जसृजमृजयजराजभ्राजच्छशां षः ८।२।३६ इति षत्वे एकराष् । झलां जशोऽन्ते ८।२।३९ इति जश्त्वे एकराड् । खरि च ८।४।५५ इति चर्त्वे एकराट् त्वम् ।

राजन् ! तिम्रो प्रबल भुजको आड यो राष्ट्र खोज्छ,
तेजस्वी ह्वौ, सकल जनता भक्ति गर्दै नुहुन्छ ।
एकच्छत्रे नरपति भई लोकलाई उज्यालो
देऊ, गाओस् जय जय भनी लोक सत्कीर्ति तिम्रो ॥१॥

२०३१।१०।२७।३

---

१. अथर्ववेदको तेस्रो काण्ड पहिलो अनुवाक चारौँ सूक्तको यो व्याख्या सायणभाष्य र अरू ग्रन्थको आधारमा तयार गरिएको छ । यहाँ मूलको भावलाई नेपाली पद्यमा उतार्ने चेष्टा गरिएको छ । हाम्रा यहाँका छापाखानामा स्वरका चिह्न दुर्लभ भएकाले स्वरविषयको विचार यहाँ गरिएको छैन ।

**त्वां विशो वृणतां राज्याय त्वामिमाः प्रदिशः पञ्च देवीः।**
**वर्ष्मन् राष्ट्रस्य ककुदि श्रयस्व ततो न उग्रो वि भजा वसूनि ।।२।।**

त्वाम् । विशः । वृणताम् । राज्याय । त्वाम् । इमाः । प्रदिशः । पञ्च । देवीः ।
वर्ष्मन् । राष्ट्रस्य । ककुदि । श्रयस्व । ततः । नः । उग्रः । वि । भज । वसूनि ।।२।।

हे राजन् त्वां विशः प्रजाः राज्याय वृणताम् भजन्ताम् । त्वाम् इमाः पञ्च पञ्चसङ्ख्याकाः देवीः देव्यः द्योतमानाः प्रदिशः दिशः पूर्वा दक्षिणा पश्चिमा उत्तरा तथा मूलस्थानं च राज्याय वृणताम् । राष्ट्रस्य वर्ष्मन् वर्ष्मणि शरीरे तत्र अपि ककुदि उन्नते स्थाने सिंहासने श्रयस्व आस्स्व । ततः उग्रः उद्गूर्णबलः सन् वसूनि धनानि नः अस्मभ्यं वि भज यथायोग्यं प्रयच्छ ।

वृणताम् ।

वृ़ञ् वरणे इति धातोः आत्मनेपदे लोटि प्रथमपुरुषस्य बहुवचने क्र्यादिभ्यः श्ना ३।१।८१ इति श्ना-प्रत्यये वॄ ना झ । प्वादीनां ह्रस्वः ७।३।८० इति ह्रस्वे वृ ना झ । आत्मनेपदेष्वनतः ७।१।५ इति अति वृ ना अत । टित आत्मनेपदानां टेरे ३।४।७९ इति एत्वे वृ ना अते । श्नाभ्यस्तयोरातः ६।४।११२ इति आकार-लोपे वृ न् अते । णत्वे वृणते । आमेतः ३।४।९० इति आमि वृणताम् ।

देवीः ।

देवी जस् । सुपां सुलुक्पूर्वसवर्णाच्छेयाडाड्यायाजालः ७।१।३९ इति पूर्वसवर्णदीर्घे देवीः।

वर्ष्मन् ।

वर्ष्मन् ङि । सुपां सुलुक्पूर्वसवर्णाच्छेयाडाड्यायाजालः ७।१।३९ इति ङेः लुकि वर्ष्मन् । नलोपः प्रातिपदिकान्तस्य ८।२।७ इति नलोपे प्राप्ते न ङिसम्बुद्ध्योः ८।२।८ इति निषेधे वर्ष्मन् ।

ककुदि ।

ककुद् इति प्रातिपदिकस्य सप्तम्याः एकवचने ककुदि । अग्निर्मूर्धा दिवः ककुत्पतिः पृथिव्या अयम्..। इति ऋग्वेदे ६ अष्टके ३ अध्याये ४० वर्गे १६ मन्त्रः। मूर्धा देवानां श्रेष्ठः दिवः द्युलोकस्य ककुत् उच्छ्रितः पृथिव्याः च पतिः अयम् अग्निः–इति सायणः। नीलवासा एककुण्डलो हलककुदि कृतसुभगसुन्दरभुजो भगवान्–इति श्रीमद्भागवते ५ स्कन्धे २५ अध्याये ७। हलस्य ककुदि पृष्ठे–इति तट्टीकायां श्रीधरस्वामी ।

वि भजा वसूनि ।

वि भज वसूनि । द्व्यचोऽतस्तिङः ६।३।१३५ इति संहितायां दीर्घे वि भजा वसूनि ।

**तिम्रो होओस् वरण जनताबाट राजत्वलाई,**
**यो होस् ज्यादै रुचिकर सबैतर्फका लोकलाई।**
**अग्लो सिंहासनबिच बसी हातमा दण्ड लेऊ,**
**हामीलाई उचित विधिले भोज्यवस्त्रादि देऊ ।।२।।**

२०३१।१०।२२।३

**अच्छ त्वा यन्तु हविनः सजाता अग्निर्दूतो अजिरः सं चरातै।**
**जायाः पुत्राः सुमनसो भवन्तु बहुं बलिं प्रति पश्यासा उग्रः ।।३।।**

अच्छ । त्वा । यन्तु । हविनः । सजाताः। अग्निः । दूतः । अजिरः । सम् । चरातै ।
जायाः । पुत्राः । सुमनसः । भवन्तु । बहुम् । बलिम् । प्रति । पश्यासै । उग्रः ।।३।।

हे राजन् हविनः आहूताः सजाताः समानजन्मानः त्वा त्वाम् अच्छ यन्तु अभिगच्छन्तु । अजिरः शीघ्रः त्वदीयः दूतः अग्निः अग्निः इव सं चरातै संचरतु । तव जायाः पुत्राः च सुमनसः सन्तुष्टचित्ताः भवन्तु । उग्रः उद्गूर्णबलः त्वं बहुं बलिं करं प्रति पश्यासै प्रतिमुखम् आगतं पश्य ।।३।।

अच्छ ।

अच्छ गत्यर्थवदेषु १।४।६९ अच्छशब्दोऽव्ययमभिशब्दस्यार्थे वर्तते–इति काशिका ।

यन्तु ।

इण् गतौ इति धातोः लोटि प्रथमपुरुषस्य बहुवचने इ झि । अन्तादेशे इ अन्ति । इणो यण् ६।४।८१ इति यणि य् अन्ति । एरुः ३।४।८६ इति उत्वे यन्तु ।

हविनः।

ह्वेञ्धातोः भावेऽनुपसर्गस्य ३।३।७५ इति अप्प्रत्यये सम्प्रसारणे च हु आ अ । सम्प्रसारणाच्च ६।१।१०८ इति पूर्वरूपे हु अ । सार्वधातुकार्धधातुकयोः ७।३।८४ इति गुणे हो अ । अवादेशे हवः। हवो हूतौ–इति अमरः ३।२।८ । हवप्रातिपदिकात् अत इनिठनौ ५।२।११५ इति मतुबर्थे इनिप्रत्यये प्रथमायाः बहुवचने हविनः।

अच्छ त्वा यन्तु हविनः सजाताः।

सामन्तस्य च तत्र दुष्टचरितं श्रुत्वा शिरः कम्पयन् बाहुं हस्तिकरोपमं स शनकैः स्पृष्ट्वाब्रवीद् गर्वितम् आहूतो यदि नैति विक्रमवशादेष्यत्यसौ मे वशम् (धनवज्रवज्राचार्येण सम्पादितस्य लिच्छविकालका अभिलेख इतिसंज्ञस्य ग्रन्थस्य १३ पृष्ठे)–इति मानदेवस्य दोलाद्रौ स्थितस्य स्तम्भाभिलेखस्य पद्यम् अत्र स्मरणीयम् ।

अग्निर्दूतः।

उपचारो हि नामात्यन्तं विशकलितयोः सादृश्यातिशयमहिम्ना भेदप्रतीतिस्थगनमात्रम् । यथा– अग्निमाणवकयोः–इति साहित्यदर्पणे २ परिच्छेदे ।

दूतो अजिरः ।

प्रकृत्यान्तःपादमव्यपरे ६।१।११५ इति प्रकृतिभावः ।

अजिरः।

अजिरः शीघ्रगन्तरि–इति वाचस्पत्यम् ।

सं चरातै ।

परस्मैपदिनः चर्धातोः आशिषि लिङ्लोटौ ३।३।१७३ इति आशिषि अर्थे लिङः प्राप्तिः। लिङर्थे लेट् ३।४।७ इति तस्मिन् अर्थे लेट् । व्यत्ययो बहुलम् ३।१।८५ सुप्तिङुपग्रहलिङ्गनराणां कालहलच्स्वर-कर्तृयङां च । व्यत्ययमिच्छन्ति शास्त्रकृदेषां सोऽपि च सिद्ध्यति बाहुलकेन ।। ... उपग्रहः = परस्मैपदात्मनेपदे । ब्रह्मचारिणमिच्छते । इच्छतीति प्राप्ते । प्रतीपमन्य ऊर्मिर्युध्यति । युध्यत इति प्राप्ते–इति सिद्धान्तकौमुदी । तथा एव अत्र परस्मैपदे प्राप्ते उपग्रहव्यत्ययेन आत्मनेपदम् । आत्मनेपदे प्रथमपुरुषस्य एकवचने शप्प्रत्यये चर् अ त । लेटोऽडाटौ ३।४।९४ इति आडागमे चर् अ आ त। सवर्णदीर्घे चर् आ त। एत्वे चर् आते । वैतोऽन्यत्र ३।४।९६ इति ऐत्वे चरातै ।

प्रति पश्यासै ।

परस्मैपदिनः दृश्धातोः आशिषि अर्थे लेट्। उपग्रहव्यत्ययेन आत्मनेपदम् । आत्मनेपदे मध्यमपुरुषस्य एकवचने शप्प्रत्यये दृश् अ थास् । पाघ्राध्मास्थाम्नादाण्दृश्यर्त्तिसर्त्तिशदसदां पिबजिघ्रधमतिष्ठमनयच्छपश्यर्च्छधौशीयसीदाः ७।३। ७८ इति पश्यादेशे पश्य अ थास् । पररूपे पश्य थास् । आडागमे दीर्घे च पश्या थास्। थासः से ३।४।८० इति से इति आदेशे पश्या से । वैतोऽन्यत्र ३।४।९६ इति ऐत्वे पश्यासै ।

तिम्रो बोलावट हुन गए आइहालून् कुलीन,
होऊन् तिम्रा अतिशय छिटा दूत आगोसमान।
तिम्रा रानी सुतहरु रहून् नित्य सन्तुष्टचित्त,
आओस् सिर्तो बहुत, नृपते ! ह्वौ तिमी खूप शक्त ।।३।।
२०३१।१०।२३।४

अश्विना त्वाग्रे मित्रावरुणोभा विश्वे देवा मरुतस्त्वा ह्वयन्तु ।
अधा मनो वसुदेयाय कृणुष्व ततो न उग्रो वि भजा वसूनि ।।४।।

अश्विना । त्वा । अग्रे । मित्रावरुणा । उभा । विश्वे । देवा:। मरुत:। त्वा । ह्वयन्तु । अध । मन: । वसुदेयाय । कृणुष्व । तत: । न: । उग्र: । वि । भज । वसूनि ।।४।।

हे राजन् त्वा त्वाम् अग्रे प्रथमम् अश्विना अश्विनौ देवौ उभा उभौ मित्रावरुणा मित्रावरुणौ च तथा विश्वे देवा: मरुत: च ह्वयन्तु आह्वयन्तु । अध अथ वसुदेयाय धनप्रदानाय मन: कृणुष्व कुरु । तत: उग्र: उद्गूर्णबल: सन् वसूनि धनानि न: अस्मभ्यं वि भज यथायोग्यं प्रयच्छ ।

अश्विना ।

अश्विन् औ । सुपां सुलुक्पूर्वसवर्णाच्छेयाडाड्यायाजाल: ७।१।३९ इति आ इति आदेशे अश्विना ।

मित्रावरुणा ।

मित्र: च वरुण: च इति द्वन्द्वसमासे देवताद्वन्द्वे च ६।३।२६ इति पूर्वपदस्य आनङादेशे मित्रावरुण औ । सुपां सुलुक्पूर्वसवर्णाच्छेयाडाड्यायाजाल: ७।१।३९ इति आ इति आदेशे मित्रावरुणा ।

उभा ।

उभ औ । सुपां सुलुक्पूर्वसवर्णाच्छेयाडाड्यायाजाल: ७।१।३९ इति आ इति आदेशे उभा ।

अधा मन:।

अध मन: । निपातस्य च ६।३।१३६ इति संहितायां दीर्घे अधा मन: ।

वसुदेयाय ।

दाधातो: कृत्यल्युटो बहुलम् ३।३।११३ इति भावे अचो यत् ३।१।९७ इति यत्प्रत्यये दा य । ईद् यति ६।४।६५ इति ईत्त्वे दी य । सार्वधातुकार्धधातुकयो: ७।३।८४ इति गुणे देय । वसुन: धनस्य दानं वसुदेयम् ।

कृणुष्व ।

परस्मैपदिन: कृविधातो: इकारस्य इत्त्वात् इदितो नुम् धातो: ७।१।५८ इति नुमागमे कृन् व् । णत्वे कृण् व् । व्यत्ययो बहुलम् ३।१।८५ इति उपग्रहव्यत्ययेन आत्मनेपदे लोटि मध्यमपुरुषस्य एकवचने कृण् व् थास् । धिन्विकृण्व्योर च ३।१।८० इति शप: अपवादे उप्रत्यये अकारे अन्तादेशे च कृण् अ उ थास् । अतो लोप: ६।४।४८ इति अकारस्य लोपे कृण् उ थास् । थास: से ३।४।८० इति से इति आदेशे कृणुसे । षत्वे कृणुषे । सवाभ्यां वामौ ३।४।९१ इति वकारादेशे कृणुष्व ।

विश्वे देवा:, वरुण, मरुत:, मित्र औ अश्वियुग्म
द्यौता डाकून् नरवर ! तिमीलाइ यो राज्य गर्न ।
बाँडी खाने मन गर तिमी, हातमा दण्ड लेऊ,
हामीलाई उचित विधिले भोज्यवस्त्रादि देऊ ।।४।।
२०३११०।२४।५

**आ प्र द्रव परमस्याः परावतः शिवे ते द्यावापृथिवी उभे स्ताम् ।**
**तदयं राजा वरुणस्तथाह स त्वायमह्वत् स उपेदमेहि ।।५।।**

आ । प्र । द्रव । परमस्याः। परावतः। शिवे । ते । द्यावापृथिवी । उभे । स्ताम् । तत्। अयम् । राजा । वरुणः। तथा । आह । सः। त्वा । अयम् । अह्वत् । सः। उप। इदम् । आ । इहि ।।५।।

हे राजन् परमस्याः अत्यन्तं परावतः दूरदेशात् आ प्र द्रव शीघ्रम् आगच्छ । ते तव उभे द्यावापृथिवी द्यावापृथिव्यौ शिवे मङ्गलकारिण्यौ स्ताम् भवताम् । तत् अयं वरुणः राजा तथा आह ब्रूते सः अयं वरुणः त्वा त्वाम् अह्वत् आह्वयति । सः त्वम् इदम् उपैहि उपागच्छ ।

परमस्याः।

परमा ङसि । सर्वनामसंज्ञायाः अभावे अपि व्यत्ययो बहुलम् ३।१।८५ ..बहुलग्रहणं सर्वविधिव्यभिचारार्थम्-इति काशिका । इति व्यत्ययेन सर्वनामसंज्ञा । सर्वनाम्नः स्याड्ढ्रस्वश्च ७।३।११४ इति स्याडागमे ह्रस्वे च परमस्याः।

परावतः।

परावत्प्रातिपदिकस्य पञ्चम्याः एकवचने परावतः। सुदेवो अद्य प्रपतेदनावृत् परावतं परमां गन्तवा उ ...-इति ऋग्वेदे ८ अष्टके ५ अध्याये ३ वर्गे १४ मन्त्रः।... सुदेवः त्वया सह सुक्रीडः पतिः अद्य प्रपतेत् अत्रैव प्रपततु । अथवा अनावृत् अनावृत्तः सन् परमां परावतं दूरादपि दूरदेशं गन्तवै गन्तुं महाप्रस्थानगमनं कुर्यात्-इति सायणः।

द्यावापृथिवी ।

द्यौः च पृथिवी च इति द्वन्द्वसमासे दिवसश्च पृथिव्याम् ६।३।३० इति दिव्स्थाने द्यावा इति आदेशे द्यावापृथिवी । द्यावापृथिवी औ । सुपां सुलुक्पूर्वसवर्णाच्छेयाडाड्यायाजालः ७।१।३९ इति औ इति एतस्य लुकि द्यावापृथिवी ।

द्यावापृथिवी उभे ।

ईदूदेद्द्विवचनं प्रगृह्यम् १।१।११ इति प्रगृह्यसंज्ञायां प्लुतप्रगृह्या अचि नित्यम् ६।१।१२५ इति प्रकृतिभावः।

अह्वत् ।

ह्वेञ्धातोः परस्मैपदे लुङि प्रथमपुरुषस्य एकवचने अडागमे च्लिप्रत्यये अ ह्वा च्लि ति । लिपिसिचिह्वश्च ३।१।५३ इति च्लिस्थाने अङादेशे अ ह्वा अ ति । आतो लोप इटि च ६।४।६४ इति आकारलोपे अ ह्व् अ ति । इतश्च ३।४।१०० इति इकारलोपे अह्वत् । छन्दसि लुङ्लङ्लिटः ३।४।६ इति वर्तमाने लुङ ।

**टाढा छौ तापनि अब यहाँ फट्ट नै आइहाल,**
**द्याबाभूमी शुभ गरिदिऊन् भूप ! तिम्रो बहाल ।**
**तिम्रो राम्रो वरुण अहिल्यै देवलोकाधिपाल**
**बोल्छन्, डाक्छन् हितकर भई, राज्य फट्टै सह्माल ।।५।।**

२०३१।१०।२५।६

**इन्द्रेन्द्र मनुष्याः परेहि सं ह्यज्ञास्था वरुणैः संविदानः ।**
**स त्वायमह्वत् स्वे सधस्थे स देवान् यक्षत् स उ कल्पयाद् विशः ।।६।।**

इन्द्र । इन्द्र । मनुष्याः । परा । इहि । सम् । हि । अज्ञास्थाः । वरुणैः । । संविदानः । सः । त्वा । अयम् । अह्वत् । स्वे । सधस्थे । सः। देवान् । यक्षत् । सः । उ । कल्पयात् । विशः ।।६।।

इन्द्रेन्द्र हे इन्द्र मनुष्याः मनुष्यान् परेहि आगच्छ । हि यस्मात् कारणात् वरुणैः वरुणेन संविदानः ऐकमत्यं प्राप्तः सम् अज्ञास्थाः ज्ञातवान् असि । सः अयम् इन्द्रः त्वा त्वाम् अह्वत् आह्वयति । स्वे: स्वकीये सधस्थे सहस्थाने स्वराष्ट्रे सः राजा देवान् यक्षत् यजतु । सः उ सः एव राजा विशः प्रजाः कल्पयात् स्वस्वव्यापारेषु कल्पयतु नियुङ्क्ताम् ।

इन्द्रेन्द्र ।

वाक्यादेरामन्त्रितस्यासूयासंमतिकोपकुत्सनभर्त्सनेषु ८।१।८ इति संमतौ इन्द्रशब्दस्य द्वित्वे इन्द्रेन्द्र ।

**मनुष्याः परेहि ।**

व्यत्ययो बहुलम् ३।१।८५ ... धुरि दक्षिणायाः। दक्षिणस्यामिति प्राप्ते–इति सिद्धान्तकौमुदी । तथा एव अत्र मनुष्यान् परेहि इति प्राप्ते सुपां व्यत्ययेन मनुष्याः परेहि ।

**सं हि अज्ञास्थाः ।**

संप्रतिभ्यामनाध्याने १।३।४६ इति सम्पूर्वात् ज्ञाधातोः आत्मनेपदम् । व्यवहिताश्च १।४।८२ इति सं हि अज्ञास्थाः।

वरुणैः।

वरुणेन इति प्राप्ते व्यत्ययो बहुलम् ३।१।८५ इति सुपां व्यत्ययेन वरुणैः ।

**संविदानः।**

समो गम्यृच्छिप्रच्छिस्वरत्यर्तिश्रुविदिभ्यः १।३।२९ इति सम्पूर्वाद् विद्धातोः आत्मनेपदे शानजादेशे संविदानः ।

सधस्थे ।

सध मादस्थयोश्छन्दसि ६।३।९६ इति सहस्थाने सधादेशः।

यक्षत् ।

यज्धातोः परस्मैपदे आशिषि अर्थे लेटि प्रथमपुरुषस्य एकवचने सिब् बहुलं लेटि ३।१।३४ इति सिप्प्रत्यये यज् स् ति । लेटोऽडाटौ ३।४।९४ इति अडागमे यज् स् अ ति । व्रश्चभ्रस्जसृजमृजयजराजभ्राजच्छशां षः ८।२।३६ इति षत्वे यष् स् अ ति । षढोः कः सि ८।२।४१ इति ककारादेशे यक् स् अ ति । षत्वे यक् ष् अ ति = यक्षति। इतश्च लोपः परस्मैपदेषु ३।४।९७ इति इकारलोपे यक्षत् ।

कल्पयात् ।

कृपू सामर्थ्ये इति धातोः णिचि पुगन्तलघूपधस्य च ७।३।८६ इति गुणे कर्पि । कृपो रो लः ८।२।१८ इति लकारादेशे कल्पि । कल्पिधातोः परस्मैपदे आशिषि अर्थे लेटि प्रथमपुरुषस्य एकवचने शपि गुणे अयादेशे कल्पयति । आडागमे कल्पयाति । इकारलोपे कल्पयात् ।

**आऊ हाम्री मनुजहरुको लोकमा देवराज !**
**राम्रो बुझ्छौ, वरुणसँगमा मिल्छ तिम्रो मिजास ।**
**राजन् ! डाक्छन् सुरपति, तिमी राज्यशोभा बढाऊ,**
**द्यौता मान्दै यजनविधिले लोकलाई सधाऊ ।।६।।**

२०३१।१०।२६।७

पथ्या रेवतीर्बहुधा विरूपाः सर्वाः सङ्गत्य वरीयस्ते अक्रन् ।
तास्त्वा सर्वाः संविदाना ह्वयन्तु दशमीमुग्रः सुमना वशेह ॥७॥

पथ्याः । रेवतीः । बहुधा । विरूपाः । सर्वाः । संगत्य । वरीयः । ते । अक्रन् । ताः । त्वा । सर्वाः । संविदानाः । ह्वयन्तु । दशमीम् । उग्रः । सुमनाः । वश । इह ॥७॥

हे राजन् बहुधा विरूपाः विविधाकाराः पथ्याः मार्गहितकारिण्यः रेवतीः आपः ताः सर्वाः संगत्य ते तव वरीयः शुभम् अक्रन् कुर्वन्तु । ताः सर्वाः संविदानाः ऐकमत्यं प्राप्ताः सत्यः त्वा त्वां ह्वयन्तु आह्वयन्तु । इह उग्रः उद्‌गूर्णबलः त्वं सुमनाः सन्तुष्टचित्तः सन् दशमीं चरमावस्थां वश इच्छ ।

रेवतीः।

रेवती जस् । सुपां सुलुक्पूर्वसवर्णाच्छेयाडाड्यायाजालः ७।१।३९ इति पूर्वसवर्णदीर्घे रेवतीः ।

ते अक्रन् ।

प्रकृत्यान्तःपादमव्यपरे ६।१।११५ इति प्रकृतिभावः ।

अक्रन् ।

कृधातोः परस्मैपदे लुङि प्रथमपुरुषस्य बहुवचने अडागमे च्लिप्रत्यये अ कृ च्लि झि । मन्त्रे घसह्वरणशवृदहाद्‌वृच्कृगमिजनिभ्यो लेः २।४।८० इति च्लेः लुकि अ कृ झि । अन्तादेशे अ कृ अन्ति । यणि अक्रन्ति । इतश्च ३।४।१०० इति इकारलोपे अक्रन्त् । संयोगान्तस्य लोपे अक्रन् । छन्दसि लुङ्लङ्लिटः ३।४।६ इति लोडर्थे लुङ ।

दशमीम् ।

दशमीम् नवतिसंवत्सरोर्ध्वभाविनीं वर्षदशकात्मिकां चरमावस्थाम् -इति सायणः। अविरलमधुबिन्दुपिङ्गलपद्मजालकितां सरसीमिवाभ्यवगाढां दशां चतुर्थीमुत्सृजन्तमनवरतमवतंसशङ्खैरामन्द्रकर्णजालदुन्दुभिध्वनिभिः पञ्चमीप्रवेशमङ्गलारम्भमिव सूचयन्तं... ... ... दर्पशातमपश्यत् -इति हर्षचरिते २ उच्छ्वासे । चतुर्थी दशा = त्रिंशच्चत्वारिंशद्‌वर्षान्तरालं वयः । पञ्चमी दशा = चत्वारिंशत्पञ्चाशद्‌वर्षान्तरालं वयः। (अयम् अर्थः पाण्डुरङ्गवामनकणेपण्डितस्य हर्षचरितव्याख्यायां १२९ पृष्ठे अग्रवालोपनाम्नः वासुदेवशरणस्य हर्षचरितव्याख्यायां ४१ पृष्ठे वर्तते ।)

वश ।

विश्वेश्वरानन्द–वैदिक–शोध–संस्थानेन प्रकाशितस्य अथर्ववेदस्य (१ भागे २९१ पृष्ठे) मूले वश इति रूपं वर्तते । तत्र एव टिप्पण्यां पाठान्तरत्वेन वस इति रूपं च वर्तते । तत्रैव सायणभाष्ये वस निवस । जरापर्यन्तं स्वकीयं राज्यं निष्कण्टकं भुङ्क्ष्वेत्यर्थः इति लिखितं वर्तते । माधवीयधातुवृत्तौ भ्वादौ वस निवासे । वसति (९८५)। अदादौ–वस आच्छादने । वस्ते (१३)। चुरादौ–वस स्नेहनच्छेदापहरणेषु । वासयति (२०९)। चुरादौ एव–वस निवासे । वसयति (३९६)। अदादौ–वश कान्तौ । वष्टि (७०) इति धातवः दृश्यन्ते । अतः लोटः मध्यमपुरुषस्य एकवचने वश इति रूप न सिद्ध्यति । व्यत्ययो बहुलम् ३।१।८५ यथायथं विकरणाः शबादयो विहितास्तेषां छन्दसि विषये बहुलं व्यत्ययो भवति । .. आण्डा शुष्मस्य भेदति । भिनत्तीति प्राप्ते । स च न मरति । न म्रियत इति प्राप्ते–इति काशिका । वश कान्तौ इति अदादौ पठितस्य वश्धातोः लोटि मध्यमपुरुषस्य एकवचने उड्ढि इति रूपं भवति । तत्र विकरणव्यत्ययेन शपः अलुकि लोटि मध्यमपुरुषस्य एकवचने वश इति रूपं सम्भवति । तस्य अर्थः च इच्छ इति ।

दशमीं वश इति एतस्य अर्थः शतवर्षात्मकम् आयुः इच्छ इति सम्भवति । अयम् अर्थः विद्वद्भिः परीक्ष्यः।

साना ठूला सब नद नदी स्वागतार्थ प्रवृत्त
होऊन्,राम्रोसित हिँडिदिऊन् आज तिम्रो निमित्त।
राजन्! होऊ प्रमुदितमना, हातमा दण्ड लेऊ,
धेरै लामो समयतक यो राज्यलाई चलाऊ ॥७॥

२०३१।१०।३०।४

# पुष्यरथ

—महेशराज पन्त

कौटलीय अर्थशास्त्रमा रथाध्यक्षप्रकरणमा ६ थरी रथको उल्लेख गरिएको छ। त्यहाँ पुष्यरथ भन्ने रथको पनि उल्लेख परेको छ–

देवरथपुष्यरथसाङ्ग्रामिकपारियाणिकपरपुराभियानिकवैनयिकांश्च रथान् कारयेत्।

(कौटलीय अर्थशास्त्र २।३३।५)

[रथाध्यक्ष (रथविभागका हाकिम) ले देवरथ, पुष्यरथ, साङ्ग्रामिकरथ, पारियाणिकरथ, परपुराभियानिकरथ र वैनयिकरथ बनाउन लाउनू।]

कौटल्यको यस वाक्यबाट कस्तो प्रकारको रथ पुष्यरथ कहिन्थ्यो भन्ने नबुझिएकोले ग्रन्थान्तरबाट पुष्यरथको अर्थ निधो गर्नुपरेको छ।

सबभन्दा पहिले संस्कृतभाषाको प्रसिद्ध कोश अमरकोशबाट पुष्यरथको अर्थ निधो गर्ने उद्योग गरौँ।

याने चक्रिणि युद्धार्थे शताङ्गः स्यन्दनो रथः। असौ पुष्यरथश्चक्रयानं न समराय यत्॥

(अमरकोश २।८।५१)

[लडाइँको निमित्त बनेको रथ शताङ्ग, स्यन्दन, रथ कहिन्छ। लडाइँमा काम नलिइने रथचाहिँ पुष्यरथ कहिन्छ।]

यताबाट पुष्यरथ शब्दले लडाइँमा बाहेक अन्यत्र काम लिइने रथलाई बुझाउँछ भन्ने देखिन्छ।

कौटल्यले दिएका रथका ६ भेदमा साङ्ग्रामिकरथको पनि उल्लेख परेको छ। लडाइँमा काम दिन सक्ने भन्ने अर्थमा लडाइँलाई बुझाउने सङ्ग्राम शब्ददेखि ठञ् प्रत्यय भई साङ्ग्रामिक[1] शब्द बनेकोले साङ्ग्रामिकरथ शब्दले लडाइँको लागिको रथलाई कौटल्यले बुझाएको देखिन्छ।

---

१. तस्मै प्रभवति सन्तापादिभ्यः ५।१।१०१

तस्मा इति चतुर्थीसमर्थेभ्यः सन्तापादिभ्यः प्रभवतीत्यस्मिन् विषये ठञ् प्रत्ययो भवति। समर्थः शक्तः प्रभवतीत्युच्यते। अलमर्थे चतुर्थी। सन्तापाय प्रभवति, सान्तापिकः। सान्नाहिकः। सन्ताप। सन्नाह। सङ्ग्राम।...

(काशिका)

[चतुर्थीसमर्थ सन्ताप आदि प्रातिपदिकदेखि त्यसलाई समर्थ हुन्छ भन्ने अर्थमा ठञ् प्रत्यय हुन्छ। सान्तापिकः। सान्नाहिकः। साङ्ग्रामिकः।]

यौवराज्याभिषेक गरी रामलाई दशरथले अधिकार दिने विचार गरी अभिषेकको प्रबन्ध भइरहेको थियो । सौतेनी आमाको पेचले गर्दा अभिषेक हुने दिन रामले अभिषेक पाउनुको सट्टा वनवास जाने आज्ञा पाए । यसपछि सबैसँग बिदाबारी भई उनी आफ्नो घर फर्के । फर्केर आएका रामको अँध्यारो मुख र उनको साथमा अभिषेकोचित राजचिह्न नदेखेर सीताले शङ्का मानी सोधपुछ गरेको कुरा वाल्मीकीय रामायणमा परेको छ । सीताको मुखबाट निकालिएका ती वाक्यमा अरू राजचिह्नको साथै पुष्यरथको पनि उल्लेख परेको छ । विचारार्थ सो अंश यहाँ उद्धृत गरिन्छ ।

अद्य बार्हस्पत: श्रीमान् युक्त: पुष्यो नु राघव । प्रोच्यते ब्राह्मणै: प्राज्ञै: केन त्वमसि दुर्मना: ।। ८ ।।
न ते शतशलाकेन जलफेननिभेन च । आवृतं वदनं वल्गु छत्रेणाभिविराजते ।। ९ ।।
व्यजनाभ्यां च मुख्याभ्यां शतपत्रनिभेक्षणम् । चन्द्रहंसप्रकाशाभ्यां वीज्यते न तवाननम् ।।१०।।
वाग्मिनो[2] बन्दिनश्चापि प्रहृष्टास्त्वां नरर्षभ । स्तुवन्तो नाद्य दृश्यन्ते मङ्गलै: सूतमागधा: ।।११।।
न ते क्षौद्रं च दधि च ब्राह्मणा वेदपारगा: । मूर्ध्नि मूर्धाभिषिक्तस्य दधति स्म विधानत: ।।१२।।
न त्वां प्रकृतय: सर्वा: श्रेणीमुख्याश्च भूषिता: । अनुव्रजितुमिच्छन्ति पौरजानपदास्तथा ।।१३।।
चतुर्भिर्वेगसम्पन्नैर्हयै: काञ्चनभूषणै: । मुख्य: पुष्यरथो युक्त: किं न गच्छति तेऽग्रत: ।।१४।।
न हस्ती चाग्रत: श्रीमांस्तव लक्षणपूजित: । प्रयाणे लक्ष्यते वीर कृष्णमेघगिरिप्रभ: ।।१५।।
न च काञ्चनचित्रं ते पश्यामि प्रियदर्शन । भद्रासनं पुरस्कृत्य यान्तं वीर पुर:सरम् ।।१६।।
अभिषेको यदा सज्ज: किमिदानीमिदं तव । अपूर्वो मुखवर्णश्च न प्रहर्षश्च दृश्यते ।।१७।।

[परशुराम वैद्यद्वारा सम्पादित, बरोदाको अरिएन्टल् इन्स्टिट्युट् (प्राच्यविद्यापरिषद्)द्वारा प्रकाशित वाल्मीकीय रामायण अयोध्याकाण्डको २३ सर्ग, १५१–१५२ पृष्ठ]

[हे राम ! आज बृहस्पतिको नक्षत्र पुष्यमा चन्द्रमा छन् भनी विद्वान् ब्राह्मणहरू भन्छन् । हजुर किन यस्तो दिकदार देखिनुभएको? ।।८।। पानीको फीँज जस्तो सेतो, धेरै डण्डी भएको छाताले हजुरको सुन्दर माथ ढाकेको छैन ।।९।। चन्द्रमा र हाँस जस्ता चहकिला दुइटा मुख्य चँवरले कमल जस्तो नजर भएको हजुरको मुहार हम्किएको पनि छैन ।।१०।। हे नरश्रेष्ठ ! प्रसन्न भएका बोलक्कड भाटहरूले हजुरको स्तुति गरिरहेको र सूत र मागधहरूले पनि मङ्गल पढिरहेको आज देखिँदैन ।।११।। वेदमा पारङ्गत भएका ब्राह्मणहरूले हजुरको माथमा मह र घिउले विधिपूर्वक अभिषेक गरेका पनि छैनन् ।।१२।। सबै प्रकृति (मन्त्री आदि), श्रेणीमुख्य (व्यापारी कालीगड आदिको जमातका नाइके), पौर (सहरियाहरूका नाइके), जानपद (राष्ट्रवासीहरूका नाइके) कसिकसाउ भएर हजुरको पछिपछि हिँड्न खोज्दैनन् ।।१३।। सुनको गहना लाएका, बेगिला, चारवटा घोडा जोतिएको मुख्य पुष्यरथ हजुरको अघिअघि किन नहिँडेको ?।।१४।। कालो बादल जस्तो, पहाड जस्तो ठूलो, निखुरी, राम्रो हात्ती हजुरको यात्रामा अघिअघि हिँडेको देखिँदैन ।।१५।। राम्रो हेराइ भएका हे वीर ! सुनले सिँगारिएको भद्रासन अघि लाएर हिँड्ने हजुरको आठपहरियालाई पनि म देख्तिनँ ।।१६।। भरखरै अभिषेक भएको बेला हजुरलाई यो के भएको हो । हजुरको मुखको वर्ण यस्तो कहिल्यै देखिएको थिएन । हजुरलाई खुशी लागेको पनि देखिँदैन ।।१७।।]

[वासुदेव भट्टराईको नेपाली भाषामा श्रीमद्वाल्मीकीय रामायण (द्वितीय संस्करण)को १९८ पृष्ठमा छापिएको अनुवादमा धेरै ठाउँमा संशोधन गरी माथिको अनुवाद तयार पारिएको छ ।]

यसरी वाल्मीकीय रामायणमा रामको यौवराज्याभिषेकको प्रसङ्गमा छाता, चमर, हात्ती, भद्रासनसँगै पुष्यरथको पनि उल्लेख आएकोले अभिषेकको समयमा चढ्ने रथ पुष्यरथ कहिन्थ्यो भन्ने देखिन्छ ।

भासको प्रतिमानाटकमा रामको यौवराज्याभिषेकको लागि तयार पारिएका सामग्रीहरूमा पुष्यरथको पनि उल्लेख परेको छ । विचारार्थ प्रतिमानाटकबाट सो अंश यहाँ उद्धृत गरिन्छ ।

---

२. मुद्रित पाठ– बाग्मिनो ।

प्रतिहारी– अय्य महाराओ देवासुरसङ्गामेसु अप्पडिहृदमहारहो दसरहो आणवेदि-सिग्घं भट्टिदारअस्स रामस्स रज्जप्पहावसञ्जोअकारआ अहिसेअसम्भारा आणीअन्तु त्ति ।

[आर्य महाराजो देवासुरसङ्ग्रामेष्वप्रतिहतमहारथो दशरथ आज्ञापयति । शीघ्रं भर्तृदारकस्य रामस्य राज्यप्रभावसंयोगकारका अभिषेकसम्भारा आनीयन्तामिति ।]

काञ्चुकीयः– भवति यद् यदाज्ञप्तं महाराजेन तत् सर्वमुपस्थापितम् । पश्य ।

छत्रं सव्यजनं सनन्दिपटहं भद्रासनं कल्पितं न्यस्ता हेममयाः सदर्भकुसुमास्तीर्थाम्बुपूर्णा घटाः ।
युक्तः पुष्यरथश्च मन्त्रिसहिताः पौराः समभ्यागताः सर्वस्यास्य हि मङ्गलं स भगवान् वेद्यां वसिष्ठः स्थितः॥३॥

(प्रतिमा १ अङ्क)

[द्वारे– बाजे ! देवता र दैत्यको लडाइँमा पनि अघि सर्ने महाराज दशरथबाट राजकुमार रामको राज्यमा प्रभाव बढाउने अभिषेकको लागि चाहिने जति सामग्री छिटै ल्याउनू भनी हुकूम भएको छ ।

कञ्चुकी– द्वारे आमा ! महाराजबाट जे जे हुकूम भएथ्यो, त्यो सबै तयार भइसक्यो । हेर्नोस् त– चमर, छाता, मङ्गलकार्यमा बजाउने नगरा र भद्रासन पनि तयार छ । कुश, फूल र तीर्थका जल भरिएका सुनका कलश पनि राखिएका छन् । पुष्यरथ पनि तयार छ । मन्त्रीजीहरू र पौर (सहरियाहरूका नाइके)हरू पनि आइसक्नुभयो । यी सबै कुरालाई मङ्गल गराइदिने पुरोहित वसिष्ठजी वेदीमा बसिसक्नुभयो ॥३॥]

(लुषभेश पौडेलको प्रतिमा नाटकको नेपाली अनुवादको २ पृष्ठमा छापिएको अनुवादमा धेरै ठाउँमा संशोधन गरी माथिको अनुवाद तयार पारिएको छ ।)

यसरी प्रतिमानाटकमा अभिषेकमा चाहिने छाता, चमर, भद्रासन, तीर्थका जल हालिएका सुनका कलश र पुरोहितको सँगै पुष्यरथको पनि उल्लेख परेकोले अभिषेकमा चढ्ने रथ पुष्यरथ हो भन्ने वाल्मीकीय रामायणको कुरालाई प्रतिमानाटकबाट पनि पुष्टि मिलेको छ ।

भट्टस्वामीले लेखेको कौटलीय अर्थशास्त्रको टीका प्रतिपदपञ्चिकाको दोस्रो अधिकरणको आठौँ अध्यायको पाँचौँ सूत्रदेखि दोस्रो अधिकरणको समाप्तिसम्मको भाग पाइएको छ । सो टीकामा कौटल्यको माथिको सूत्रको व्याख्या यसरी गरिएको छ–

तद्भेदेमेव तावदाह देवरथेत्यादि । देवरथो यात्रादौ देवतासञ्चारार्थं ,पुष्यरथोऽभिषेकदिवसमङ्गलादावारोहणार्थं , साङ्ग्रामिको युद्धार्थः, पारियाणिकोऽध्वगमनार्थः, परपुराभियानिकः शत्रुदुर्गादिनियोगार्थः, वैनयिकोऽभ्यासार्थः , इत्येव षड् रथान् कारयेत् ।

[जर्नल् अफ् बिहार् यान्ड् ओरिसा रिसर्च् ससाइइटि (बिहार र उडिसासम्बन्धी अन्वेषण-समितिको पत्रिका)को बाह्रौँ भागमा काशीप्रसाद जायस्वाल र अनन्तप्रसाद बन्द्योपाध्यायद्वारा सम्पादित भट्टस्वामीको टीकाबाट । सो टीकाको १८७ पृष्ठ)

[अब रथका भेद बताइन्छन् । देवरथ भनेको जात्रामात्रामा देवतालाई चढाई घुमाउने रथ हो । पुष्यरथ भनेको अभिषेकको दिन मङ्गल आदि कार्यमा चढ्ने रथ हो । साङ्ग्रामिकरथ भनेको लडाइँको लागिको रथ हो । पारियाणिकरथ भनेको बाटो हिँड्न बनाइएको रथ हो । परपुराभियानिकरथ भनेको शत्रुका किल्ला आदिमा हमला गर्दा चढ्ने रथ हो । वैनयिकरथ भनेको कवाज खेल्दा चढ्ने रथ हो ।]

भट्टस्वामीको यस वाक्यबाट पुष्यरथको अर्थ राज्याभिषेकको दिन मङ्गलकार्यमा चढ्ने रथ भन्ने बुझिन्छ । यताबाट भट्टस्वामीको यो अर्थ वाल्मीकीय रामायण र प्रतिमानाटकको पुष्यरथको अर्थसँग मिल्न आएको छ ।

मल्लकालमा लेखिएका ठ्यासफुहरूमा राता मछिन्द्रको रथलाई देवरथ[3] भनी लेखिएकोले देवरथो यात्रादौ देवतासञ्चारार्थम् (देवरथ भनेको जात्रामात्रामा देवतालाई चढाई घुमाउने रथ हो) भनी भट्टस्वामीले लेखेको कुरा पछिसम्म व्यवहारमा आएको देखिन्छ ।

राज्याभिषेकमा चढिने रथले पुष्यरथ भन्ने नाउँ किन पायो भन्ने विषयमा पनि अब विचार गरिहालौं ।

राज्याभिषेकको लागि शास्त्रले उत्तम ठहराएका नक्षत्रमा पुष्य नक्षत्र पनि पर्छ[4] । रामको यौवराज्या-

---

३. सं ८०१ वैशाखशुक्लपादु भरुणीनक्षत्र शनिश्चरवार थ्व कुन्हु बुगं सारेयात देवरथस थङा दिन ।।

[शङ्करमान राजवंशीद्वारा सम्पादित ऐतिहासिक–घटनावलीको ११ पृष्ठ, डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास)को तेस्रो भागको दोस्रो खण्डको ७२ पृष्ठ ।]

[ने०सं० ८०१ (वि०सं० १७३८) वैशाखशुक्लप्रतिपद् भरणीनक्षत्र शनैश्चरबार । यो दिन बुग (राता मछिन्द्र)लाई तान्न देवरथमा राखियो ।]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ८०१ (बि. सं. १७३८) वैशाखशुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|
| वैशाख | १२ | शनि | प्रतिपद् | २२ | ४१ | भरणी | ३४ | ३८ |

सं ८११ वैशाखशुक्लः ।। द्वादशी हस्तनक्षत्र बुधवार ।। थ्व कुन्हु अलया बुगदेव गारबाहारस भेतबुतर, देवखतन कोकायाव, रथ पियाओ, हनों रथ चिङाओ देवपुत तयाओ देवरथस थङाओ यात ङायकर ।।

(मेडिईभल् नेपाल्को तेस्रो भागको दोस्रो खण्डको ३५ पृष्ठ)

[ने.सं. ८११ (वि.सं. १७४८) वैशाखशुक्लद्वादशी हस्तनक्षत्र बुधवार । यो दिन पाटनका बुग-देवको रथ गावहालमा भाँचियो । देवखत (देवताको खट) बाट झिकेर रथ भत्काएर फेरि रथ बनाएर देवतालाई शुद्ध गरेर देवरथमा राखेर जात्रा गरियो ।]

यस दिनको गणना यस प्रकारको छ–

ने.सं. ८११(वि. सं. १७४८) वैशाखशुक्ल

| | गते | बार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|
| वैशाख | ३२ | बुध | द्वादशी | २३ | ९ | हस्त | २० | ४९ |

(यी दुवै गणना दिनेशराज पन्तले गरिदिएका हुन् ।)

४. सामविधानब्राह्मणेऽपि,

राजानभिषेचयेत् तिष्येन श्रवणेन वा ।

(विष्णुप्रसाद भण्डारीद्वारा सम्पादित बीरमित्रोदय राजनीतिप्रकाशको ५८ पृष्ठ)

[पुष्य वा श्रवणनक्षत्रमा राजाभिषेक गर्नू भनी सामविधानब्राह्मणमा लेखिएको छ ।]

राजाभिषेकः शुभः ... ... ... ... ...।।१।। शाक्रश्रवःक्षिप्रमृदुध्रुवोडुभिः... ... ... ।।२।।

(मुहूर्तचिन्तामणि राजाभिषेकप्रकरण)

शाक्रं ज्येष्ठा श्रवः श्रवणः क्षिप्राणि आश्विनीपुष्यहस्ताः मृदूनि मृगचित्रानुराधारेवत्यः ध्रुवाणि रोहिण्युत्तरात्रयं च एतैः उडुभिः सद्भिः राजाभिषेकः शुभः ।

(मुहूर्तचिन्तामणि पीयूषधाराटीका)

[ज्येष्ठा, श्रवण, क्षिप्र (अश्विनी, पुष्य, हस्त), मृदु (मृगशिरा, चित्रा, अनुराधा, रेवती), ध्रुव ( रोहिणी, उत्तरफाल्गुनी, उत्तराषाढा, उत्तरभाद्र ) नक्षत्रमा राजाभिषेक गर्नु बढिया छ ।)

भिषेक पुष्यनक्षत्रमा गर्ने निर्णय भएको थियो भन्ने कुरा वाल्मीकीय रामायणबाट थाहा पाइन्छ[5]। पुष्यनक्षत्रमा राजाहरूको एक प्रकारको अभिषेक हुन्थ्यो, सो अभिषेक पुष्याभिषेक कहिन्थ्यो भन्ने कुरा आथर्वणपरिशिष्ट, बृहत्संहिता, कालिकापुराण आदि ग्रन्थबाट बुझिन्छ। नेपालका केही राजाहरूको पुष्याभिषेक भएको कुरा गोपालराजवंशावली आदिमा लेखिएको छ[6]। श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको राज्याभिषेक हालै वि. सं. २०३१ फागुन १२ गते सोमवार पुष्यनक्षत्रमा सम्पन्न भएको थियो भन्ने कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ। यति कुराबाट राज्याभिषेकको साइतमा पुष्यनक्षत्रको महिमा छ भन्ने बुझिन्छ। पुष्यनक्षत्रको व्युत्पत्ति गर्दा यस नक्षत्रमा गरेको काम सप्रिने भएकोले पुष्य भनेको हो भनी लेखिएको पाइन्छ[7]। यस कारण काम सपार्ने हेतुले पुष्यनक्षत्रलाई महत्त्व दिइएको देखिन्छ। राज्याभिषेकमा चढ्नको लागि बनाइएको रथले यसैले पुष्यरथ नाउँ पाएको देखिन्छ।

---

५. अद्य चन्द्रोऽभ्युपगतः पुष्यात् पूर्वं पुनर्वसुम्। श्वः पुष्ययोगं नियतं वक्ष्यन्ते दैवचिन्तकाः ॥२१॥
तत्र पुष्येऽभिषिञ्चस्व मनस्त्वरयतीव माम्। श्वस्त्वाहमभिषेक्ष्यामि यौवराज्ये परन्तप ॥२२॥
(वाल्मीकीय रामायण अयोध्याकाण्ड ४ सर्ग)

[पुष्य (तिष्य) भन्दा लगत्तै अगाडिको पुनर्वसुमा आज चन्द्रमा आइपुगेका छन्। चन्द्रमा भोलि पुष्यमा पुग्छन् भनी ज्योतिषीहरू भन्छन् ॥२१॥ त्यही पुष्यनक्षत्रमा तिम्रो अभिषेक भइहालोस् भनी मेरो मन चटारिइरहेको छ। शत्रुलाई पिर्ने हे राम! भोलि म तिमीलाई युवराज पदमा अभिषेक दिन्छु ॥२२॥]

(श्रीमद्वाल्मीकीय रामायणका १४६–१४७ पृष्ठमा छापिएको अनुवादमा धेरै ठाउँमा संशोधन गरी माथिको अनुवाद तयार पारिएको छ।)

६. यही अङ्कमा छापिएको पुष्याभिषेक भन्ने मेरो निबन्ध।

७. पुष्यसिद्ध्यौ नक्षत्रे ३।१।११६

पुषेः सिधेश्चाधिकरणे क्यब् निपात्यते नक्षत्रेऽभिधेये। पुष्यन्त्यस्मिन्नर्था इति पुष्यः। सिद्ध्यन्त्यस्मिन्निति सिद्ध्यः। नक्षत्र इति किम्? पोषणं, सेधनम्।

(काशिका)

[पुष् तथा सिध् धातुदेखि अधिकरण अर्थमा नक्षत्रलाई बुझाउँदा क्यप् प्रत्यय भई पुष्य र सिद्ध्य रूप बन्छन्। यसमा काम सप्रन्छन् भन्ने अर्थमा पुष्यः। यसमा काम सिद्ध हुन्छन् भन्ने अर्थमा सिद्ध्यः। नक्षत्रलाई नबुझाउँदा त पोषणं, सेधनं रूप बन्छन्।]

# पुष्याभिषेक

—महेशराज पन्त

विक्रमको तेह्रौँ शताब्दीको पूर्वार्धदेखि विक्रमको पन्ध्रौँ शताब्दीको पूर्वार्धसम्मका केही नेपाली राजाको पुष्याभिषेक भएको थियो भन्ने कुरा गोपालराजवंशावली आदि ऐतिहासिक लेखबाट बुझिन्छ । तर ती लेखमा परेको पुष्याभिषेकको अर्थको विषयमा प्रामाणिक ढङ्गले कसैले लेखेको देखिएको छैन । यस कारण शास्त्रीय वचनको आधारमा पुष्याभिषेकको अर्थ गर्ने यो निबन्ध तयार गरिएको छ ।

आथर्वणपरिशिष्टमा पुष्याभिषेकनाउँको एउटा सिङ्गै परिशिष्ट छ । त्यहाँ पुष्याभिषेकको विधि विस्तारसँग लेखिएको छ । त्यसबाट पुष्याभिषेकको अर्थ बुझ्न मदत मिल्छ । पुष्यनक्षत्रमा राजाले पुष्याभिषेक गर्नू, पुष्याभिषेक गर्ने राजाको राज्य बलियो हुन्छ, परलोक पनि सप्रन्छ भनी त्यहाँ लेखिएको छ ।

अथ पुष्याभिषेकस्य विधिं वक्ष्यामि साम्प्रतम् ... ... ... ... ... ... ... ... ।।५.१.१।।
पुण्याहं वाचयित्वास्य आरम्भं कारयेद् बुधः । तिष्यनक्षत्रसंयुक्ते मुहूर्ते करणे शुभे ।।५.४.२।।
अथर्वविहितो ह्येष विधिः पुष्याभिषेचने । राजा स्नातो महीं भुक्त्वा शक्रलोकं स गच्छति।।५.५.७।।

(जर्ज मेलिभल बोलिङ र यूलियुस फोन नेग्लाइनद्वारा सम्पादित आथर्वणपरिशिष्ट पहिलो भागका ६६–६८ पृष्ठ)

[अब पुष्याभिषेकको विधि भन्छु ।।५.१.१।। पुण्याहवाचन गराएर तिष्य (पुष्य)नक्षत्र, असल करण, मुहूर्तमा विद्वान्ले यसको (पुष्याभिषेकको) आरम्भ गराउनू ।।५.४.२।। पुष्याभिषेकको यो विधि अथर्ववेदमा बताइएको छ । यस विधिअनुसार अभिषेक गरिएका राजा पृथ्वीको भोग गरी इन्द्रलोक जान्छन् ।।५.५.७।।]

देवता र दैत्यको लडाइँ हुँदा देवताहरूलाई दैत्यहरूले हराए; त्यसपछि देवताहरूका गुरु बृहस्पतिले आफ्नो नक्षत्र पुष्यमा इन्द्रको अभिषेक गरे; यसपछि शक्तिशाली भई इन्द्रले दैत्यहरूलाई हराए ; त्यस बेलादेखि पुष्यस्नान गर्ने चलन चल्यो भन्ने वृद्धगर्गको वचन भट्टोत्पलले बृहत्संहिताको आफ्नो टीकामा उद्धरण गरेका छन् –

तथा च वृद्धगर्गः ।
देवाश्च दितिजैः[1] सार्धं स्पर्धमाना हि मानिनः । परस्परं महद् युद्धं चक्रुः सर्वे सुरासुराः ।।
ततो दैत्यगणैः क्रुद्धैर्देवाः सर्वे विनिर्जिताः । ततोऽङ्गिराः सुरगुरुर्ध्यानसक्तोऽभवत् पुरा ।।
पुरन्दराभिषेकार्थं बृहस्पतिरकल्पयत् । तिष्यमात्मीयनक्षत्रं यस्य देवो बृहस्पतिः ।।
तेन चैवाभिषिक्तश्च देवराजः पुरन्दरः । ततो बलसमारूढो नाशयामास दानवान् ।।
देवाश्च हृष्टमनसः पुरीं प्राप्यामरावतीम् । पुष्यस्नानं बलतरं तदारभ्य प्रवर्तितम् ।।

(सुधाकर द्विवेदीद्वारा सम्पादित बृहत्संहिताको ४७ अध्यायको दोस्रो श्लोकको भट्टोत्पलको टीकामा उद्धरण गरिएको वृद्धगर्गको वचन, पहिलो भागको ५८१ पृष्ठ)

[यस विषयमा वृद्धगर्गले भन्नुभएको कुरा–
घमण्डले फुलेका देवताहरूले दैत्यहरूसँग जोडकातोड गरे । देवता र दैत्यहरूको घमासानको लडाइँ भयो।।१।।
रिसाएका दैत्यहरूले सबै देवताहरूलाई जिते । अनि देवताहरूका गुरु बृहस्पतिले ध्यान गरे ।।२।।

---
१. मुद्रित पाठ- देवाश्चादितिजैः ।

यसपछि बृहस्पतिले आफ्नो नक्षत्र पुष्यमा इन्द्रको अभिषेक गर्ने निश्चय गरे ।।३।। अनि पुष्यनक्षत्रमा अभिषेक गरिएका देवराज इन्द्र बलिया भए । यसपछि उनले दैत्यहरूको नाश गरे ।।४।। त्यसपछि प्रसन्न भएका देवताहरू स्वर्ग फर्के । पुष्यस्नानको चलन त्यसै वेलादेखि चलेको हो ।।५।।] ... ...

पुष्यनक्षत्रपीछे जुन राजाको अभिषेक हुन्छ, ती राजाको मुलुकमा दोपाया र चौपायालाई कष्ट हुँदैन भन्ने गर्गको वचन भट्टोत्पलले बृहत्संहिताको आफ्नो टीकामा उद्धरण गरेका छन्-

तथा च गर्गः ।

प्रतिपुष्येण यो राजा स्नायीत विधिपूर्वकम् । तस्य राष्ट्रे न सीदन्ति मर्त्या ये जन्तवो भुवि ।।

(बृहत्संहिताको ४७ अध्यायको ८४ श्लोकको भट्टोत्पलको टीकामा उद्धरण गरिएको गर्गको वचन, पहिलो भागको ६०३ पृष्ठ)

[यस विषयमा गर्गले भन्नुभएको कुरा-

जो राजा पुष्यनक्षत्रपीछे यो स्नान विधिपूर्वक गर्छन्, तिनको मुलुकमा दोपाया र चौपायाहरूलाई कष्ट हुँदैन[2] । ]

वराहमिहिरको बृहत्संहितामा पुष्यस्नान नाउँको भिन्नै अध्याय छ । त्यहाँ पुष्यस्नानको विधि निकै विस्तारसँग लेखिएको छ । पुष्याभिषेकको अर्थ जान्न त्यसबाट निकै मदत मिल्छ । पुष्यनक्षत्रपीछे राजाले पुष्यस्नान गर्नाले सुख यश धनको वृद्धि हुन्छ भनी त्यहाँ लेखिएको छ । पुष्यनक्षत्रमा बाहेक अरू नक्षत्रमा पुष्यस्नान गर्नाले आधा फल मिल्छ भनी अरू अरू नक्षत्रमा पनि पुष्यस्नान गर्ने अनुमति वराहमिहिरले दिएका छन् । पौषपूर्णिमाको दिन पुष्यस्नान गर्नाले ठूलो फल मिल्छ भनी बृहत्संहितामा लेखिएको छ । मुलुकमा उपद्रव हुँदा, ग्रहण लाग्दा, पुच्छ्रे तारा उदाउँदा र ग्रह जुद्धा पनि पुष्यस्नान गर्नू भनी वराहमिहिरले बोलेका छन् । ठूलो राजा हुन खोज्ने, छोरा जन्मोस् भन्ने इच्छा गर्ने राजाको राज्याभिषेकमा पुष्यस्नानको विधि गर्दा राम्रो हुन्छ भनी त्यहाँ लेखिएको छ । पुष्यस्नानको विधिबमोजिम हात्ती घोडालाई नुहाइदिए हात्ती घोडा निरोगी हुन्छन् भनी बृहत्संहितामा लेखिएको छ । वराहमिहिरले पुष्यस्नानको प्राचीनताको विषयमा पनि केही कुरा लेखेका छन् । ब्रह्माले इन्द्रको लागि पुष्यस्नानको विधि बृहस्पतिलाई बताएका थिए, त्यो विधि वृद्धगर्गले भागुरिलाई बताए, भागुरिलाई वृद्धगर्गले बताएबमोजिमको विधि मैले यहाँ लेखेको छु भनी वराहमिहिरले बोलेका छन्-

या व्याख्याता शान्तिः स्वयम्भुवा सुरगुरोर्महेन्द्रार्थे । तां प्राप्य वृद्धगर्गः प्राह यथा भागुरेःशृणुत ।।२।।

पुष्यस्नानं नृपतेः कर्तव्य दैववित् पुरोधोभ्याम्[3] । ... ... ... ... ... ... ... ... ... ।।३।।

आदावनडुहश्चर्म जरया संहृतायुषः । प्रशस्तलक्षणभृतः प्राचीनग्रीवमास्तरेत् ।।४३।।

ततो वृषस्य योधस्य चर्म रोहितमक्षतम् । सिंहस्याथ तृतीयं स्याद् व्याघ्रस्य च ततः परम् ।।४४।।

चत्वार्येतानि चर्माणि तस्यां वेद्यामुपास्तरेत् । शुभे मुहूर्ते सम्प्राप्ते पुष्ययुक्ते निशाकरे ।।४५।।

---

२. राजाले महीनैपीछे पुष्यस्नान गर्नू भन्ने विष्णुधर्मोत्तरको वचन वीरमित्रोदयमा उद्धृत गरिएको छ-

विष्णुधर्मोत्तरे,

पुष्यस्नानं तथा कुर्यात् प्रतिमासं नराधिपः [1] ।

(विष्णुप्रसाद भण्डारीद्वारा सम्पादित वीरमित्रोदय राजनीतिप्रकाशको ११५ पृष्ठ)

[राजाले महीनैपीछे पुष्यस्नान गर्नू भनी विष्णुधर्मोत्तरमा लेखिएको छ ।]

३. मुद्रित पाठ-दैववित्पुरोधाभ्याम् ।

---

१. मुद्रित पाठ-नराधिप ।

एतत् प्रयुज्यमानं प्रतिपुष्यं सुखयशोऽर्थवृद्धिकरम् । पुष्याद् विनार्धफलदा पौषी शान्तिः परा प्रोक्ता ॥८२॥
राष्ट्रोत्पातोपसर्गेषु राहोः केतोश्च दर्शने । ग्रहावमर्दने चैव पुष्यस्नानं समाचरेत् ॥८३॥
अधिराज्यार्थिनो राज्ञः पुत्रजन्म च काङ्क्षतः । तत्पूर्वमभिषेके च विधिरेष प्रशस्यते ॥८५॥
अनेनैव विधानेन हस्त्यश्वं स्नापयेत् ततः । तस्यामयविनिर्मुक्त परां सिद्धिमवाप्नुयात् ॥८७॥

( बृहत्संहिताको ४७ अध्याय, पहिलो भागका ५८१, ५९४, ६०३–६०४ पृष्ठ )

[इन्द्रको लागि ब्रह्माजीले जुन शान्ति बृहस्पतिलाई बताउनुभएथ्यो, त्यो शान्ति पाएर बृद्धगर्गले भागुरिलाई जे बताउनुभएथ्यो, त्यही शान्ति तिमीहरू सुन ॥२॥ राजाको पुष्यस्नान ज्योतिषी र पुरोहितले मिलेर गराउनू ॥३॥ सबभन्दा पहिले, उमेर पुगेर मरेको निखुरी गोरुको छाला पूर्वपट्टि घाँटी पारेर ओछ्याउनू ॥४३॥ त्यसमाथि जोधाहा गोरुको रातो प्वाल नपरेको छाला ओछ्याउनू । त्यसमाथि सिंहको छाला ओछ्याउनू । त्यसमाथि बाघको छाला ओछ्याउनू ॥४४॥ चन्द्रमा पुष्यनक्षत्रमा भएको बेलामा राम्रो मुहूर्तमा यी चारथरी छाला त्यो वेदीमा ओछ्याउनू ॥४५॥ पुष्यनक्षत्रपीछे यो स्नान गर्नाले सुख, कीर्ति र धनको वृद्धि हुन्छ । पुष्यनक्षत्र नपरेको बेलामा यो स्नान गऱ्यो भने आधा फल मिल्छ । पुष्यनक्षत्रयुक्त पूर्णिमा (पौषशुक्लपूर्णिमा)मा यो शान्ति गर्दा ठूलो फल मिल्छ ॥८२॥ मुलुकमा उत्पात[4] भएको बेलामा, ग्रहण लागेको बेलामा, पुच्छ्रेतारा उदाएको बेलामा, ग्रहहरू जुधेको बेलामा राजाले पुष्यस्नान गर्नू ॥८३॥ ठूलो राजा हुन खोज्ने, छोरा जन्मोस् भन्ने इच्छा गर्ने राजाको प्रथमाभिषेकमा (राज्याभिषेकमा[5]) पनि यो विधि गर्दा राम्रो हुन्छ ॥८५॥ यही विधिले हात्ती घोडालाई नुहाइदिनू । अनि रोगव्याध हटी ती हात्ती घोडाले ठूलो सिद्धि पाउँछन् ॥८७॥]

४. बृहत्संहिताको ४५ अध्यायमा (उत्पाताध्यायमा) उत्पातको विषयमा विचार गरिएको छ (बृहत्संहिताको पहिलो भागका ५३९–५७० पृष्ठ) ।

५. राज्याभिषेकलाई पूर्वाभिषेक र राज्याभिषेक भएको नक्षत्रमा बर्सेनि गरिने अभिषेकलाई संवत्सराभिषेक भन्ने चलन थियो ।

विष्णुधर्मोत्तरे,

संवत्सराभिषेकं[2] च कथयस्व महीक्षितः ।...

राजाभिषेकनक्षत्रे प्रतिसंवत्सरं द्विजैः । पूर्वाभिषेकविधिना कर्त्तव्यमभिषेचनम् ॥

(वीरमित्रोदय राजनीतिप्रकाशको ११५ पृष्ठ)

[विष्णुधर्मोत्तरमा–

राजाको संवत्सराभिषेकको विषयमा पनि बताउनुहोस् ।

राजाभिषेकको नक्षत्रमा बाहुनहरूले पूर्वाभिषेकको विधिले बर्सेनि अभिषेक गर्नु योग्य छ ।]

अथ राज्याभिषेकः ॥

स द्विधा प्रथमाभिषेकः सांवत्सरिकश्चेति । ... ... ...

इति प्रथमराज्याभिषेकः ।

(श्री ५ गीर्वाणयुद्धविक्रम शाहद्वारा रचित, रामनाथ आचार्य र दामोदर कोइरालाद्वारा सम्पादित सत्कर्मरत्नावलीका ४९४, ५१६ पृष्ठ)

[अब राज्याभिषेकको विषय ।

प्रथमाभिषेक र वर्षेपीछे हुने अभिषेक गरी राज्याभिषेकका दुइ भेद छन् ।

प्रथमराज्याभिषेकको कुरा सिद्धियो ।]

२. मुद्रित पाठ–सम्वत्सराभिषेकं च ।

कालिकापुराणमा पुष्यस्नानसम्बन्धी एउटा सिङ्गै अध्यायमा निकै विस्तारसँग पुष्यस्नानको विधि बताइएको छ । त्यताबाट पनि पुष्याभिषेकको अर्थ निकै खुलस्त हुन्छ । पौष महीनामा चन्द्रमा पुष्यनक्षत्रमा रहेको बेलामा राजाले पुष्यस्नान गर्नू, पुष्यस्नान गर्नाले कल्याण हुन्छ र अनिकाल र मृत्युको डर हट्छ भनी त्यहाँ लेखिएको छ । कालिकापुराणमा पुष्यस्नान गर्ने समयका अरू अरू विकल्प पनि दिइएका छन् । तृतीया तिथिमा, आदित्यवार मङ्गलवार शनिवारको दिन पुष्यनक्षत्र पाइन्छ भने भद्रा आदि खराप करण भए पनि व्यतीपात वैधृति वज्र शूल हर्षण आदि योग भए पनि पुष्यस्नान गर्ने अनुमति कालिकापुराणले दिएको छ । त्यस्तो साइतमा पुष्यस्नान गर्नाले सबै दोष हट्छ भनी त्यहाँ लेखिएको छ । ग्रहदोष र ईति (ज्यादा पानी पर्नु, खडेरी पर्नु, मूसा लाग्नु, सलह लाग्नु, सुगा लाग्नु, नजीकका राजाले पिर्नु) ले पिर्दा पुष्यनक्षत्रमा अरू अरू महीनामा पनि यो स्नान गरे हुन्छ भनी कालिकापुराणमा लेखिएको छ । इन्द्र आदि सबै देवताहरूको शान्तिको लागि ब्रह्माले बृहस्पतिलाई यो शान्ति बताएका हुन् भनी यहाँ पुष्यस्नानको प्राचीनता देखाइएको छ । पुष्यस्नानकै विधानबमोजिम राजाको र युवराजको अभिषेक गर्नू भनी कालिकापुराणमा लेखिएको छ–

शृणु राजन् प्रवक्ष्यामि पुष्यस्नानविधिक्रमम् ... ... ... ... ... ... ... ... ... ... ... ... ॥१॥
पौषे पुष्यर्क्षगे चन्द्रे पुष्यस्नानं नृपश्चरेत् । सौभाग्यकल्याणकरं दुर्भिक्षमरणापहम् ॥२॥
विष्टयादिदुष्टकरणे व्यतीपाते च वैधृतौ । वज्रे शूले हर्षणादौ योगे तु यदि लभ्यते ॥३॥
तृतीयायुक्तपुष्यर्क्षे रविशौरिकुजेऽहनि । तदा समस्तदोषाणां तत् स्नानं हानिकारकम् ॥४॥
ग्रहदोषाश्च जायन्ते यदि राज्येषु चेतयः । तदा पुष्ये तु नक्षत्रे कुर्यान्मासान्तरेऽपि च ॥५॥
इयं तु ब्रह्मणा शान्तिरुद्दिष्टा गुरवे पुरा । शक्रादिसर्वदेवानां शान्त्यर्थम् ... ... ॥६॥
अनेनैव विधानेन नृपतेरभिषेचनम् ॥१४२॥ युवराज्याभिषेक च कुर्याद् राजपुरोहितः ॥१४३॥

(विश्वनारायण शास्त्रीद्वारा सम्पादित कालिकापुराणको ८६ अध्याय, ६३५, ६४४ पृष्ठ)

[हे राजा ! पुष्यस्नानको विधिको क्रम भन्छु, सुन्नुहोस् ॥१॥ पौष महीनामा चन्द्रमा पुष्यनक्षत्रमा रहेको वेलामा राजाले पुष्यस्नान गर्नू । पुष्यस्नान गर्नाले सौभाग्य र कल्याण हुन्छ तथा अनिकाल र मृत्युको डर हट्छ ॥२॥ भद्रा आदि खराप करण, व्यतीपात वैधृति वज्र शूल हर्षण आदि योग परेको बेलामा पनि आदित्यवार मङ्गलवार शनिवारको दिन तृतीया तिथिमा पुष्यनक्षत्र पाइन्छ भने पुष्यस्नान गर्नू । त्यस्तो साइतमा पुष्यस्नान गर्नाले सबै दोष हट्छ ॥३–४॥ ग्रहदोष परी राज्यमा ईति (ज्यादा पानी पर्नु, खडेरी पर्नु, मूसा लाग्नु, सलह लाग्नु, सुगा लाग्नु, नजीकका राजाले पिर्नु) ले पिऱ्यो भने अरू नै महीनामा पनि पुष्यनक्षत्रमा पुष्यस्नान गरे हुन्छ॥५॥उहिले इन्द्र आदि सबै देवताहरूको निमित्त ब्रह्माजीले बृहस्पतिलाई यो शान्ति बताउनुभएको हो ॥६॥ राजपुरोहितले यही विधानले राजाको र युवराजको अभिषेक गर्नू ॥१४२–१४३॥]

नेपालका राजाहरूमा रुद्रदेव, सोमेश्वरदेव, गुणकामदेव, जयभीमदेव, जयसीहमल्ल, अनन्तमल्ल, जयारिमल्ल र जयार्जुनदेव यी ८ जनाको पुष्याभिषेक भएको थियो भन्ने कुरा गोपालराजवंशावली, केसरवंशावली र पनौती इन्द्रेश्वरमन्दिरको तामपत्रबाट बुझिन्छ ।

सम्वत् २६७ पौषकृष्णत्रयोदश्यां, शुक्लदिने, श्रीरुद्रदेव, पुष्याभिषेक कृतवान् राज्ये ॥ पुष्याभिषेकात तुषारवृष्टि च भवति ॥

[केसरपुस्तकालयको १७१ सङ्ख्याको केसरवंशावलीको ७ पृष्ठबाट । लूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (सरक ७५०–१४८०) (नेपालको मध्यकालको अन्दाजि वि. सं. ८०७ देखि वि. सं. १४३७ सम्मको इतिहास) का २१३–२१७ पृष्ठमा र डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) को तेस्रो भागको पहिलो खण्डका १५८।१६३ पृष्ठमा सम्पूर्ण केसरवंशावली छापिएको छ । रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यले

वि. सं. २०१६ मा पढेको अप्रकाशित पाठ पनि छ । अहिले मूलसँग रुजु गरी यहाँ र यस लेखमा अन्यत्र केसरवंशावलीका शुद्ध पाठ दिइएका छन् । ]

[ने. सं. २६७ पौषकृष्णत्रयोदशी शुक्रवारको दिन[6] श्रीरुद्रदेवले राज्यमा पुण्याभिषेक गर्नुभयो ।

६. यस दिनको गणना यस प्रकारको छ–

ने. सं. २६७ (वि. सं. १२०३ ) पौषकृष्ण (पूर्णान्तिमानले माघकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | १५ | बुध | त्रयोदशी | २९ | ० |

(यो लेखमा परेका सबै गणना दिनेशराज पन्तले गरिदिएका हुन् ।)

केसरवंशावलीमा ने. सं. २६७ पौषकृष्णत्रयोदशी शुक्रवारको दिन रुद्रदेवको पुण्याभिषेक भयो भनी लेखिएको र गणना गर्दा भने ने. सं. २६७ पौषकृष्णत्रयोदशीको दिन शुक्रवार नआई बुधवार आई गणना नमिलेकोले यस विषयमा केही विचार गर्नु परेको छ ।

ने. सं. २६५ (वि. सं. १२०२) मा नरेन्द्रदेव राजा देखिन्छन्–

श्रीमत् राजाधिराज परमेश्वरः परमभट्टारकः श्री नरेन्द्रदेव विजयराज्ये । सम्वत् आचु ५ [२६५]

[पाटन दुपाटटोल बस्ने धर्मबहादुर महर्जनको सङ्ग्रहको पञ्चरक्षाबाट । हेमराज शाक्य र तुलसीराम वैद्यको मेडिईभल् नेपाल्, कल्अफन्ज् यान्ड् इन्स्क्रिप्शन्ज् ( मध्यकालको नेपालका पुष्पिकावाक्य र अभिलेख)को मूल भागको १२ पृष्ठ]

[श्रीराजाधिराज परमेश्वर परमभट्टारक श्रीनरेन्द्रदेवको विजयराज्यमा । ने. सं. २६५ (वि. सं. १२०२)।]

ने. सं. २६७ माघकृष्णप्रतिपद् ( वि. सं. १२०३ माघ १७ गते ) को दिन आनन्ददेव राजा भएका हुन्–

माघकृष्णसुचन्द्रमाप्रदिपदे सप्ताधिके षष्टिके, काले वर्षशतद्वये शुभदिने, राज्यं वरप्राप्तितो ।
श्रीनेपालाः समस्तमण्डलमहीत्राता प्रजानासनम् पीड्यं शास्त्र तदा सुनिर्मितगुणे श्रीनंददेवप्रभुः॥

राजा श्रीआनन्ददेव ... ... ... ...

[वीरपुस्तकालयको पहिलो १५८३ सङ्ख्याको गोपालराजवंशावलीको २४ ख पत्र ४--५ पङ्क्ति, २५ क पत्र १ पङ्क्ति । मेडिईभल् हिस्टरि अफ् नेपाल्का २१९--२२४ पृष्ठमा गोपालराजवंशावलीको २२ ख पत्रको ५ पङ्क्तिदेखि २९ क पत्रको ५ पङ्क्तिसम्मको संस्कृत भाग छापिएको छ । योगी नरहरिनाथद्वारा हिमवत्संस्कृति १ अङ्का ९–२५ पृष्ठमा र मेडिईभल् नेपाल्को तेस्रो भागको पहिलो खण्डका ११२–१५७ पृष्ठमा सम्पूर्ण गोपालराजवंशावली छापिएको छ । रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यले केसरपुस्तकालयको ७३० सङ्ख्याको गोपालराजवंशावलीको तसवीर खिँचिराखेको प्रतिबाट वि.सं. २०१६ मा पढेको अप्रकाशित पाठ पनि छ । गोपालराजवंशावलीको माथिको अंश पूर्णिमा ३ अङ्कको १९ पृष्ठमा ( पूर्णिमा ३ अङ्कका १९–२१ पृष्ठमा छापिएको, भोलानाथ पौडेलको आनन्ददेव रुद्रदेव र अमृतदेवको समयमा एउटा विचार भन्ने निबन्धमा) पनि परेको छ । अहिले मूलसँग रुजु गरी यहाँ र यस लेखमा अन्यत्र गोपालराजवंशावलीका शुद्ध पाठ दिइएका छन् ।]

[ने. सं. २६७ ( वि. सं. १२०३ ) माघकृष्ण ( पूर्णान्तिमानले फाल्गुनकृष्ण) प्रतिपदा सोमवारको शुभ दिनमा (माघ १७ गते) श्रीआनन्ददेव सारा नेपालमण्डलका राजा हुनुभयो । शास्त्रबमोजिम काम गर्ने गुणवान् उहाँले प्रजाको दुःख हटाइदिनुभयो ।

राजा श्रीआनन्ददेव ··· ···]

(पूर्णिमा ३ अङ्कका १९–२० पृ.)

ने. सं. २८७ कार्तिकशुक्लद्वितीया (वि. सं. १२२३ मार्ग १ गते) सम्म राजाको रूपमा आनन्ददेवको उल्लेख पाइन्छ–

श्रीमदानन्ददेवस्य विजयराज्ये सम्वत् २८७ कार्तिक सुदि २...

[पाटन ओं बहालमा रहेको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट । मेडिईभल् नेपाल्को पहिलो भागको १७८ पृष्ठ]

[श्रीआनन्ददेवको विजयराज्यमा ने. सं. २८७ (वि. सं. १२२३) कार्तिकशुक्ल द्वितीयाको दिन ।]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. २८७ (वि. सं. १२२३) कार्तिकशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| मार्ग | १ | बृहस्पति | द्वितीया | ५९ | २ |

ने. सं. २८८ फाल्गुनकृष्णअष्टमी (वि. सं. १२२४ चैत्र ११ गते) राजाको रूपमा रुद्रदेवको उल्लेख पाइन्छ–

सम्वत् २८८ फाल्गुनकृष्णाटम्याम्.... रुद्रदेवस्य विजयराज्ये

(साँखु वज्रयोगिनीको धाराको अभिलेखबाट)

[ने. सं. २८८ [वि. सं. १२२४] फाल्गुनकृष्ण ( पूर्णान्तमानले चैत्रकृष्ण ) अष्टमीमा रुद्रदेवको विजयराज्यमा]

(पूर्णिमा ३ अङ्कको २५ पृष्ठ)

यस दिनको गणना यस प्रकारको छ–

ने. सं २८८ (वि. सं. १२२४) फाल्गुनकृष्ण (पूर्णान्तमानले चैत्रकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | ११ | सोम | अष्टमी | १३ | ४० |

ने.सं. २९५ मार्गशुक्लपूर्णिमा (वि.सं. १२३१ मार्ग १५ गते) सम्म राजाको रूपमा रुद्रदेवको उल्लेख पाइन्छ–

महाराजाधिराजश्रीरुद्रदेवस्य राज्ये । सम्वत् २९५ आग्रहणपूर्ण्णमास्यां आदित्यदिने

[एशियाटिक् ससाइइटि अफ् बेन्गल् (बङ्गालको एशियासमिति) को १०७३६ सङ्ख्याको भगवत्याः प्रज्ञापारमितायाः रत्नगुणसञ्चयगाथाबाट]

[ने.सं. २९५ (बि.सं. १२३१) मार्गशुक्लपूर्णिमा आइतवारको दिन (मार्ग १५ गते) महाराजाधिराज श्रीरुद्रदेवको राज्यमा]

(पूर्णिमा ३ अङ्कको २६ पृष्ठ)

यसरी ने.सं. २६५ मा नरेन्द्रदेव राजा देखिएकाले, ने.सं. २६७ माघकृष्णप्रतिपद्मा राजा भएका आनन्ददेवले ने.सं. २८७ कार्तिकशुक्लद्वितीयासम्म राज्य गरेको प्रमाण पाइएकोले तथा त्यसपछि मात्र ने.सं. २८८ फाल्गुनकृष्णअष्टमीदेखि ने.सं. २९५ मार्गशुक्लपूर्णिमासम्म राजाको रूपमा रुद्रदेवको उल्लेख पाइएकोले ने.सं. २६७ पौषकृष्णत्रयोदशीमा रुद्रदेवको पुष्याभिषेक भयो भनी केसरवंशावलीमा जो लेखिएको छ, त्यसलाई प्रामाणिक मान्न सकिँदैन । यस कारण संवत् २८७ लेख्नुपर्नेमा भूलले केसरवंशावलीमा २६७ लेखिएको हो कि जस्तो देखिन्छ । यो अनुमान गर्दा गणना मिल्छ कि मिल्दैन भन्ने विचारले ने.सं. २६७ को सट्टा ने. सं. २८७ मानी गणना गर्दा यस्तो आयो–

पुष्याभिषेक भएकोले हिउँ पनि पर्‍यो । ]

सम्वत् २९९ कार्त्तिके कृष्णषष्ठि शुक्लवार । रा[जा श्री]सोमेश्वरदेव, पुष्याभिषेक कृतवान्।।

(केसरवंशावलीको ८ पृष्ठबाट)

[ने.सं. २९९ (वि.सं. १२३५) कार्तिककृष्ण (पूर्णान्तिमानले मार्गकृष्ण) षष्ठी शुक्रबारको दिन7

---

ने.सं. २८७ (वि. सं. १२२३) पौषकृष्ण (पूर्णान्तिमानले माघकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | २७ | शुक्र | त्रयोदशी | ५७ | १३ |

यसरी गणना गर्दा मिल्न आएकोले रुद्रदेवको पुष्याभिषेक ने.सं. २८७ पौषकृष्णत्रयोदशी (वि.सं. १२२३ माघ २७ गते) भएको ठहर्छ ।

रुद्रदेवको पुष्याभिषेकको समयको विषयमा श्रीलूच्यानो पेतेकले यस्तो लेख्नुभएको छ–

अकर्ड्इङट भीके द कर्अनेशन् (पुष्याभिषेक) अफ् रुद्रदेव टुक् प्लेस् इन् २६७ पौष कृष्ण १३। द डेट् इज् इम्पस्इब्ल्, याज् इट् इज् टू अर्लि । सो २६७ मस्ट् बी मिस्टेक् फर् २८७ यान्ड् द डेट् कर्इस्पन्ड्ज् ट ज्यान्युअरि ५थ् ११६७ ।

(मेडिईभल् हिस्टरि अफ् नेपाल्को ६८ पृष्ठ)

[केसरवंशावलीअनुसार रुद्रदेवको राज्याभिषेक (पुष्याभिषेक) ने.सं. २६७ पौषकृष्णत्रयोदशीमा भयो। यो मिति निकै पहिलेको भएकोले यो मितिमा रुद्रदेवको पुष्याभिषेक हुनु सम्भव छैन । यस कारण २८७ लेख्नुपर्नेमा भूलले २६७ लेखिएको हुनुपर्छ । ने.सं. २८७ पौषकृष्णत्रयोदशी ई. सं. ११६७ जनवरी ५ तारीखमा पर्छ ।]

रुद्रदेवको पुष्याभिषेकको समयको विषयमा श्रीडिल्लीरमण रेग्मीले यस्तो लेख्नुभएको छ–

दि अथर्इटि अफ् भीके पुट्स् दि इनिश्अल् यर् अफ् हिज् रेन् इन् पौष २६७ (कृष्ण १३) । बट् दिस् डेट् इज् याट् लीस्ट् ट्वेन्र्टि यर्ज अर्लिअर् याज् द कल्अफन् डेट्स् अफ् द लास्ट् रेन् प्रभ् । इफ् इट् इज् अ मिस्टेक् फर् २८७ पौषकृष्ण १३ कर्इस्पन्ड्इङ ट ज्यान्युअरि ५ थ् ११६७, देन् दिस् वुड् गिभ् करेक्ट् डेट् फर् हिज् याक्सेश्अन् बिकज् वी नो द्याट् अबाउट् दिस् टाइम् आनन्ददेव ह्याड् डाइड् ।

(मेडिईभल् नेपाल्को पहिलो भागका १८२–१८३ पृष्ठ)

[केसरवंशावलीमा उनको (रुद्रदेवको) शासनको प्रारम्भ ने. सं. २६७ पौषकृष्णत्रयोदशीमा भयो भनी लेखिएको छ । तर यो मिति उनको पछिल्लो शासनमा लेखिएका पुष्पिकावाक्यले प्रमाणित गरेका मितिभन्दा कमसेसम २० वर्ष पहिलेको छ । २८७ पौषकृष्णत्रयोदशी लेख्नुपर्नेमा भूलले यो मिति लेखिएको हो भने यो उनको राज्यारोहणको शुद्ध मिति हो, किनभने यसै ताकातिर आनन्ददेवको मृत्यु भएको हो भन्ने कुरा हामीलाई थाहा छ । ने.सं. २८७ पौषकृष्णत्रयोदशी ई. सं. ११६७ जनवरी ५ तारीखमा पर्छ ।]

रुद्रदेवको पुष्याभिषेक ने.सं. २६७ मा भयो भनी केसरवंशावलीमा लेखिएको ठीक देखिँदैन, किनभने ने.सं. २६७ मा उनी राजा हुनु सम्भव छैन, यसैले ने.सं. २८७ लेख्नुपर्नेमा केसरवंशावलीमा भूलले ने सं. २६७ लेखिएको देखिन्छ भनी श्रीपेतेक र श्रीरेग्मीले लेखेको ठीक देखिन्छ । तर ने.सं. २८७ पौषकृष्णत्रयोदशी ई. सं. ११६७ जनवरी ५ तारीखमा पर्छ भनी श्रीपेतेक र श्रीरेग्मीले लेखेको ठीक देखिँदैन, किनभने ने.सं. २८७ पौषकृष्णत्रयोदशीको दिन ई. सं. ११६७ जनवरी ५ तारीख पर्दैन, ई. सं. ११६७ जनवरी २० तारीख पर्छ ।

७. यस दिनको गणना यस प्रकारको छ–

ने.सं. २९९ (वि.सं. १२३५) कार्तिककृष्ण (पूर्णान्तिमानले मार्गकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| मार्ग | ७ | शुक्र | षष्ठी | ६ | २८ |

राजा श्रीसोमेश्वरदेवले पुष्याभिषेक गर्नुभयो ।]

राजा श्रीगुणकामदेव पुष्याभिसेष[8] कृत्य

(गोपालराजवंशावलीको २५ ख पत्र २ पङ्क्ति)

[राजा श्रीगुणकामदेवले पुष्याभिषेक गरेर ।]

राजा श्रीगुनकामदेव, पुष्याभिख[क] कृतवान् ।। सम्वत् ३०५ पौषशुदि ७ अंगवासरे ।।

(केसरवंशावलीको ८ पृष्ठबाट)

[राजा श्रीगुणकामदेवले ने. सं. ३०५ (वि.सं. १२४१) पौषशुक्लसप्तमी मङ्गलवारको दिन[9] पुष्याभिषेक गर्नुभयो ।]

पुष्याभिषेक राजा श्रीजयभीमदेव

(गोपालराजवंशावलीको २६ क पत्र १ पङ्क्ति)

[पुष्याभिषेक भएका राजा श्रीजयभीमदेव]

पुष्याभिषेक राजा श्रीजयशीह्मलदेव

(गोपालराजवंशावलीको २६ क पत्र ३ पङ्क्ति)

[पुष्याभिषेक भएका राजा श्रीजयशीह्मल्लदेव]

पुष्याभिषेक राजा श्रीअनन्तमलदेव

(गोपालराजवंशावलीको २६ क पत्र ५ पङ्क्ति)

---

८. गोपालराजवंशावलीमा परेका पुष्याभिषेक पदका पाठ कसैले पुष्याभिषेक [हरप्रसाद शास्त्रीको अ क्याट्-अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्टइड् पेपर् म्यानुस्क्रिप्टस् बिलङ्इङ् ट द डर्बार् लाइब्ररि नेपाल् (नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकको सूचीपत्र) को पहिलो भागमा छापिएको सेमिल बेन्डलको द हिस्टरि अफ् नेपाल् यान्ड् सराउन्ड्इङ् किङ्डम्ज् (१०००–१६०० ए. डी.) (वि. सं. १०५७ देखि वि.सं. १६५७ सम्मको नेपाल र वरपरका अधिराज्यको इतिहास) को ८ पृष्ठ, मेडिईभल् हिस्टरि अफ् नेपाल्का २२१-२२३ पृष्ठ] र कसैले पुष्पाभिषेक [धनवज्र वज्राचार्यको इतिहास-संशोधन ७ सङ्ख्याको ७ पृष्ठ, हिमवत्संस्कृति १ अङ्कको १२पृष्ठ, गौतमवज्र वज्राचार्यको इतिहास-संशोधन ५४ क्रमागत सङ्ख्याको १०पृष्ठ, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतम-वज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहाससंशोधनको प्रमाण–प्रमेय (मूल भाग) को २३४ पृष्ठ, पूर्णिमा ४ अङ्कको २३पृष्ठ (धनवज्र वज्राचार्यको डोयहरू को हुन् भन्ने निबन्ध), मेडिईभल् नेपाल्को तेस्रो भागको पहिलो खण्डका १२१-१२२ पृष्ठ, कन्ट्रिब्युशन्ज् ट नेपालिज् स्टड्-इज् (नेपालविषयक विद्यासम्बन्धी लेख) को राज्याभिषेकविशेषाङ्कको ५ पृष्ठ (धनवज्र वज्राचार्यको राज्याभिषेकको ऐतिहासिक महत्व भन्ने निबन्ध)] पढेका छन् । यसरी कसैले पुष्याभिषेक र कसैले पुष्पाभिषेक पाठ पढेकाले शुद्ध पाठ निर्णय गर्नु आवश्यक हुन आयो र गोपालराजवंशावलीको मूल प्रति पल्टाई हेरियो । मूल प्रतिमा पुष्याभिषेक लेखिएको जस्तो देखियो तापनि अर्को अक्षर जोडिएको य त्यहाँ कहीँ कहीँ प जस्तो पनि देखिएकोले गोपालराजवंशावलीमा पुष्पाभिषेक लेखिएको हुँदै होइन, पुष्याभिषेक नै लेखिएको हो भनी ठोकेर भन्न सकिएन । यसो भए तापनि पुष्याभिषेक पाठ शास्त्रसम्मत भएकोले मैले यहाँ पुष्याभिषेक पाठ सकारेको छु ।

९. यस दिनको गणना यस प्रकारको छ–

ने.सं. ३०५ (वि.सं. १२४१) पौषशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| पौष | १७ | मङ्गल | सप्तमी | ५० | ४८ |

[पुष्याभिषेक भएका राजा श्रीअनन्तमल्लदेव]

तदनन्तरे श्रीजयतुङ्गमलदेवस्य आत्मजः श्रीजयरुद्रमलदेवस्य प्रभुतेन स्वकुटुम्बश्रीजयारिमलदेवस्य पुष्याभिषेकं कृत्यः राजा भक्तिमात्रन्ददौ,

(गोपालराजवंशावलीको २७ क पत्र ५ पङ्क्ति, २७ ख पत्र १ पङ्क्ति)

[त्यसपछि श्रीजयतुङ्गमल्लदेवका छोरा श्रीजयरुद्रमल्लदेवले आफ्नो प्रभावले आफ्ना सम्बन्धी श्रीजयारिमल्लदेवको पुष्याभिषेक गरेर राजालाई भक्ति मात्र दिनुभयो ।]

[इतिहास- संशोधनको प्रमाण- प्रमेय (मूल भाग)को २३४ पृष्ठमा छापिएको अनुवादमा आवश्यक संशोधन गरी यो अनुवाद तयार पारिएको छ ।]

अनन्तरे जयतुङ्गमल्लस्य, आत्मजः श्रीजयरुद्रमल्लदेवस्य प्रभूतेन, स्वकुटुंब, श्रीजयारिमल्लदेव, पुष्याभिषेकं कृत्य, रा[ज]भुक्तिमात्रं ददौ ॥

(केसरवंशावलीको ११ पृष्ठबाट)

[पछि श्रीजयतुङ्गमल्लका छोरा श्रीजयरुद्रमल्लदेवले आफ्नो प्रभावले आफ्ना सम्बन्धी श्रीजयारि-मल्लदेवको पुष्याभिषेक गरेर राजालाई भोग गर्न मात्र दिनुभयो ।]

अत्रासीज्जयसिंहरामनृपतिः प्रख्यात भूमण्डले श्रीमान् श्रीभगवान् शिवः पशुपतिर्येन प्रतिष्ठापितः । येनैवापि जयार्ज्जुनो नरपतिः पुष्याभिषेकः कृतो येनासौ स्थितिराजमल्लनृपतिः पट्टाभिषेकीकृतः ॥

(जयसिंहरामको सम्झनामा राखिएको पनौती इन्द्रेश्वर–मन्दिरको ताम्रपत्रबाट । यो ताम्रपत्र वि. सं. २०२४ मार्गमा पूर्णिमा १४ अङ्कका १३०–१३३ पृष्ठमा रामजी तेवारी, धनवज्र वज्राचार्य, दिनेशराज पन्तद्वारा र वि. सं. २०२६ श्रावण २५ गते शनिवारको गोरखापत्रमा योगी नरहरिनाथद्वारा सम्पादित भई छापिएको छ । पूर्णिमा गोरखापत्र दुवैमा पुष्पाभिषेक पाठ छापिएको छ । संशोधन–मण्डलको सङ्ग्रहमा रहेको सो ताम्रपत्रको प्रतिलिपि हेर्दा यहाँको लिपिमा प तथा यको स्पष्ट भेद छुट्ट्याउन नसके तापनि यहाँ पनि शास्त्रसम्मत पुष्याभिषेक पाठ नै मैले दिएको छु ।)

[पृथ्वीभर प्रसिद्ध राजा जयसिंहराम यस शहरमा हुनुहुन्थ्यो । उहाँले भगवान् श्रीपशुपतिको प्रतिष्ठा गर्नुभयो । राजा जयार्जुनको पुष्याभिषेक उहाँले नै गर्नुभएको थियो । राजा स्थितिराजमल्लको पट्टाभिषेक उहाँले नै गर्नुभएको थियो ।]

(पूर्णिमा १४ अङ्कमा छापिएको अनुवादमा आवश्यक संशोधन गरी यो अनुवाद तयार गरिएको छ ।)

पुष्याभिषेक भएका यी ८ राजामध्ये रुद्रदेव, सोमेश्वरदेव र गुणकामदेव यी ३ जनाको पुष्याभिषेकको समय पनि पाइएकोले नेपालमा चलेको पुष्याभिषेकको स्वरूपको विषयमा विचार गर्न केही मदत मिलेको छ ।

रुद्रदेवको पालाको पाइएसम्ममा पहिलो सामान वि. सं. १२२४ चैत्र ११ गतेको हो तथा उनको पुष्याभिषेकचाहिँ वि. सं. १२२३ माघ २७ गते भएको हो भन्ने कुरा माथि परिसकेको छ । सोमेश्वरदेवको पालाको पाइएसम्ममा पहिलो सामान वि. सं. १२३५ मार्ग २२ गतेको छ[10] । उनको पुष्याभिषेकचाहिँ

१०. सम्वत्सरे नवाधिका, नवति, शतद्वये, मासे मार्ग्गशिरशुक्लषष्ठमे । राजाधिराजपरमेश्वरः रघुकुलतिलक-श्रीसोमेश्वरदेवस्य विजयराजे... ... ...

(केसरपुस्तकालयको ५२२ सङ्ख्याको प्रायश्चित्तोपदेशबाट । यो पुष्पिकावाक्य मेडिईभल् हिस्टरि अफ् नेपाल्को ७० पृष्ठमा र मेडिईभल् नेपाल्को पहिलो भागको १८७ पृष्ठमा छापिएको छ । मूलसँग रुजु गरी शुद्ध पाठ यहाँ दिइएको छ ।]

वि. सं. १२३५ मार्ग ७ गते भएको हो भन्ने पनि माथि परिसकेको छ। गुणकामदेवको पालाको पाइए-सम्भमा पहिलो सामान वि. सं. १२४३ को छ[11]। गुणकामदेवको पुष्याभिषेकचाहिँ वि.सं.१२४१ पौष १७ गते

---

[ने. सं. २९९ (वि. सं. १२३५) मार्गशुक्लषष्ठीको दिन। राजाधिराज परमेश्वर रघुकुलका टीका जस्ता श्रीसोमेश्वरदेवको विजयराज्यमा]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. २९९ (वि. सं. १२३५) मार्गशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| मार्ग | २२ | शुक्र | षष्ठी | ३४ | ४५ |

११. श्रीमद्गुणकामदेव संभुज्य नेपालदेश राज्य ।। स्वस्ति संवत ३०६ ।।

(वीरपुस्तकालय दोस्रो २१८ सङ्ख्याको मन्थानभैरवतन्त्रबाट)

[श्रीगुणकामदेवले भोग गरिरहनुभएको नेपालराज्यमा। ने. सं. ३०६ (वि. सं. १२४३])

श्रीलूच्यानो पेतेकले यो पुष्पिकावाक्यको पाठ यस्तो पढ्नुभएको छ–

श्रीमद्–गुणकामदेव–सम्भुज्य नेपालदेश रक्ष्य स्वस्ति सम्वत् ३१६.

(मेडिईभल् हिस्टरि अफ् नेपाल्को ७३ पृष्ठ)

यस वाक्यको बारेमा श्रीपेतेकले यस्तो लेख्नुभएको छ–

द लास्ट् डिज्इट् कुड् अल्सो बी रेड् ४, बट् सर्टिन्लि नट् ९, याज् इन् द ह्यान्ड्रिटन् क्याट्-अलग् अफ् द डर्बार् लाइब्रेरि।

(मेडिईभल् हिस्टरि अफ् नेपाल्को ७३ पृष्ठ)

[यहाँको पछिल्लो अङ्कलाई ४ पनि पढ्न सकिन्छ, तर वीरपुस्तकालयको लेखोट सूचीपत्रमा लेखे जस्तो ९ पढ्न त सकिँदै सकिँदैन।]

श्रीडिल्लीरमण रेग्मीले यो पुष्पिकावाक्यको पाठ यसरी पढ्नुभएको छ–

श्रीमद् गुणकामदेव संभुज्य नेपालदेशे राज्ये स्वस्ति सम्वत् ३०६

(मेडिईभल् नेपाल्को पहिलो भागका १९३–१९४ पृष्ठ)

यस वाक्यको बारेमा श्रीरेग्मीले यस्तो लेख्नुभएको छ–

पेतेक्...सेज् द्याट् द लास्ट् डिज्इट् कुड् बी रेड् याज् ४ बट् ही रेड् द मिड्ल् फिग्अर् याज् १ सो द्याट् द डेट् वज् रेन्डर्ड् ३१६; द मिड्ल् डिज्इट्,हाउएभ्अर्, लुक्स् डेफ्इनिट्लि ट बी० यान्ड् द लास्ट् मस्ट् बी ६।

(मेडिईभल् नेपाल्को पहिलो भागको १९४ पृष्ठ)

[पछिल्लो अङ्कलाई ४ पढ्न सकिन्छ भनी पेतेक भन्नुहुन्छ। तर उहाँले बीचको अङ्क १ पढ्नुभएको छ। यसरी संवत् ३१६ भन्ने अर्थ निकालियो। यसो भए तापनि बीचको अङ्क ० हो भन्ने पक्कै देखिन्छ तथा पछिल्लोचाहिँ ६ हुनुपर्छ।]

राष्ट्रिय अभिलेखालयले यस पुष्पिकावाक्यलाई यसरी पढेको छ–

श्रीमद्गुणकामदेव संपूज्य नेपालदेशराज्ये। स्वस्तिसंवत् ३०६

[राष्ट्रिय अभिलेखालयद्वारा सम्पादित श्रीनेपालराष्ट्रियाभिलेखालयस्थहस्तलिखितपुस्तकानां बृहत्सूचीपत्रम् (श्रीनेपाल राष्ट्रिय अभिलेखालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र) को चारौं भागको दोस्रो खण्डको ५६ पृष्ठ]

यहाँको संवत्लाई श्रीलूच्यानो पेतेकले ३१६ तथा श्रीडिल्लीरमण रेग्मीले र राष्ट्रिय अभिलेखालयका

पण्डितजीहरूले ३०६ पढ्नुभएको छ। मूल पुस्तक पल्टाई हेर्दा रेग्मीजी र पण्डितजीहरूको पाठ शुद्ध देखिएकोले मैले पनि ३०६ नै पाठ छापेको छु। मूल पुस्तकसँग रुजु गरी माथि शुद्ध पाठ दिइएको छ।

मेडिईभल् नेपाल्,कल्अफन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्को उपोद्घातमा श्रीतुलसीराम वैद्यले गुणकामदेवको शासनकालको विषयमा यस्तो लेख्नुभएको छ–

कल्अफन् नम्बर् ९ पुश्इज् ब्याक् द रेग्नल् यर् अफ् गुणकामदेव बाइ वन् यर् फ्रम् एन्. एस्. ३०६ ट ३०५। द प्रेजन्ट् म्यान्युस्क्रिप्ट् कन्फर्म्ज् दि एभ्इडन्स् अफ् द केसर् वंशावली ( फोलिओ ८ ) ह्विच् गिभ्ज् एन्. एस्. ३०५ पौष शुदि ७ अङ्गारवार ... ... याज् द डेट् अफ् हिज् कर्अनेशन्।

( १२ पृष्ठ )

[ नौ सङ्ख्याको पुष्पिकावाक्यले गुणकामदेवको राज्यवर्षलाई अरू १ वर्ष पर अर्थात् ३०६ बाट ३०५ मा पुऱ्याइदिएको छ। केसरवंशावली ( ८ पत्र)मा ने. सं. ३०५ पौषशुदि ७ अङ्गारवारमा गुणकामदेवको राज्याभिषेक भयो भनी लेखिएको कुरालाई यो पुस्तकबाट पनि पुष्टि मिलेको छ। ]

नौ सङ्ख्याको पुष्पिकावाक्यको परिचयमा त्यहाँको मितिको बारेमा श्रीहेमराज शाक्य र श्रीतुलसीराम वैद्यले यस्तो लेख्नुभएको छ–

डेट् : संवत् ३०५, इन् द रेन् अफ् राजा गुणकामदेव।

(मूल भागको १७ पृष्ठ)

[समय– संवत् ३०५, राजा गुणकामदेवको पालामा।]

श्रीशाक्य र श्रीवैद्यको ९ सङ्ख्याको पुष्पिका सोही ग्रन्थको मूल भागको १८ पृष्ठमा छापिएको छ। सो यस प्रकारको छ–

ये धर्माहेतु प्रभवा हेतुत्तेषान्तथागतो ह्यवदत्। तेषाञ्चयो निरोध एवं वादीमहाश्रमण: ।। ।। शरदि त्रिशते . . . . . धिगते दशमी गुरूवासर योगवरे पृथु पुण्ययये धृत्वतिवामकरे ।। राज्य श्रीगुणकामदेव जयिनो राजेर्के ऽर्क सद्धर्म जीक्ष प्रन्तत्रलि · · · · · · प्रज्ञापारमितेयमग्र जननी साद्धवरूग्मैवरै: शाक्य: शासन स · · · · · · · · · · · ·

( पाटन ओकुबहालमा रहेको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट )

यो वाक्यबाट ने. सं. ३०५ मा गुणकामदेव राजा थिए भन्ने अर्थ शाक्यजी र वैद्यजीले कसरी निकाल्नुभएको हो, केही बुझ्न सकिएन। शरदि त्रिशते (तीन सय वर्ष) पछि केही अक्षर टुटेको छ भन्ने कुरा यहाँको लेखाइबाट बुझिन्छ। यसरी यहाँ शतस्थानी अङ्कको मात्र उल्लेख आएको छ, दशस्थानी र एकस्थानी अङ्कको उल्लेख गुम भएको छ भन्ने देखिन्छ।

श्रीहेमराज शाक्य र श्रीतुलसीराम वैद्यले यो पुष्पिका छपाउनुभन्दा अगावै श्रीडिल्लीरमण रेग्मीले आफ्नो मेडिईभल् नेपाल्को पहिलो भागको १९३ पृष्ठमा यो पुष्पिका छपाउनुभएको छ। त्यहाँको पाठ तथा शाक्यजी र वैद्यजीको पाठमा केही अन्तर छ तापनि त्यहाँ पनि शतस्थानी अङ्कको मात्र उल्लेख परेको छ। रेग्मीजीले यस पुष्पिकाको संवत्को विषयमा केही लेख्नुभएको छैन। उहाँले पढ्नुभएको पाठचाहिँ यस प्रकारको छ–

शरदित्रिशति .... धिरवि गते दशमी गुरुवासरे योगवारे प्रिथुपुण्यपायो: .. वामकरे – राज्ये गुणकामदेव जयिनो राज्ये

यो पुष्पिकाबाट ने. सं. ३०५ मा गुणकामदेवको राज्य चलेको थियो भन्ने कुरा सिद्ध नभएकोले अहिलेलाई गुणकामदेवको पालाको पहिलो सामानको रूपमा माथि उल्लेख गरिएको ने. सं. ३०६ को पुष्पिकालाई नै मान्नु परेको छ।

भएको हो भन्ने कुरा माथि परिसकेको छ । यसरी जुन जुन राजाको पुष्याभिषेकका तिथिमिति पाइएका छन्, ती सबै राजाको पालाको पाइएसम्ममा पहिलो तिथिमितिभन्दा पहिल्यै पुष्याभिषेक भएको देखिएकोले गोपालराजवंशावली आदिमा उल्लेख गरिएको पुष्याभिषेक भनेको राज्याभिषेककै एक प्रकार हो कि भन्ने आभास पर्छ । राज्याभिषेकमा पुष्यस्नानको विधि गर्दा राम्रो हुन्छ भन्ने बृहत्संहिताको वचन तथा राजाको अभिषेक पुष्यस्नानको विधिले गर्नू भन्ने कालिकापुराणको वचन भएकोले र यी दुवै ग्रन्थको मल्लकालमा प्रचार देखिएकोले[12] पनि राज्याभिषेकको रूपमा पुष्याभिषेक भएको देखिन्छ ।

खास गरेर पुष्यनक्षत्रमा गरिने भएकोले यो अभिषेकले पुष्याभिषेक भन्ने नाउँ पाएको हो भन्ने कुरा माथि उद्धृत शास्त्रीय वचनबाट स्पष्ट बुझिन्छ । यसो हुँदा हुँदै पनि पुष्पाभिषेक भन्ने पाठ पनि लोकमा चलेको देखिएको छ[13] । पुष्याभिषेकको सट्टा पुष्पाभिषेक पाठ किन चल्यो भन्ने विषयमा पनि केही विचार गर्नु अप्रासङ्गिक नहोला भन्ने ठानी त्यसै गरिन्छ ।

राज्याभिषेकको साइतमा पुष्यनक्षत्रको महिमा भएकोले राज्याभिषेकमा राजाले चढ्ने रथले पुष्यरथ भन्ने नाउँ पाएको थियो[14] । तर पछिका मान्छेले पुष्यरथको त्यो भित्री अर्थ बिर्सी पुष्यरथको पाठान्तर पुष्परथ पढी पुष्परथको अर्थ फूल जस्तो सुकुमारी रथ भन्ने तानतुने व्युत्पत्ति गरेको देखिन्छ[15] । त्यस्तै गरी पुष्यनक्षत्रमा गरिने अभिषेक पुष्याभिषेक कहिएको हो भन्ने बिर्सी आथर्वणपरिशिष्टको तिष्य-

---

१२. वीरपुस्तकालयद्वारा सम्पादित नेपालराजकीयवीरपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् बृहत्सूचीपत्रम् ( नेपाल राजकीय वीरपुस्तकालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र ) को पहिलो भागमा बृहत्संहिताका नेवारी लिपिमा ताडपत्रमा लेखिएका ३ प्रतिको परिचय छापिएको छ [ १३२ ख–१३८ पृष्ठ ] । त्यही सूचीपत्रमा बृहत्संहिताका नेवारी लिपिमा कागतमा लेखिएको ४ प्रतिको परिचय छापिएको छ (१३७–१३८ पृष्ठ) । यीबाहेक राष्ट्रिय अभिलेखालयमा बृहत्संहिताका नेवारी लिपिमा कागतमा लेखिएका अरू ३ प्रति पनि छन् ( चौथो १६८३, पाँचौं ३५१०, ७७१९ सङ्ख्या) । केसरपुस्तकालयमा नेवारी लिपिमा कागतमा लेखिएको एक प्रति बृहत्संहिता छ ( ४०१ सङ्ख्या ) ।

बाबुकृष्ण शर्माद्वारा सम्पादित राष्ट्रियाभिलेखालयस्थहस्तलिखितप्राचीनपुस्तकानाम् बृहत्सूचीपत्रम् ( राष्ट्रिय अभिलेखालयमा रहेका पुराना लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र ) को आठौं भागमा कालिकापुराणका नेवारी लिपिमा कागतमा लेखिएका १२ प्रतिको परिचय छापिएको छ ( ३४–३९, ३३९ पृष्ठ )यीबाहेक राष्ट्रिय अभिलेखालयमा कालिकापुराणका नेवारी लिपिमा कागतमा लेखिएका अरू ३ प्रति पनि छन् ( पहिलो ९५८, १०१७, चौथो २६७५ सङ्ख्या ) ।

१३. आथर्वणपरिशिष्टको ६९ पृष्ठमा इति पुष्याभिषेकः को पाठान्तर इति पुष्पाभिषेकः छापिएको छ । वीरमित्रोदय राजनीतिप्रकाशका ११२–११४ पृष्ठमा आथर्वणपरिशिष्टका पुष्याभिषेकसम्बन्धी वचन उद्धृत गरिएका छन् । त्यहाँ २ ठाउँमा पुष्पाभिषेक र ३ ठाउँमा पुष्याभिषेक पाठ छापिएका छन् । सत्कर्मरत्नावलीको उत्तरार्धका ५१६–५१८ पृष्ठमा पनि तिनै वाक्य परेका छन् । तर त्यहाँ सर्वत्र पुष्पाभिषेक नै छापिएको छ ।

१४. पूर्णिमाको यही अङ्कमा छापिएको पुष्यरथ भन्ने मेरो निबन्ध ।

१५. असाविति । पुष्य इव रथ पुष्ये यात्रोत्सवादौ रथो वा । अन्तस्थमध्यः । पकारमध्यपाठे तु सुकुमारत्वात् पुष्पमिव रथः इति विग्रहः । एकं युद्धं विना यात्रोत्सवादौ सुखभ्रमणार्थस्य रथस्य ।

(अमरकोश २।८।५१ मा भानुजिदीक्षितको टीका )

[पुष्यनक्षत्र जस्तो रथ । अथवा पुष्यमा अर्थात् जात्रामात्रा चाडबाडमा चढ्ने रथ । पुष्यरथ शब्दको बीचमा अन्तस्थ (य) अक्षर छ । बीचमा प पढी पुष्परथ पाठ पढ्दा भने सुकुमारी भएकोले पुष्प अर्थात् फूल जस्तो रथ भन्ने विग्रह हुन्छ । यो एक शब्दले लडाइँमा बाहेक जात्रामात्रा चाडबाडमा आनन्दसँग घुमफिर गर्दा चढ्ने रथलाई बुझाउँछ ।]

नक्षत्रसंयुक्ते मुहूर्ते करणे शुभे (पुष्यनक्षत्र, असल करण, मुहूर्तमा) भन्ने पाठको सट्टा तिथिनक्षत्रसंयुक्ते मुहूर्ते करणे शुभे[16] (असल तिथि, नक्षत्र, करण, मुहूर्तमा) भन्ने पाठ पढी पुष्पाभिषेक भन्ने पाठ चलनमा आएको देखिन्छ। बृहत्संहितामा र कालिकापुराणमा विकल्पको रूपमा पुष्यनक्षत्र नपरेको समयमा पनि पुष्यस्नान गर्ने अनुमति दिइएकोले पनि पुष्याभिषेक भन्ने शुद्ध पाठ बिर्साउन मदत गरेको देखिन्छ। सत्कर्मरत्नावलीमा अयं चाभिषेक: प्रतिवर्षं महानवम्यां कर्तव्य:। 'पुष्पाभिषेको महानवम्याम्।...' इत्याथर्वणसूत्रात्[17] (यो अभिषेक महानवमीको दिन बर्सेनि गर्नुपर्छ। 'पुष्पाभिषेक महानवमीको दिन हुन्छ' भन्ने आथर्वणसूत्रको वचन छ) भनी लेखिएकोले र सत्कर्मरत्नावलीमै पुष्याभिषेकसम्बन्धी वचनको शीर्षकमा अथ प्रतिवर्षाभिषेक:[18] (अब बर्सेनि गरिने अभिषेकको विषय) भनी लेखिएकोले पुष्याभिषेकको विधि अरू अरू काममा पनि गरिने अनुमान हुन्छ।

यसो भए तापनि केही कोशकारहरूले पुष्पस्नानलाई पुष्यस्नानको, पुष्पाभिषेकलाई पुष्याभिषेकको पाठान्तर ठहराई पुष्पस्नान, पुष्यस्नान, पुष्पाभिषेक वा पुष्याभिषेकको अर्थ चन्द्रमा पुष्यनक्षत्रमा गएको बेलामा गरिने विशेष संस्कार भन्ने वास्तव अर्थ थाहा पाएका थिए[19]।

---

१६. वीरमित्रोदय राजनीतिप्रकाशको ११४ पृष्ठ। सत्कर्मरत्नावली उत्तरार्धको ५१७ पृष्ठ। आथर्वणपरिशिष्ट ६९ पृष्ठमा तिष्यनक्षत्रको पाठान्तर तिथिनक्षत्र दिइएको छ।

१७. सत्कर्मरत्नावली उत्तरार्धको ५१८ पृष्ठ।

१८. सत्कर्मरत्नावली उत्तरार्धको ५१६ पृष्ठ।

१९. पुष्प– स्नान,... भार्‌इआ लेक्‌टिओ फर् पुष्य– स्नान।

पुष्पाभिषेक, ... = पुष्प– स्नान, वराहमिहिर।

पुष्य– स्नान, ... अ पर्‌टिक्युलर् सेर्‌इमनि अफ् प्युरिफिकेशन् पर्‌फर्‌ड् ह्वाइल् द मून् इज् पास्‌इङ थ्रू दि यास्‌टर्‌इज्म् पुष्य, वराहमिहिर (भार्‌इआ लेक्‌टिओ पुष्प–स्नान)।

पुष्याभिषेक ... आइडेम्, इबाइडेम् (भार्‌इआ लेक्‌टिओ पुष्पाभिषेक)

[मोनियर मोनियर–विलियम्जको अ स्यान्‌स्क्रिट्–इङ्‌लिश् डिक्‌शन्‌अरि (संस्कृत–अङ्ग्रेजीकोश) को नयाँ संस्करण]

[पुष्प – स्नान पुष्य – स्नानको पाठान्तर।

पुष्पाभिषेक = पुष्प - स्नान, पुष्प - स्नानको उल्लेख वराहमिहिरले गरेका छन्[3]।

---

३. वराहमिहिरले पुष्पस्नान पाठ पनि दिएका छन् भनी यहाँ लेखिएको छ। यस विषयमा केही विचार गरिन्छ।

नेवारी लिपिमा ताडपत्रमा लेखिएका बृहत्संहिताका ३ प्रति वीरपुस्तकालयमा भएको कुरा माथि लेखिएको छ। ती प्रतिमा पुष्पस्नान पाठ छ कि पुष्यस्नान पाठ छ भनी अहिले हेर्न जाँदा चौथो १६२ सङ्ख्याको पुस्तक मात्र भेटियो। त्यस पुस्तकमा पुष्यस्नान लेखिएको छ। नेवारी लिपिमा कागतमा लेखिएका ७ प्रति बृहत्संहिता राष्ट्रिय अभिलेखालयमा भएको कुरा माथि परिसकेको छ। ती प्रतिमा पुष्पस्नान पाठ छ कि पुष्यस्नान पाठ छ भनी अहिले हेर्न जाँदा १ प्रति ( पहिलो ११९५ सङ्ख्या ) बाहेक अरू जम्मै प्रति त्यहाँ भेटिए। ती ६ प्रतिमध्ये २ प्रति ( पहिलो २८१, पाँचौँ ७७१९ सङ्ख्या ) मा पुष्यस्नानाध्याय भेटिएन। बाँकी ४ प्रति (पहिलो १५,२१७, चौथो १६८३, पाँचौँ ३५१० सङ्ख्या) मा पुष्यस्नान लेखिएको देखियो। वीरपुस्तकालयको सूचीपत्रमा देवनागरी लिपिमा कागतमा लेखिएको बृहत्संहिताको भट्टोत्पलको टीका पहिलो २९३ सङ्ख्यामा छ भनी लेखिएको छ ( पहिलो भाग १३८ पृष्ठ )। त्यस पुस्तकमा पुष्पस्नान पाठ छ कि

अब अन्त्यमा राज्याभिषेकको अवसरमा छापिएका दुइ लेखमा गरिएका पुष्याभिषेकको अर्थको विषयमा केही लेखिन्छ ।

कन्ट्रिबुयुशन्ज् ट नेपालिज् स्टड्ईज्को राज्याभिषेकविशेषाङ्कमा छापिएको श्रीधनवज्र वज्राचार्यको राज्याभिषेकको ऐतिहासिक महत्व भन्ने निबन्धमा यस्तो लेखिएको छ–

गोपालवंशावलीमा पुष्पाभिषेक गरिएका राजाहरूको लामो सूची परेको छ ।..आथर्वणपरिशिष्टमा "पुष्पाभिषेक" गर्ने विधान दिइएको छ । यस विधानको अन्त्यमा पुरोहितद्वारा मन्त्रिएको पुष्प आदि माङ्गलिक वस्तु राजाको शिरमा राखिने हुनाले यो अभिषेक "पुष्पाभिषेक" कहलिएको हो ।

(४,५ पृष्ठ)

---

पुष्य-स्नान चन्द्रमा पुष्यनक्षत्रमा रहिरहेको बेलामा गरिने विशेष संस्कारोत्सव । यसको चर्चा वराहमिहिरले गरेका छन् । यसको पाठान्तर पुष्प-स्नान।

पुष्याभिषेक यसको अर्थ पुष्य – स्नानको जस्तै । यसको चर्चा वराहमिहिरले गरेका छन् । यसको पाठान्तर पुष्पाभिषेक । ]

पुष्पस्नान ... "देखो पुष्यस्नान" ।

पुष्यस्नान .. विघ्न शांति के लिये एक स्नान जो पूस के महीने में चंद्रमा के पुष्य नक्षत्र में होने पर होता है । यह स्नान राजाओं के लिये है । कालिकापुराण और बृहत्संहिता में इस स्नान का पूरा विधान मिलता है ।

( श्यामसुन्दरदास, रामचन्द्र शुक्ल, जगन्मोहन वर्मा, अमीरसिंह, भगवानदीन, रामचन्द्र वर्माद्वारा सम्पादित हिंदी - शब्दसागर )

[ पुष्पस्नान पुष्यस्नान हेर ।

पुष्यस्नान विघ्नशान्तिको लागि गरिने स्नान । यो स्नान पूस महीनामा चन्द्रमा पुष्यनक्षत्रमा रहेको बेलामा गरिन्छ । यो स्नान राजाहरूको लागि हो । कालिकापुराण र बृहत्संहितामा यो स्नानको पूरा विधि पाइन्छ । ]

---

पुष्यस्नान पाठ छ भनी अहिले हेर्न जाँदा त्यो पुस्तक त भेटिएन, तर देवनागरी लिपिमा कागतमा लेखिएका अरू ४ प्रति ( पहिलो २३८,पाँचौं ५७१, ५७५,६१५४ सङ्ख्या)त्यहाँ भेटिए । ती प्रतिमध्ये १ प्रति(पाँचौं ५७५सङ्ख्या) मा पुष्यस्नानाध्याय भेटिएन । अरू ३ प्रतिको लेखाइबाट अर्को अक्षर जोडिएको प तथा यको भेद नछुट्टिने भएकोले ती प्रतिमा पुष्पस्नान लेखिएको हो कि पुष्यस्नान लेखिएको हो केही भन्न सकिएन । केसरपुस्तकालयमा नेवारी लिपिमा कागतमा लेखिएको बृहत्संहिता छ भनी माथि लेखिएको छ । त्यहाँ पुष्पस्नान पाठ छ कि पुष्यस्नान पाठ छ भनी अहिले हेर्न जाँदा सो पुस्तक त भेटिएन, देवनागरी लिपिमा कागतमा लेखिएको बृहत्संहिता ( २७४ सङ्ख्या )भेटियो । त्यहाँ पुष्यस्नान लेखिएको देखियो । पृथ्वीपति शाहको पालामा गोरखामा सारिएको बृहत्संहिता लक्ष्मीपतिसङ्ग्रहमा छ ( पूर्णिमाको यही अङ्कमा छापिएको दिनेशराज पन्तको गोरखाली राजाहरूका राज्यकाल भन्ने निबन्ध ) । सो पुस्तकमा पुष्पस्नान पाठ छ कि पुष्यस्नान पाठ छ भनी अहिले हेर्दा त्यहाँको लेखाइबाट अर्को अक्षर जोडिएको प तथा यको भेद नछुट्टिने भएकोले त्यहाँ पुष्पस्नान लेखिएको हो कि पुष्यस्नान लेखिएको हो केही भन्न सकिएन ।

बृहत्संहिताका छापा संस्करणमध्ये हेनरिख कर्न, जीवानन्द विद्यासागर, सुधाकर द्विवेदी, बलदेवप्रसाद मिश्र, अच्युतानन्द झाद्वारा सम्पादित यी पाँच संस्करण मैले हेरेको छु । कर्न, द्विवेदी, मिश्र र झाका संस्करणमा सर्वत्र पुष्यस्नान पाठ छापिएको छ । विद्यासागरको संस्करणमा चाहिँ एक ठाउँमा पुष्पस्नान र अरू सबै ठाउँमा पुष्यस्नान पाठ छापिएको छ । अजय मित्र शास्त्रीको इन्डिअ याज् सीन् इन् द बृहत्संहिता अफ् वराहमिहिर (वराहमिहिरको बृहत्संहितामा देखिएअनुसारको भारत) मा पुष्यस्नान लेखिएको छ ।

वि. सं. २०३१ फाल्गुन ८ गतेको द राइजिङ नेपाल् (उदयमान नेपाल) मा छापिएको श्रीगौतम-वज्र वज्राचार्यको द कर्‌अनेशन् अफ् द किङ्ज् अफ् नेपाल् (नेपालका राजाहरूको राज्याभिषेक) भन्ने निबन्धमा यस्तो लेखिएको छ–

... दर् वेर् टू काइन्ड्ज् अफ् रइअल् कन्सिक्रेशन्, दि वन् नोन् याज् पुष्प - अर् पुष्य - अभिषेक ( प्यूरिफिकेशन् सेर्‌इमनि लिट्अर्‌अल्लि "अन्‌इन्ट्मेन्ट् विथ् फ्लाउअर्ज् " ], दि अद्अर् पट्टाभिषेक अर् पट्टबन्ध ( कर्‌अनेशन् सेर्‌इमनि ) । ... अन्फर्‌ट्युनेट्लि, नो कन्टेम्पररि डिस्क्रिप्शन्ज् अफ् इट् आर् प्रिजर्भ्ड्, अल्दो द पप्युलर्‌इटि इन् नेपाल् अफ् सच् टेक्स्ट्स् याज् द कालिका – पुराण यान्ड् वराह-मिहिर'ज् बृहत् संहिता ह्वेर्‌इन् द पुष्पाभिषेक इज् डिस्क्राइब्ड् सजेस्ट्स् द्याट् दिस् वज् अल्सो द मेथ्अड् फल्ओड् इन् नेपाल् ।

( ५ पृष्ठ )

[ पुष्प वा पुष्य- अभिषेक (शब्दार्थ गर्दा "फूलले गरिने अभिषेक" भनिने संस्कारोत्सव ) एउटा र पट्टाभिषेक वा पट्टबन्ध (राज्याभिषेकोत्सव) नाउँका गरी राजाका अभिषेक गर्ने दुइ थरी पद्धति चलेका थिए। दुर्भाग्यवश यसका ( पुष्पाभिषेकका ) त्यही ताका लेखिएका बयान पाइएका छैनन् तापनि पुष्पाभिषेकको बयान परेका कालिकापुराण र वराहमिहिरको बृहत्संहिता जस्ता पुस्तकको नेपालमा चलती भएकोले नेपालमा यो पद्धतिको पनि अनुसरण हुन्थ्यो भन्ने बुझिन्छ। ]

"पुष्प आदि माङ्गलिक वस्तु राजाको शिरमा राखिने भएकोले यो अभिषेक "पुष्पाभिषेक" कहलिएको हो" भनी श्रीधनवज्र वज्राचार्यले र "पुष्पवा पुष्य- अभिषेक (शब्दार्थ गर्दा "फूलले गरिने अभिषेक" भनिने संस्कारोत्सव )" भनी श्रीगौतमवज्र वज्राचार्यले जो लेख्नुभएको छ, सो अशुद्ध छ भन्ने कुरा माथिका प्रमाणबाट सिद्ध हुन्छ।

# गोरखाली राजाहरूका राज्यकाल

–दिनेशराज पन्त

### द्रव्य शाह

सिंहासनारोहण – वि. सं. १६१६ भाद्र २५ गते

### पूर्ण शाह

### छत्र शाह

राज्यकालको पाइएको उल्लेख– वि. सं. १६६६ भाद्र

### राम शाह

राज्यकालको पाइएसम्मको पहिलो उल्लेख– वि. सं. १६७१

राज्यकालको पाइएसम्मको पछिल्लो उल्लेख– वि. सं. १६९३ श्रावण १८ गते

## डम्बर शाह

राज्यकालको पाइएसम्मको पहिलो उल्लेख– वि. सं. १६९९ कार्तिक २७ गते

राज्यकालको पाइएसम्मको पछिल्लो उल्लेख– वि. सं. १७०८ ज्येष्ठ १८ गते

## कृष्ण शाह

राज्यकालको पाइएको उल्लेख– वि. सं. १७१६ श्रावण ३ गते

## रुद्र शाह

राज्यकालको पाइएसम्मको पहिलो उल्लेख– वि. सं. १७२३ ज्येष्ठ २२ गते

राज्यकालको पाइएसम्मको पछिल्लो उल्लेख– वि. सं. १७३० ज्येष्ठ २१ गते

## पृथ्वीपति शाह

राज्यकालको पाइएसम्मको पहिलो उल्लेख– वि. सं. १७३४ पौष १६ गते

राज्यकालको पाइएसम्मको पछिल्लो उल्लेख– वि. सं. १७७३

## बीरभद्र शाह (युवराज अवस्थामै मृत्यु)

## नरभूपाल शाह

राज्यकालको पाइएसम्मको पहिलो उल्लेख– वि. सं. १७८३ श्रावण ४ गते

मृत्यु– वि. सं. १७९९ चैत्र २५ गते

### प्रमाण

## द्रव्य शाह

सिंहासनारोहण

शाक: शशीभेन्द्रविहीनित: स्याद् गोरक्षशैलाधिपते: शकाब्द:।
श्रीद्रव्यसाहस्य स एव नागाऽनलाऽक्षिहीनोऽत्र मया कृतोऽब्द: ॥२॥

(दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीपबाट)

[इष्ट शाकेबाट १४८१ घटाउनू, शेष गोरखाका राजा द्रव्य शाहको संवत् हुन्छ । द्रव्य शाहको संवत्‌बाट २३८ घटाउनू, यस शेषलाई यस ग्रन्थमा मैले वर्षगण मानेको छु ।]

(पूर्णिमा ११ अङ्कमा छापिएको रामजी तेवारीको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप भन्ने निबन्ध, सो अङ्कका ४९, ५० पृ.)

द्रव्यसाहो ... विधुवसुवेदभूसम्मितसंवत्सरे...भाद्रकृष्णाष्टम्यां...शर्वर्यां गोर्खाख्यराजभवनं सर्वतस्तत्रत्यप्रजाभि: सहैव सन्निरुध्य खड्केत्युपनामकं ... राजानं प्रेतराजभवनातिथि विधाय स्वयं तद्राजसिंहासनासीन: ...

(गोरक्षाधीशचम्पूबाट)

[द्रव्य शाहले शाके १४८१ (वि. सं. १६१६) भाद्रकृष्ण अष्टमीका दिन राति त्यहाँका मानिसहरूलाई साथ लिएर गोरखाको दरबारलाई चारैतिरबाट घेरेर खड्का राजालाई सिद्ध्याएर आफैं गोरखाको राजसिंहासनमा बस्नुभयो ।]

(पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५३८, ५४१ पृ.)

श्रीशाके १४८१ (वि. सं. १६१६) सालमा गोर्षाका गादिमा श्री ५ महाराजा द्रव्य शाह राज गर्नुभयाको हो.

(गोरखावंशावलीबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५५१ पृ.)

ताहाँपछि चाहिँदो सराजाम तयार गरी शास्त्रको मर्यादासित श्रीराजकुमार द्रव्य शाहकन सिंहासनमा बसाई शाके १४८१ (वि. सं. १६१६) सहकाल भाद्रवदि अष्टमी तिथि रोहिणी नक्षत्र बुधवारका दिन[1] श्रीनारायण पण्डितले राज्याभिषेकको काम छिनिसक्या ।

(भाषावंशावलीबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५४७, ५४९ पृ.)

## पूर्ण शाह

...ब्रह्मज्ञानी सुदानी धनद इव धनी तत्सुतो द्रव्यशाहिः । तूर्णं चक्रेऽरिचूर्णं तदधिपतनयः पूर्णकृत् पूर्णशाहिः

(राम शाहको पालामा चित्रविलासले बनाएको राजवंशावलीबाट)

[उहाँका (यशोब्रह्म शाहका) छोरा ब्रह्मज्ञानी, कुबेर जस्ता धनी, खूप दानी द्रव्य शाहले शत्रुलाई चाँडै धूलोपीठो पार्नुभयो । उहाँ महाराजका छोरा पूर्ण पार्ने पूर्ण शाह हुनुभयो ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५९२ पृ)

## छत्र शाह

राज्यकालको पाइएको उल्लेख

श्रीशाके १५३१ मासे ५ श्रीमहाराजछत्रशाहस्य कृतिः

( गोरखादरबारको रङ्गमहलको छिँडीको कुनामा रहेको नगराको अभिलेख )

[ शाके १५३१ (वि. सं. १६६६) भाद्र महीनामा श्रीमहाराज छत्र शाहले यो बनाउनुभएको हो । ]

(कैलाश १ वर्ष १ अङ्कमा प्रकाशित दिनेशराज पन्तको राम शाहको राज्यकाल–एक चर्चा भन्ने निबन्ध, सो अङ्कको ७७ पृ.)

## राम शाह

राज्यकालको पाइएसम्मको पहिलो उल्लेख

श्रीशाके १५३६

विधुगिरिरसपृथ्वीचिह्निते विक्रमाब्दे गतवति नृपरामो मानदः सज्जनानां ।
मठमधिकविधिज्ञो दिक्षु विक्षिप्तकीर्तिर्गणपतिप्रभृतीनां देवतानामकार्षीत् ॥१॥

( गोरखा पोखरीथोकको मुरलीधरनारायणमन्दिरको राम शाहको शिलालेखबाट )

[ शाके १५३६ वि. सं. १६७१ मा सज्जनहरूको मानमर्यादा गर्ने, देशविदेशमा कीर्ति फैलिएका, धेरै विधिविधान जान्ने राजा राम शाहले गणेश आदि देवताहरूको मठ (मन्दिर) बनाउनुभयो । ]

( श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५७२ पृ.)

राज्यकालको पाइएसम्मको पछिल्लो उल्लेख

वसुबाणशिवाननचेंदुयुते नृपशालिबाहसमये विगते। विदधे नृपराम मठं कुतुकात् शुचिदशमीयुक्तरवौ नभसि॥१॥

श्रीशाके १५५८

रामश्रांकरसेंद्वतीतसमये श्रीविक्रमार्कस्य वै शुद्धे श्रावणमासि भानुदिवसे युक्ते दशम्यां तथा ।
चक्रे राममहीपतिर्मठमसावानंदसंदोहदं श्रीमच्छंकरपादपद्मरजसा पूतः सदा शत्रुजित् ॥१॥

(गोरखा पोखरीथोकको रामेश्वरमन्दिरको राम शाहको शिलालेखबाट)

---

१. यस दिनको गणना यस प्रकारको छ–

शाके १४८१ (वि. सं. १६१६) भाद्रकृष्ण (पूर्णान्तमानले आश्विनकृष्ण)

| गते | | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|
| भाद्र | २५ | शुक्र | सप्तमी | २२। | ४१ | रोहिणी | ४९। | ४ |

(यस दिनको गणनाको विषयमा विशेष विचार श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५४७–५४९ पृष्टमा गरिएको छ।)

[शाके १५५८ श्रावण महीनामा आषाढ दशमी आदित्यवारका दिन (धर्ममा) चौचो भएका राजा राम शाहले मठ (मन्दिर) बनाउनुभयो।

त्यस्तै शाके १५५८ वि. सं. १६९३ चोखो श्रावण महीनामा दशमी आदित्यवारका दिन[2] श्रीशिवजीक पाउरूपी कमलका धूलाले पवित्र भएका, सधैं शत्रुलाई जित्ने ठहाँ राजा राम शाहले आनन्द दिने मठ (मन्दिर) बनाउनुभयो।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५५८–५५९ पृ.)

## डम्बर शाह

राज्यकालको पाइएसम्मको पहिलो उल्लेख

इति श्रीस्कंनदपुराणे केदारखंडे शैवशास्त्रे पंचत्रिशोध्यायः संपूर्णः ॥ ॥ ॥

श्रीशाके १५६४ मार्गश्रीर्षप्रतिपदि शुक्रे कृष्णपक्षे गोर्षानगरे शिवकिंकरमहाराजश्रीडम्बरसाहमहोग्रप्रतापाज्ञया श्रीमनोरथशर्मणा लिखितमिदं शिवशास्त्रपुस्तकं ॥

(वीरपुस्तकालय तेस्रो ६४ सङ्ख्याको शैवशास्त्रबाट)

[श्रीस्कन्दपुराणको केदारखण्डमा शैवशास्त्रको पैंतीसौं अध्याय सिद्धियो।

शाके १५६४ (वि. सं. १६९९) मार्गकृष्ण प्रतिपद् शुक्रवारको दिन[3] गोरखा शहरमा शिवजीका भक्त, ठूला प्रतापी महाराज श्रीडम्बर शाहको आज्ञाले श्रीमनोरथ शर्माले शिवशास्त्र सारिसिद्धयाए।]

(पूर्णिमा ३१ अङ्कमा छापिएको दिनेशराज पन्तको डम्बर शाहको राज्यकालमा एक विचार भन्ने निबन्ध, सो अङ्कको १८० पृ.)

राज्यकालको पाइएसम्मको पछिल्लो उल्लेख

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलीविराजमानमानोन्नतमहाराजाधिराजश्रीश्रीमड्डंबरसाहदेवानां सदा समरंविजइनां

आ. गंगाधर पाध्याके लुद्या वन वुट्यां उधो उगो रुष पोथ्रा दियालो भोर्लो फा.. न नदेव. गावघर सभै जरिया ... सुनाव.

संवत् १७०८ ज्येष्ठशुदि ७ रोज ६[4] ... ...

(भवानीप्रसादको सङग्रहमा रहेको पत्र। पूर्णिमा ३१ अङ्कमा छापिएको डम्बर शाहको राज्यकालमा एक विचार भन्ने निबन्ध, सो अङ्कको १८१ पृ.)

---

२. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १६९३ आषाढकृष्ण (पूर्णान्तिमानले श्रावणकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | १८ | आदित्य | दशमी | ३३। | २३ |

(यस दिनको गणनाको विषयमा विशेष विचार श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५५९–५६० पृष्ठमा गरिएको छ।)

३. यस दिनको गणना यस प्रकारको छ –

शाके १५६४ (वि. सं. १६९९) मार्गकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | २७ | शुक्र | प्रतिपद् | ३६। | ५२ |

(पूर्णिमा ३१ अङ्कमा छापिएको डम्बर शाहको राज्यकालमा एक विचार भन्ने निबन्ध, सो अङ्कको १८० पृ.)

४. यस दिनको गणना यस प्रकारको छ –

वि. सं. १७०८ ज्येष्ठशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | १८ | शुक्र | सप्तमी | ५४। | ४ |

(पूर्णिमा ३१ अङ्कमा छापिएको डम्बर शाहको राज्यकालमा एक विचार भन्ने निबन्ध, सो अङ्कको १८१ पृ.)

## कृष्ण शाह

### राज्यकालको पाइएको उल्लेख

इति श्रीचौरमहाकविना विरचिता श्लोकपञ्चासिका समाप्ता ।।

श्रीशाके १५८१ समये श्रावणदशम्यान्तिथौ रविवासरे श्रीश्रीमत्कृष्णसाहभुज्यमाने गोर्षाग्रामे लिषितं

( दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको चौरपञ्चाशिकाबाट )

[ श्रीचौर महाकविले बनाएको श्लोकपञ्चाशिका सिद्धियो ।

शाके १५८१ (वि. सं. १७१६) श्रावण दशमी तिथिमा आदित्यवारमा श्रीश्रीकृष्ण शाहले भोग गरिरहेको गोरखाग्राममा सारिसिद्धियो । ]

(पूर्णिमा ३१ अङ्कमा छापिएको डम्बर शाहको राज्यकालमा एक विचार भन्ने निबन्ध, सो अङ्कको १८१ पृ.)

## रुद्र शाह

### राज्यकालको पाइएसम्मको पहिलो उल्लेख

श्रीशाके १५८८

सोपानस्येह राजीमशितिविधितिथौ माधवे तीव्ररश्मावब्देर्कैविक्रमीयैः सरति सुरसरिन्ने त्रवाहाब्धिजातेः ।
राजश्रीरुद्रसाहः प्रथितबहुगजोचीकरत्पूर्वतस्तां राज्ञामायाः परेषामिव निलयतलेष्वागतेरुच्चनीचा ।। ।।

( गोरखादरबारको सिँढीको रुद्र शाहको अभिलेखबाट । यो अभिलेख योगी नरहरिनाथको सन्धि-पत्र-सङ्ग्रहका ६५९ तथा ७१९ पृष्ठमा छापिएको छ। पछि तुलसीराम वैद्य र धनवज्र वज्राचार्यको गोरखाको ऐतिहासिक सामग्रीको १६ पृष्ठमा यो अभिलेख छापिएको छ। गोरखाको ऐतिहासिक सामग्रीमा श्रीरुद्रशाहः, बहुगुणो पाठ छापिएको छ। )

### ३ पाउसम्मको अनुमित शुद्ध पाठ

श्रीशाके १५८८

सोपानस्येह राजीमशितिविधितिथौ माधवे तीव्ररश्मावब्देर्के विक्रमीये सरति सुरसरिन्नेत्रवाहाब्धिजाते ।
राजा श्रीरुद्रसाहः प्रथितबहुगुणोचीकरत्पूर्वतस्तां

[ शाके १५८८ वि. सं. १७२३ वैशाखकृष्ण द्वादशी आदित्यवारमा6 गुणी राजा श्रीरुद्र शाहले

---

५. यस दिनको गणना यस प्रकारको छ –

शाके १५८१ (वि. सं. १७१६) श्रावणकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | ३ | आदित्य | दशमी | ६० | ० |

(पूर्णिमा ३१ अङ्कमा छापिएको डम्बर शाहको राज्यकालमा एक विचार भन्ने निबन्ध,सो अङ्कको १८१ पृ.)

६. योगी नरहरिनाथले यस अभिलेखको बारेमा यस्तो लेख्नुभएको छ–

नष्ट घृष्ट अति दुष्पठ छ

(सन्धिपत्र – सङ्ग्रहको ७१९ पृ.)

श्रीतुलसीराम वैद्य र श्रीधनवज्र वज्राचार्यले यस अभिलेखको विषयमा आफ्नो ग्रन्थको प्रस्तावनामा यस्तो लेख्नुभएको छ–

अलि अप्ठेरो ठाउँमा यो अभिलेख रहेकोले पाठ ठम्याउन निकै गाह्रो छ । यसमा कुँदिएको श्लोकको अर्थ पनि राम्ररी खुल्दैन ।

(गोरखाको ऐतिहासिक सामग्रीको ५ पृ.)

माथिका यी उद्धरणबाट यो अभिलेखका तीनैजना सम्पादक आफूले पढेको पाठदेखि सन्तुष्ट नहुनुभएको र यस श्लोकको अर्थ उहाँहरूलाई राम्रोसँग नलागेको कुरा बुझिन्छ ।

वैशाखे माधवो राधः

(अमरकोश १।४।१६)

**यताबाट माधवको अर्थ वैशाख महीना देखिन्छ ।**

सूरसूर्यार्यमाऽऽदित्यद्वादशात्मदिवाकराः । .. भास्वद्विवस्वत्सप्ताश्वहरिदश्वोष्णरश्मयः ।

(अमरकोश १।३।२८–२९)

यताबाट उष्णरश्मिको अर्थ सूर्य देखिन्छ । यस कारण तीव्ररश्मि ( सूर्य) को वार अर्थात् आदित्यवार भन्ने अर्थ देखिन्छ ।

**शिती धवलमेचकौ**

(अमरकोश ३।३।८२)

यताबाट शितिको अर्थ सेतो र कालो दुवै हुने देखिन्छ । यस कारण शितिको अर्थ सेतो मानेमा अशितिको अर्थ कृष्णपक्ष तथा शितिको अर्थ कालो मानेमा अशितिको अर्थ शुक्लपक्ष हुने देखिन्छ ।

ब्रह्माऽऽत्मभूः सुरज्येष्ठः परमेष्ठी पितामहः । ... स्रष्टा प्रजापतिर्वेधा विधाता विश्वसृड् विधिः ।

(अमरकोश १।१।१६-१७)

यताबाट विधिको अर्थ ब्रह्मा देखिन्छ ।

तिथीशा वह्निकौ गौरी गणेशोऽहिर्गुहो रविः । शिवो दुर्गाऽन्तको विश्वे हरिः कामः शिवः शशी ।।३।।

(मुहूर्तचिन्तामणि शुभाशुभप्रकरण)

वह्निश्च कश्च वह्निकौ वह्निः अग्निः को ब्रह्मा ... गौरी पार्वती गणेशः प्रसिद्धः अहिः सर्पः गुहः स्वामिकार्तिकेयः रविः सूर्यः शिवो महादेवः दुर्गा जगदम्बा अन्तको यमः विश्वे विश्वे देवाः हरिर्विष्णुः कामो मदनः शिवः स एव शशी चन्द्रः ।

(मुहूर्तचिन्तामणिको पीयूषधाराटीका)

[प्रतिपदा तिथिका अग्नि, द्वितीया तिथिका ब्रह्मा, तृतीया तिथिका पार्वती, चतुर्थी तिथिका गणेश, पञ्चमी तिथिका नाग, षष्ठी तिथिका स्वामिकार्तिक, सप्तमी तिथिका सूर्य, अष्टमी तिथिका महादेब, नवमी तिथिका दुर्गा, दशमी तिथिका यमराज, एकादशी तिथिका विश्वेदेबाः, द्वादशी तिथिका विष्णु, त्रयोदशी तिथिका कामदेव, चतुर्दशी तिथिका महादेव, पूर्णिमा तिथिका चन्द्रमा मालिक हुन्छन्]

यताबाट द्वितीया तिथिका मालिक ब्रह्माजी देखिन्छन् । यस कारण विधिको अर्थ द्वितीया भन्ने देखिन्छ ।

यतासम्मका कुराबाट वि. सं. १७२३ वैशाखकृष्ण द्वितीया आदित्यवार अथवा वि. सं. १७२३ वैशाखशुक्ल द्वितीया आदित्यवारमा यो शिलालेख राखिएको देखिन्छ ।

अब सर्वप्रथम वि. सं. १७२३ वैशाखकृष्ण द्वितीयाको गणना गरिन्छ ।

वि. सं. १७२३ वैशाखकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | १३ | मङ्गल | द्वितीया | ५५। | ७ |

वि. सं. १७२३ वैशाखकृष्ण द्वितीयामा मङ्गलवार परेकोले गणना मिलेन ।

अब वि. सं. १७२३ वैशाखशुक्ल द्वितीयाको गणना गरिन्छ ।

वि. सं. १७२३ वैशाखशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | २९ | बृहस्पति | द्वितीया | २०। | १९ |

वि. सं. १७२३ वैशाखशुक्ल द्वितीयामा बृहस्पतिवार परेकोले गणना मिलेन।

गोरखामा धेरैंजसो पूर्णान्तमानकै प्रयोग हुन्थ्यो तापनि अमान्तमानको प्रयोग पनि पाइन्छ (यही निबन्धका २९,३० पृ. )। यस कारण अमान्तमानले गणना मिल्छ कि भनी विचार गर्नुपरेको छ।

वि. सं. १७२३ वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | १२ | बृहस्पति | द्वितीया | १८। | ५५ |

वि. सं. १७२३ अमान्तमानले वैशाखकृष्ण द्वितीयामा पनि बृहस्पतिवार आयो र गणना मिलेन।

यतासम्मका कुराबाट यो अभिलेख वि. सं. १७२३ वैशाखकृष्ण द्वितीया वा वि. सं. १७२३ वैशाखशुक्ल द्वितीयामा राखिएको होइन भन्ने देखिन आएकोले यस विषयमा बढी विचार गर्नुपरेको छ।

**विष्णुनाम।**

विष्णुः कृष्णः केशवो मञ्जुकेशी श्रीवत्साङ्कः श्रीपतिः पीतवासाः।
विश्वक्सेनो विश्वरूपो मुरारिः शौरिः शार्ङ्गी पद्मनाभो मुकुन्दः ॥२१॥
गोविन्दो धरणिधरः सुपर्णकेतुर्वैकुण्ठो जलशयनश्चतुर्भुजश्च ।
दैत्यारिर्मधुमथनो रथाङ्गपाणिर्दाशार्हः क्रतुपुरुषो वृषाकपिः स्यात् ॥२२॥
जनार्दनाऽधोक्षजवासुदेवं दामोदरं श्रीधरमच्युतं च। उपेन्द्रमिन्द्रावरजं च बभ्रुं हरिं हृषीकेशमुदाहरन्ति॥२३॥
आत्मभूः पुण्डरीकाक्षः श्रीवत्सो विष्टरश्रवाः। नारायणो जगन्नाथो वनमाली गदाधरः ॥२४॥
सनातनो जिनः शम्भुर्विधिर्वेधा गदाग्रजः। कैटभारिरजो जिष्णुः कंसजित् पुरुषोत्तमः ॥२५॥

(हलायुधकोशबाट। वि. सं. १९३० मा काशीबाट प्रकाशित षट्कोषसङ्ग्रहअन्तर्गत हलायुधकोशको २ पृष्ठ तथा जयशङ्कर जोशीद्वारा सम्पादित हलायुधकोशको दोस्रो संस्करणका ३-४ पृ.)

यताबाट विष्णुको पर्याय विधि देखिन आयो। माथि उद्धृत मुहूर्तचिन्तामणिको श्लोकबाट विष्णु द्वादशी तिथिका मालिक हुन् भन्ने देखिन्छ। यसरी यो अभिलेख वि. सं. १७२३ वैशाखकृष्ण द्वादशी आदित्यवार वा वि. सं. १७२३ वैशाखशुक्ल द्वादशी आदित्यवारमा राखिएको आभास पर्न आउँछ। अब निर्णयको लागि गणना गरिन्छ।

सबभन्दा पहिले वि. सं. १७२३ वैशाखकृष्ण द्वादशीको गणना गरौं।

वि. सं. १७२३ वैशाखकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | २४ | शनि | द्वादशी | १। | ११ |

वि. सं. १७२३ वैशाखकृष्ण द्वादशीमा शनिवार परेकोले गणना मिलेन।

अब वि. सं. १७२३ वैशाखशुक्ल द्वादशीको गणना गरिन्छ।

वि. सं. १७२३ वैशाखशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | ७ | शनि | द्वादशी | ४३। | ४० |

वि. सं. १७२३ वैशाखशुक्ल द्वादशीमा पनि शनिवार परेकोले गणना मिल्न आएन।

अब अमान्तमानले वैशाखकृष्ण द्वादशीमा गणना मिल्छ कि विचार गरिहालौं।

वि. सं. १७२३ वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | २२ | आदित्य | द्वादशी | ४१। | २४ |

यहाँ गणना मिल्न आयो ।

भन्याङका सिँढी बनाउन लाउनुभयो । ]

राज्यकालको पाइएसम्मको पछिल्लो उल्लेख

स्वस्ति श्रीगिरिराजचक्रचूडामनिनरनारायनेत्यादिविवधबिरुदावलिविराजमानमानोन्नतमहाराजाधिराजश्रीश्रीमद्रुद्रसाहदेवानां सदा समरविजइनां लि

श्रीपर्त्तिमन पाध्याक कर्ज लिहल रुपैया येक सय बिस अंकेपि १२० भाका ब्याज अर्द्ध सवाइ देना.

संवत् १७३० ज्येष्टशुदि १४ रोज २[7] मुकाम गोर्षा शुभं

(लक्ष्मीपतिसङ्ग्रहमा रहेको पत्र । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५९७ पृ.)

## पृथ्वीपति शाह

राज्यकालको पाइएसम्मको पहिलो उल्लेख

श्रीशाके नवनंदबाणहिमगौ पौषे शनौ तोयभे श्रीपृथ्वीपतिसाहभूपनृपतौ गोर्षाचलं शासति ।।

वाराहीमलिखद् यथाप्रति शुभामेतां महासंहितां श्रीविश्वेश्वरदैवविन्नरपतेराज्ञामवाप्योज्ज्वलां ।।

(लक्ष्मीपतिसङ्ग्रहमा रहेको बृहत्संहिताबाट)

[शकसंवत् १५९९ (वि. सं. १७३४) पौष महीना शनिबार पूर्वाषाढा नक्षत्रमा[8] राजा पृथ्वीपति शाहले गोरखामा राज्य गरिरहनुभएको वेलामा राजाको आज्ञानुसार ज्योतिषी विश्वेश्वरले वराहमिहिरले बनाएको यो असल ठूलो संहिता (बृहत्संहिता) लाई मूल प्रतिअनुसार लेखे । ]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ६२० पृ.)

राज्यकालको पाइएसम्मको पछिल्लो उल्लेख

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतमहाराजाधिराजश्रीश्रीमत्पृथ्विपतिसाहदेवानां सदा समरविजइनां

आगे मानिक घलेके अजित्गढ जागिर दिहल.

इति संवत् १७७२ शुभम्

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीको ८६ पृ.)

---

यस कारण वि. सं. १७२३ ज्येष्ठ २२ गते वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) द्वादशी आदित्यवारमा यो अभिलेख राखिएको देखिन्छ ।

रुद्र शाहको यो अभिलेखबाट विधि शब्दको द्वादशीको अर्थमा पनि प्रयोग भएको एक नयाँ उदाहरण देखिन गएको छ तथा गोरखामा अमान्तमानको पनि प्रयोग हुन्थ्यो भन्ने कुरालाई बढी बल मिलन गएको छ ।

७. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १७३० ज्येष्ठशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| ज्येष्ठ | २१ | सोम | चतुर्दशी | ३१। ३४ |

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५९७ पृ.)

८. यस दिनको गणना यस प्रकारको छ–

शाके १५९९ (वि. सं. १७३४) पौषशुक्ल

| | गते | वार | तिथि | घडी | नक्षत्र | घडी |
|---|---|---|---|---|---|---|
| पौष | १६ | शनि | प्रतिपद् | १७ | पूर्वाषाढा | १५ |

(पात्रोबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ६२० पृ.)

## वीरभद्र शाह

तस्यां धर्ममतिः स्म राजति पुरा पृथ्वीपतिः क्ष्मापतिः...।।३।। तस्येलावलयाधिपालपटलीमूर्द्धन्यमौल्युल्लसन्माणिक्योत्तमदीपिकांशुनिकरैर्नीराजिताङ्घ्रिः प्रिया .. । लेभे कीर्तिसुधाकरं तनुभुवं श्रीवीरभद्राभिधम् ।।४।। आख्यामर्थविदां वरः स विदधे नॄणां भुवः पालकोऽसावित्यर्थवतीं नराग्रिमलसद्भूप।लसंराजितान् । तस्मिन् बालसुधामरीचिरुचिरे बाले बलारेः पुरीं सोत्साहं प्रययौ युवाऽपि पितरि प्रत्यर्पयन् तां श्रियम् ।।७।।

(वि. सं. १८२७ मा ललितावल्लभले बनाएको पृथ्वीन्द्रवर्णोदयबाट)

[त्यहाँ (गोरखामा) उहिले धर्मात्मा राजा पृथ्वीपति हुनुहुन्थ्यो ।

भूमण्डलका राजाहरूको शिरपेचमा रहेको टलटल टल्कने माणिकको चहकले पाउ सिँगारिएका उहाँ राजाकी महारानीले राम्ररी नाउँ चलेका वीरभद्र नामका छोरा जन्माउनुभयो ।

राम्रो अर्थ बुझ्ने वीरभद्रले यिनी देश र दुनियाँको हेरविचार गर्ने होऊन् भनेर अर्थ मिल्दो नरभूपाल भन्ने (छोराको) नाउँ राख्नुभयो । बालचन्द्रमा जस्ता राम्रा छोरा केटाकेटी छँदैमा युवराज वीरभद्र (आफूले पाउने भएको) त्यो राज्यलक्ष्मी बुबालाई नै सुम्पेर जवानीमै स्वर्ग हुनुभयो ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ४३७, ४३८, ४५१ पृ.)

## नरभूपाल शाह

राज्यकालको पाइएसम्मको पहिलो उल्लेख

इति श्रीगीतगोविन्दे चतुर्विंशतिवमप्रबन्धे स्वाधिनभर्तृकावर्णने द्वादशः शर्गः ।। ।।

स्वस्ति श्रीशाके१६४८ ।। मा श्रावण दिन ४ सोमवासरे तिथौ १ गोर्षास्थले श्रीनरभूपालसाहराजसमये श्रीलक्ष्मीनारायणयोर्तिविदा लिखितमिदं पुस्तकं स्वार्थपाठार्थं समाप्त

(वीरपुस्तकालय तेस्रो ८४ सङ्ख्याको गीतगोविन्दबाट)

[ गीतगोविन्दको चौबीसौँ प्रबन्धमा स्वाधीनभर्तृकावर्णननामक बाह्रौँ सर्ग सम्पूर्ण भयो ।

शाके १६४८ (वि. सं. १७८३) श्रावणमा प्रतिपदामा श्रावण ४ गते सोमवारका दिन[9] गोरखामा श्रीनरभूपाल शाहले राज्य गरिरहनुभएको बेलामा ज्योतिषी श्रीलक्ष्मीनारायणले आफूलाई पाठ गर्नाका निमित्त सारेको यो पुस्तक सम्पूर्ण भयो ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीका ८८-८९ पृ.)

### मृत्यु

सं. १७९९ शा. १६६४ रामनवमि[10] नरभूपाल मुक्त भया.

(मोहननाथ पाँडेको सङ्ग्रहमा रहेको संपुटबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ४९९ पृ.)

-o-

---

९. यस दिनको गणना यस प्रकारको छ –

शाके १६४८ (वि. सं १७८३) श्रावणकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | ४ | सोम | प्रतिपद् | २२। | ४५ |

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश वक्तव्य, विषयसूची. शुद्धिपत्र तथा टिप्पणीको ८९ पृ.)

१०. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १७९९ चैत्रशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | २५ | बुध | नवमी | ८। | ५५ |

# शुभराज्याभिषेकको अवसरमा छापिएका दुइ प्राज्ञका प्रज्ञाहीन कृति

– दिनेशराज पन्त

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति श्रीसूर्यविक्रम ज्ञवालीले लेख्नुभएको नेपालका शाहवंशीय राजाहरूनामक पुस्तक र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य सचिव श्रीसत्यमोहन जोशीले लेख्नुभएको राजमुकुट र राज्याभिषेकनामक पुस्तक शुभराज्याभिषेकको अवसरमा श्री ५ को सरकार सञ्चारमन्त्रालय सूचनाविभागद्वारा प्रकाशित भएका छन्। प्राज्ञपदले विभूषित व्यक्तिहरूले लेखेका पुस्तक शुद्ध होलान् भनी सबैले ठान्नु स्वाभाविक हो। तर यी दुवै पुस्तक सरसरी हेर्दाखेरि पनि यिनमा इतिहाससम्बन्धी धेरै भद्दा भूल देखिए। विद्वान् कहलाएका व्यक्तिहरूको लेखाइ लोकमा प्रामाणिक ठानिने हुनाले यसबाट लोकमा भ्रम नपरोस् भनी उदाहरणको रूपमा त्यहाँ परेका केही अशुद्धिको दिग्दर्शन यस निबन्धमा गराइन्छ।

कृष्ण शाहको ११ वर्षको औ उनका छोरा रुद्र शाहको १७ वर्षको राज्यकाल पनि शान्तिपूर्वक बित्यो।

(नेपालका शाहवंशीय राजाहरूको ६ पृ.)

यहाँ ज्ञवालीज्यूले कृष्ण शाहको राज्यकाल ११ वर्ष र रुद्र शाहको राज्यकाल १७ वर्ष मान्नुभएको छ।

| | |
|---|---|
| कृष्ण शाह | १६४५ – १६६१ |
| रुद्र शाह | १६६१ – १६७३ |

(नेपालका शाहवंशीय राजाहरूको २१ पृ.)

यहाँ ज्ञवालीज्यूले कृष्ण शाहको राज्यकाल ई. सं. १६४५–१६६१ अर्थात् १६ वर्ष र रुद्र शाहको राज्यकाल ई. सं. १६६१–१६७३ अर्थात् १२ वर्ष मान्नुभएको छ।

यसरी ज्ञवालीज्यूले १५ पृष्ठअघि एउटा कुरा र १५ पृष्ठपछि अर्को कुरा लेख्नुभएको देखिएकोले ज्ञवालीज्यूबाट नयाँ अन्वेषण त के होला, उहाँ एउटै ग्रन्थमा एकैनासको कुरा लेखनसमेत सक्नुहुन्न भन्ने स्पष्ट देखिन्छ।

एक वर्ष जत्तिको यो घेराले कीर्तिपुरेहरूलाई साह्रै निर्धो तुल्यायो र १७६५ ई. को आरम्भमा उनीहरूले आत्मसमर्पण गरे।

कीर्तिपुरको पतनपछि काठमाडौं, पाटन आदि राज्यका सम्मुख अब नैराश्यबाहेक अरू थोक केही रहेन।

(नेपालका शाहवंशीय राजाहरूको ११ पृ.)

यहाँ ज्ञवालीज्यूले ई. सं. १७६५ को प्रारम्भ (वि. सं. १८२१ को हिउँद) मा कीर्तिपुर विजय भयो भनी लेख्नुभएको छ ।

अब यसको परीक्षा गरिन्छ ।

संवत् १८२२ प्रथम चै. शु. २ रो. ४ कीर्तिपुरी अं.

(त्रिरत्नसौन्दर्यगाथाको परिशिष्टबाट । पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ८७५ पृ.)

शाके १६८७ मासे १२ दिनगता ३ बुधवासरे रात्रौ गतघटिका १२ आधा किर्तिपुर पस्या । प्रवेस हाम्रा काजि वंसराज पाडे । रा. ग. घ. ३ सबै हात भयो । काजी फौदका

(कुलानन्द ढकालका नातिहरूले श्री ५ राजेन्द्रमा चढाएको फेहरिस्तबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेश वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीको ११५ पृ.)

साके १६८७ मासे १२ दिन ३ रोज ४ रात्रिघटी १२ मा आधा कृतीपुरमा पस्या, प्रवेश बाँकी रात्रिगतघटी ३ मा सबै हात भयो ।

(गोरखालीहरुको सैनिक इतिहासबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५२३ पृ.)

शाके १६८७ (वि. सं. १८२२) नष्ट (अधिक) चैत्रशुक्ल २ का दिन रात्रि कोटमा रहन्याहरूमध्ये गोर्खातिर मिल्न जाई गोर्खामहाराजबाट गयाका लश्करलाई कीर्तिपुरका प्रजाहरू जम्मा भई चिराक बाली कीर्तिपुरको कोटघरमा प्रवेश गराया ।

(भाषावंशावलीबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ८७५ पृ.)

माथिका प्रमाणबाट वि. सं. १८२२ चैत्र ३ गते कीर्तिपुरविजय भएको स्पष्ट हुन्छ। यस कारण वि. सं. १८२१ को हिउँदमा कीर्तिपुर विजय भयो भनी ज्ञवालीज्यूले लेख्नुभएको कुरा अशुद्ध ठहर्छ ।

| | |
|---|---|
| छत्र शाह | १६०५ – १६०६ |
| राम शाह | १६०६ – १६३६ |
| डम्बर शाह | १६३६ – १६४५ |
| कृष्ण शाह | १६४५ – १६६१ |

(नेपालका शाहवंशीय राजाहरूको २१ पृ.)

यहाँ ज्ञवालीज्यूले छत्र शाहले ई. सं. १६०५ देखि १६०६ सम्म (वि. सं.१६६२ देखि १६६३ सम्म), राम शाहले ई. सं. १६०६ देखि १६३६ सम्म (वि. सं. १६६३ देखि १६९३ सम्म), डम्बर शाहले ई. सं. १६३६ देखि १६४५ सम्म (वि. सं. १६९३ देखि १७०२ सम्म), कृष्ण शाहले ई. सं. १६४५ देखि १६६१ सम्म (वि. सं. १७०२ देखि १७१८ सम्म) राज्य गरे भनी लेख्नुभएको छ ।

अब यसको परीक्षा गरिन्छ ।

राजा छत्र शाहको वि. सं. १६६६ को अभिलेख पाइएकोले छत्र शाहले वि. सं. १६६३ सम्म राज्य गरे तथा वि.सं. १६६३ मै राम शाह राजा भए भन्ने ज्ञवालीज्यूको भनाइमा केही सार छैन भन्ने स्पष्ट हुन्छ । राजा डम्बर शाहको वि. सं. १७०८ को पत्र पाइएकोले वि. सं. १७०२ सम्म डम्बर शाहले राज्य गरे तथा वि. सं. १७०२ मै कृष्ण शाह राजा भए भन्ने ज्ञवालीज्यूको भनाइमा केही सार छैन भन्ने स्पष्ट हुन्छ [1] ।

माथिका यी कुराबाट ज्ञवालीज्यूको यो पुस्तक ऐतिहासिक दृष्टिले अशुद्ध छ भन्ने स्पष्ट हुन्छ ।

---

१. यस विषयका प्रमाण यही अङ्कमा छापिएको गोरखाली राजाहरूका राज्यकालनामक मेरो निबन्धमा छन् ।

राजा द्रव्य शाहका पनाती श्री राम शाह...

(राजमुकुट र राज्याभिषेकको ८६ पृ.)

यहाँ सत्यमोहनजीले द्रव्य शाहका पनाति राम शाह हुन् भनी लेख्नुभएको छ ।

द्रव्य शाह
।
पूर्ण शाह
।
क्षेत्र शाह — राम शाह

( राजमुकुट र राज्याभिषेकको १३० पृ. )

सत्यमोहनजीले दिनुभएको यो वंशक्रमबाट द्रव्य शाहका नाति राम शाह देखिन्छन् ।

यताबाट सत्यमोहनजीले ४४ पृष्ठअघि एउटा कुरा र ४४ पृष्ठपछि अर्कै कुरा लेख्नुभएको देखिएको छ। ज्ञवालीज्यूले पनि एउटै ग्रन्थमा दुइटा कुरा लेख्नुभएको उदाहरण माथि दिइसकिएको छ। यताबाट प्रज्ञाप्रतिष्ठानका कुलपति तथा सदस्य सचिव दुवैमा नयाँ अन्वेषण गर्ने योग्यता त के होला, एउटै ग्रन्थमा एकैनासको कुरा लेख्न सक्ने योग्यतासमेत छैन भन्ने स्पष्ट हुन्छ ।

ललितपुरको राजसिंहासन खाली हुँदा, ललितपुरका प्रजाहरूले भास्कर मल्ललाई नै राजगद्दीमा बसाली राजतिलक दिए। पछि ललितपुरमा राजा हुने सिद्धिनृसिंह मल्लले पनि आफ्नो जिउनीमै छोरा श्री निवास मल्ललाई राजगद्दीमा बसाली राजतिलक दिए र आफू राजर्षि बने ।

(राजमुकुट र राज्याभिषेकको ८६ पृ.)

यहाँ सत्यमोहनजीले भास्कर मल्लभन्दा पछि सिद्धिनृसिंह राजा भएका हुन् भनी लेख्नुभएको छ । अब यसको परीक्षा गरिन्छ ।

सम्वत् ७३९ माघे मासि कृष्णपक्षे पञ्चम्यां तिथौ हस्तनक्षत्रे धृतियोगे आदित्यवासरे ... श्रीश्रीसिद्धिनरसिंहमल्लप्रभुथाकुलसन एकच्छत्रन राज्य याले लुंछत्र दुंता जुरो ।

(सुनागूठी भृङ्गारेश्वरको अभिलेखबाट)

[ने. सं. ७३९ (वि. सं. १६७५) माघकृष्ण पञ्चमी हस्तनक्षत्र धृतियोग आदित्यवारका दिन श्रीश्रीसिद्धिनरसिंह मल्ल प्रभु ठाकुरले एकच्छत्र राज्य गरिहनुभएको वेलामा सुनको छत्र चढाइयो।]

(धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास–संशोधनको प्रमाण-प्रमेयको मूल भागका १६–१७ पृ.)

यताबाट वि. सं. १६७५ तिर सिद्धिनरसिंह मल्ल राजा थिए भन्ने देखिन्छ ।

सम्वत् ८४२ भाद्रपद दशमि थ्व श्री ३ भास्कर मल्ल अभाग जुओ.

(देवहर्ष वज्राचार्यको सङग्रहको ठ्यासफुबाट)

[ने. सं. ८४२ (वि. सं. १७७९) भाद्र महीना दशमीमा श्री ३ भास्कर मल्लको मृत्यु भयो ।]

[पूर्णिमा २ अङ्कमा छापिएको शङ्करमान राजवंशीको महीन्द्रसिंह (भास्कर मल्ल) को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या भन्ने निबन्ध, सो अङ्कको ६० पृ.]

यताबाट वि. सं. १७७९ भाद्रमा भास्कर मल्लको मृत्यु भएको देखिन्छ ।

वि. सं. १६७५ मै राजाको रूपमा देखिइसकेका व्यक्ति वि. सं. १७७९ मा मरेका व्यक्तिपछि कसरी राजा हुन्छन् ? यस कारण भास्कर मल्लपछि सिद्धिनरसिंह राजा भए भनी सत्यमोहनजीले लेख्नुभएको अशुद्ध ठहर्छ ।

२७,२८ वर्षमा राजा भएका श्री ५ प्रतापसिंह शाह ..

(राजमुकुट र राज्याभिषेकको ८८ पृ.)

यहाँ सत्यमोहनजीले प्रतापसिंह राजा हुँदा २७,२८ वर्षका थिए भनी लेख्नुभएको छ। अब यसको परीक्षा गरिन्छ।

श्रीशाके १६७३ जेष्टमासे शुक्लपक्षनवम्याम् तिथौ घटी १७।४५ त्रस्य तिथौ जन्म ... श्रीपृथ्वीनारायणस्य २ भा १ पुत्र ...

(गोरखा पोखरीथोकका अर्ज्यालकहाँ रहेको पुस्तकबाट। मोहनप्रसाद खनालको अभिलेख–सङ्कलनको ७२ पृ.)

[श्रीशाके १६७३ (वि. सं. १८०८) ज्येष्ठशुक्ल नवमीको दिन[2] १७ घडी ४५ पला जाँदा श्रीपृथ्वीनारायणका दोस्री गृहिणीमा जेठा छोराको जन्म भयो।]

सं. १८०८ शा. १६७३ ... श्रीसीहप्रतापस्य (श्रीप्रतापसिंहस्य) जन्म

(मोहननाथ पाँडेको सङ्ग्रहमा रहेको संपुटबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५०० पृ.)

यताबाट श्री ५ प्रतापसिंहको जन्म वि. सं. १८०८ ज्येष्ठ २३ गते भएको देखिन्छ।

सं. १८३१ शा. १६९६ पौषशुदि १० मकरसंक्रांतीमा पृथ्विनारायण मुक्त भया. गताब्दा ५२. सिहप्रतापले (प्रतापसिंहले) राज्य पाया.

(मोहननाथ पाँडेको सङ्ग्रहमा रहेको संपुटबाट । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५०१ पृ.)

यताबाट प्रतापसिंह वि. सं. १८३१ माघमा राजा भएका देखिन्छन् ।

माथिका प्रमाणबाट प्रतापसिंह राजा हुँदा २३ वर्ष पुगी २४ वर्ष लागेका देखिन्छन् । यस कारण प्रतापसिंह राजा हुँदा २७,२८ वर्षका थिए भनी सत्यमोहनजीले लेख्नुभएको कुरा अशुद्ध देखिन्छ ।

वि. सं. १२०० तिर 'काष्ठमण्डप'को उल्लेख देखा पर्दछ। काष्ठमण्डपको अर्थ हो एउटै विशाल रूखका काठहरूबाट निर्मित मण्डप भएको मन्दिर र यसको प्रतीक अद्यापि विद्यमान नै छ । र, आज यही काष्ठमण्डपबाट कान्तिपुर अथवा काठमाडौं भन्ने नाम प्रचलित भैरहेको छ । अनि सोह्रौं शताब्दीको मध्यभागतिर काठमाडौंका मल्ल राजा महेन्द्र मल्लका पालामा तलेजु भवानीको गगनचुम्बी विशाल मन्दिर बनिएपछि, सोही मन्दिरसंग जोडिएको राजप्रासादमा पछि राजा प्रताप मल्लले प्रमुख प्रवेशद्वारनिर हनुमानको विशाल प्रस्तर मूर्ति स्थापना गरेपछि त्यो सम्पूर्ण राजप्रासाद नै 'हनुमानढोका' अर्थात् 'हनुमान भएको ढोका'को नामले प्रसिद्ध भयो ।

(राजमुकुट र राज्याभिषेकको ९६ पृ.)

यहाँ सत्यमोहनजीले विक्रमको सोह्रौं शताब्दीको मध्यभागतिर महेन्द्र मल्लले तलेजु मन्दिर बनाए भनी लेख्नुभएको छ।

---

२. यस दिनको गणना यस प्रकारको छ–

शाके १६७३ (वि. सं. १८०८) ज्येष्ठशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | २३ | बुध | नवमी | ३८। | २० |

अब यसको परीक्षा गरिन्छ ।

श्रीश्रीमहेन्द्रमल्लप्रभूथाकूरसन श्री ३ तओदेवल, पतिस्था यात... सम्वत् ६८४ माघकृष्ण ॥

(भीमसेनस्थानका पन्नालाल श्रेष्ठको सङ्ग्रहमा रहेको ताम्रपत्रबाट । डिल्लीरमण रेग्मीको मेडि· ईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास)को चारौँ भागको २१ पृ.)

[श्रीश्रीमहेन्द्र मल्ल प्रभु ठाकुरले ने सं. ६८४ (वि.सं. १६२०) माघकृष्णमा श्री ३ तओदेवल (तलेजु)को प्रतिष्ठा गर्नको लागि ।]

सम्वत् ६८४ माघकृष्ण ॥ दशमी कुन्हु तवदेवर प्रतिष्ठा याङा दिन जुरो ॥

(ठ्यासफुबाट । पूर्णिमा १२ अङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको अप्रकाशित ठ्यासफु भन्ने निबन्ध, सो अङ्कको ३० पृ.)

[ने. सं. ६८४ (वि. सं. १६२०) माघकृष्ण दशमीमा तवदेव (तलेजु)को प्रतिष्ठा गरियो ।]

महेन्द्रमल्ल... यिन राजाले ... नेपाली संवत् ६८४ साल मिति माघकृष्ण दशमी तिथि सोमवार अनुराधानक्षत्रका[3] दिन बढिया मुहूर्त पारी कोटघाहुति यज्ञ आरम्भ गरी यथाक्रमले सबै देवता आवाहन गरी प्रतिष्ठाकर्म गरिरहँदा श्रीतुलजा भवानी भ्रमरस्वरूप भै आई देवालयभित्र प्रवेश गर्दी भइन् ।

(भाषावंशावलीबाट । देवीप्रसाद लम्सालद्वारा सम्पादित भाषावंशावली दोस्रो भागका ५७,५८ पृ.)

माथिका यी प्रमाणबाट वि. सं.१६२०फाल्गुन १२ गते महेन्द्र मल्लले तलेजु मन्दिर बनाएको देखिन्छ । वि. सं. १६२० भनेको विक्रमको सत्रौँ शताब्दीको प्रथमपाद हो । यस कारण विक्रमको सोह्रौँ शताब्दीको मध्यभागतिर महेन्द्र मल्लले तलेजु मन्दिर बनाए भनी सत्यमोहनजीले लेख्नुभएको अशुद्ध देखिन्छ ।

माथिका यति कुराबाट सत्यमोहनजीको पुस्तक पनि ऐतिहासिक दृष्टिले अशुद्ध छ भन्ने स्पष्ट हुन्छ ।

यतासम्मका कुराबाट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपतिज्यू तथा सदस्य सचिवज्यू दुवैमा शुद्ध इतिहास लेख्न सक्ने योग्यता छैन भन्ने स्पष्ट हुन्छ ।

# शुभराज्याभिषेकको अवसरमा प्रकाशित
# फ्याक्ट्स् अबाउट् नेपाल्मा रहेका अतथ्य कुरा

–दिनेशराज पन्त

श्री ५ को सरकार सञ्चारमन्त्रालय सूचनाविभागद्वारा शुभराज्याभिषेकको अवसरमा फ्याक्ट्स् अबाउट् नेपाल् (नेपालसम्बन्धी तथ्य )नामक पुस्तक प्रकाशित भएको छ। श्री ५ को सरकारको जिम्मे-

---

३. यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ६८४ (वि. सं. १६२०) माघकृष्ण (पूर्णान्तमानले फाल्गुनकृष्ण )

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | १२ | सोम | दशमी | ४५। | ३२ | मूल | ५४। | ३२ |

भाषावंशावलीमा ने. सं. ६८४ माघकृष्ण दशमी सोमवार अनुराधानक्षत्र लेखिएको छ । तर ने. सं. ६८४ माघकृष्ण दशमी सोमवारको दिन मूल नक्षत्र पर्छ, अनुराधा नक्षत्र पर्दैन ।

दार अङ्कबाट प्रकाशित यो ग्रन्थमा नेपालको इतिहाससम्बन्धी धेरै अतथ्य कुरा रहेका छन् । उदाहरणको रूपमा त्यहाँ रहेका केही अशुद्धिको दिग्दर्शन गराई यो निबन्ध प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| किङ छत्र शाह् | असेन्ड्इड् १६०५ ए. डी. | डाइड् १६०६ ए. डी. |
| किङ राम् शाह् | असेन्ड्इड् १६०६ ए. डी. | डाइड् १६३६ ए. डी. |
| किङ डम्बर् शाह् | असेन्ड्इड् १६३६ ए. डी. | डाइड् १६४२ ए. डी. |
| किङ कृष्ण शाह् | असेन्ड्इड् १६४२ ए. डी. | डाइड् १६५८ ए. डी. |
| किङ रुद्र शाह् | असेन्ड्इड् १६५८ ए. डी. | डाइड् १६६९ ए. डी. |
| किङ पृथ्वीपति शाह् | असेन्ड्इड् १६६९ ए. डी. | डाइड् १७१६ ए. डी. |

(फ्याक्ट्स् अबाउट् नेपाल्को ४ पृ.)

| | | |
|---|---|---|
| [राजा छत्र शाह | सिंहासनारोहण ई. सं. १६०५ (वि. सं. १६६२) | मृत्यु ई. सं. १६०६ (वि. सं. १६६३) |
| राजा राम शाह | सिंहासनारोहण ई. सं. १६०६ (वि. सं. १६६३) | मृत्यु ई. सं. १६३६ (वि. सं. १६९३) |
| राजा डम्बर शाह | सिंहासनारोहण ई. सं. १६३६ (वि. सं. १६९३) | मृत्यु ई. सं. १६४२ (वि. सं. १६९९) |
| राजा कृष्ण शाह | सिंहासनारोहण ई. सं. १६४२ (वि. सं. १६९९) | मृत्यु ई. सं. १६५८ (वि. सं. १७१५) |
| राजा रुद्र शाह | सिंहासनारोहण ई. सं. १६५८ (वि. सं. १७१५) | मृत्यु ई. सं. १६६९ (वि. सं. १७२६) |
| राजा पृथ्वीपति शाह | सिंहासनारोहण ई. सं. १६६९ (वि. सं. १७२६) | मृत्यु ई. सं. १७१६ (वि. सं. १७७३)] |

किङ राम् शाह् (असेन्ड्इड् १६०६; डाइड् १६३६ ए. डी. )

(फ्याक्ट्स् अबाउट् नेपाल्को ४३ पृ.)

छत्र शाहले वि. सं. १६६२ देखि १६६३ सम्म, राम शाहले वि. सं. १६६३ देखि १६९३ सम्म, डम्बर शाहले वि. सं. १६९३ देखि १६९९ सम्म, कृष्ण शाहले वि. सं. १६९९ देखि १७१५ सम्म, रुद्र शाहले वि. सं. १७१५ देखि १७२६ सम्म, पृथ्वीपति शाहले वि. सं. १७२६ देखि वि. सं. १७७३ सम्म राज्य गरे भनी यहाँ लेखिएको छ ।

अब यसको परीक्षा गरिन्छ ।

राजा छत्र शाहको वि. सं. १६६६ को अभिलेख पाइएकोले छत्र शाहको मृत्यु वि. सं. १६६३ मा भयो तथा वि. सं. १६६३ मै राम शाह राजा भए भन्ने कुरा अशुद्ध देखिन्छ । राजा डम्बर शाहको वि. सं. १७०८ को पत्र पाइएकोले वि. सं. १६९९ मा डम्बर शाहको मृत्यु भयो तथा वि. सं. १६९९ मै कृष्ण शाह राजा भए भन्ने कुरा अशुद्ध देखिन्छ। राजा कृष्ण शाहको पालामा वि. सं. १७१६ मा सारिएको पुस्तक पाइएकोले वि. सं. १७१५ मा कृष्ण शाहको मृत्यु भयो तथा वि. सं. १७१५ मै रुद्र शाह राजा भए भन्ने कुरा अशुद्ध देखिन्छ । राजा रुद्र शाहको वि. सं. १७३० को पत्र पाइएकोले वि. सं. १७२६ मा रुद्र शाहको मृत्यु भयो तथा वि. सं. १७२६ मै पृथ्वीपति शाह राजा भए भन्ने कुरा अशुद्ध देखिन्छ[1] । यस कारण फ्याक्ट्स् अबाउट् नेपाल्मा दिइएको गोरखाका शाह राजाहरूको राज्यकालको सूची भरपर्दो छैन भन्ने स्पष्ट हुन्छ ।

---

१. यस विषयका प्रमाण यही अङ्कमा छापिएको गोरखाली राजाहरूको राज्यकालनामक मेरो निबन्धमा छन् ।

द पशुपतिनाथ् टेम्प्ल् ... द इम्इज् इन्साइड् द टेम्प्ल् वज् इन्स्टल्ड् इन् १३७१ ए. डी., फल्ओइङ डिमलिश्अन् अफ् द अर्लिअर् वन् ड्यूर्ङ द मज्लिम् इन्भेझन् अफ् १३४९ ।

(फ्याक्ट्स् अबाउट् नेपाल्को ४४ पृ.)

[ई. सं. १३४९ (वि. सं. १४०६) को मुसलमानी आक्रमणमा पशुपतिनाथको पुरानो मूर्ति ध्वस्त भएपछि ई. सं. १३७१ (वि. सं. १४२८) मा अर्को मूर्तिको स्थापना भयो ।]

वि. सं. १४०६ को मुसलमानी आक्रमणबाट ध्वस्त भएको पशुपतिनाथको मूर्तिको वि. सं. १४२८ मा स्थापना भयो भनी यहाँ लेखिएको छ ।

अब यसको परीक्षा गरिन्छ ।

सं. ४८० वैशापशुक्ल द्रुतीया भग्न श्रीपशुपतिस स्थापन याङा, दिन जयसिंहरामः महाथ भासन ,

(गोपालराजवंशावली ५४ पत्रबाट)

[ध्वस्त पारिएका श्रीपशुपतिको स्थापना ने. सं. ४८० (वि. सं. १४१७) वैशाखशुक्ल द्वितीयाको दिन महामन्त्री जयसिंहरामले गर्नु भयो ।]

(धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास-संशोधनको प्रमाण-प्रमेयको मूल भागका ९५, ९६ पृ. । त्यहाँ छापिएको अनुवादमा आवश्यक संशोधन गरी यो अनुवाद तयार पारिएको छ ।)

माथिको प्रमाणबाट वि. सं. १४१७ मा पशुपतिको मूर्तिको पुनःस्थापना भएको स्पष्ट हुन्छ । यस कारण वि. सं. १४२८ मा पशुपतिको मूर्तिको पुनःस्थापना भयो भनी फ्याक्ट्स् अबाउट् नेपाल्मा लेखिएको अशुद्ध देखिन्छ ।

रानीपोखरी ... वज् कन्स्ट्रक्ट्इङ् बाइ किङ प्रताप् मल्ल इन् १६७१ ए. डी. ।

(फ्याक्ट्स् अबाउट् नेपाल्को ४४ पृ.)

[ राजा प्रताप मल्लले ई. सं. १६७१ मा रानीपोखरी बनाएका हुन् । ]

प्रताप मल्लले ई. सं. १६७१ मा रानीपोखरी बनाएका हुन् भनी यहाँ लेखिएको छ ।

अब यसको परीक्षा गरिन्छ ।

... श्रीश्रीजयप्रतापमल्लदेवेन, आफुले शास्त्र हेरिकन, असंख्यात पुंन्य देखिकन निकासिकन, गङ्गा आदि नाना तिर्थको जल लेइकन ... श्रीश्रीजयचक्रवर्तेन्द्रमल्लदेवको नामले बनायाको पोषरिमाहा राष्याको छ॥...

सम्वत् ७९०आश्विनमासे शुक्लपक्ष ॥ पूर्णमास्यान्तिथौ उत्रभद्रनक्षत्र ध्रुवजोगे सोमवाल थ्व कुन्हु॥

(रानीपोखरीको प्रताप मल्लको शिलालेखबाट । इतिहास-संशोधनको प्रमाण-प्रमेयको मूल भागका ८२,८४ पृ.)

माथिको प्रमाणबाट ने. सं. ७९० (वि. सं. १७२७) आश्विनमा (ई. सं. १६७० मा) प्रताप मल्लले रानीपोखरी बनाएको स्पष्ट हुन्छ । यस कारण ई. सं. १६७१ मा प्रताप मल्लले रानीपोखरी बनाएका हुन् भनी फ्याक्ट्स् अबाउट् नेपाल्मा लेखिएको अशुद्ध देखिन्छ ।

---

हू ह्याभ् बीन् द प्राइम् मिन्इस्टर्ज् अफ् नेपाल् टुडेट् ? ...

| | |
|---|---|
| श्री जङ्ग् बहादुर् राणा | १८४६– १८५७ ए. डी. |
| श्री बम् बहादुर् राणा | १८५७– १८५८ ए. डी. |

| | |
|---|---|
| श्री जङ्ग बहादुर् राणा | १८५८– १८७६ ए. डी. |
| श्री रणोद्दीप् सिङ्घ | १८७६– १८८५ ए. डी. |
| श्री बीर् शम्शेर् जङ्ग बहादुर् राणा | १८८५– १९०० ए. डी. |
| श्री देव् शम्शेर् जङ्ग बहादुर् राणा | १९००– १९०१ ए. डी. |

(फ्याक्ट्स् अबाउट् नेपाल्का ५४,५५ पृ.)

[ अहिलेसम्म भएका नेपालका प्रधानमन्त्री को को हुन् ?

| | |
|---|---|
| श्रीजङ्गबहादुर राणा | ई. सं. १८४६ देखि १८५७ सम्म |
| श्रीबमबहादुर राणा | ई सं. १८५७ देखि १८५८ सम्म |
| श्रीजङ्गबहादुर राणा | ई. सं. १८५८ देखि १८७६ सम्म |
| श्रीरणोद्दीपसिंह | ई. सं. १८७६ देखि १८८५ सम्म |
| श्रीवीरशमशेर जङ्गबहादुर राणा | ई. सं. १८८५ देखि १९०० सम्म |
| श्रीदेवशमशेर जङ्गबहादुर राणा | ई. सं. १९०० देखि १९०१ सम्म] |

ई. सं. १८५७ सम्म जङ्गबहादुर, ई.सं. १८५७ देखि १८५८ सम्म बमबहादुर, ई.सं. १८५८ देखि १८७६ सम्म फेरि जङ्गबहादुर. ई. सं. १८७६ देखि रणोद्दीपसिंह, ई. सं. १९०० सम्म वीरशमशेर, ई. सं. १९०० देखि देवशमशेर प्रधानमन्त्री भए भनी यहाँ लेखिएको छ।

अब यसको परीक्षा गरिन्छ।

बमबहादुर प्रधानमन्त्री कहिले भए भनी सर्वप्रथम विचार गरौं।

... उप्रांत १९१३ साल मिति श्रावणवदि ३० रोज ५[2] देषि श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राईम्मिनिष्टर यान कम्याडर ईन चिफ जनरल जङ्गबाहादुर कुवर राणाजीले गऱ्याको जङ्गी मुलुकि निजामति कामकाज गह्रुको मुषत्यारि श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राईम्मिनिष्टर यान कम्यांडर ईन चिफ जनरल बम्बहादूर कुवर राणाजीलाई बक्स्यौं ...

(वि. सं. १९१३ भाद्र ८ गते प्रधानमन्त्री बमबहादुरलाई मेजर कप्तान बुद्धिमानसिंह बस्न्यातले लेखेको चिठीबाट। नेपाली ५८ अङ्कमा छापिएको पिताजी नयराज पन्तको प्रधानमन्त्री बमबहादुर र श्री ३ रणोद्दीपसिंहको विषयमा केही कुरा भन्ने निबन्ध, सो अङ्कको २० पृ.)

यस पत्रबाट श्रावण १८ गते जङ्गबहादुरको ठाउँमा बमबहादुर प्रधानमन्त्री भएका देखिन्छन्।

अन् द १स्ट् अफ् अगस्ट् १८५६, जङ्गबहादुर् रिजाइन्ड् द पोस्ट् अफ् प्राइम् मिन्इस्टर् इन् फेभर् अफ् हिज् ब्रद्अर् बम् बहादुर्...

[ डानियल राइटद्वारा सम्पादित हिस्टरि अफ् नेपाल् (नेपालको इतिहास) मा छापिएको डानियल राइटको उपोद्घातको ६३ पृ.]

---

२. यस दिनको गणना यस प्रकारको छ –

वि. सं. १९१३ श्रावणकृष्ण ( पूर्णान्तमानले )

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | १८ | बृहस्पति | अमावास्या | ५१ । | १० |

( पात्रीबाट )

( प्रधानमन्त्री बमबहादुर र श्री ३ रणोद्दीपसिंहको विषयमा केही कुरा भन्ने निबन्ध, नेपाली ५८ अङ्कको २० पृ.। त्यहाँ ५१।१० को सट्टा भूलले ११।१० छापिएको छ। )

[ ई. सं. १८५६ अगस्ट १ मा (वि. सं. १९१३ श्रावण १९ गते) आफ्ना भाइ बमबहादुर प्रधानमन्त्री हुने गरी जङ्गबहादुरले प्रधानमन्त्री पदबाट राजीनामा दिए । ]

१८५६, अगस्ट् १स्ट्–जङग बहादुर् सड्न्लि रिजाइन्ड् द प्रेम्यर्शिप् इन् फेभर् अफ् बम् बहादुर् ...

[हेन्रि एम्ब्रोस ओल्डफील्डको स्केच्इज् फ्रम् निपाल् (नेपालको वर्णन) को दोस्रो भागको १७ पृ.]

[ई. सं. १८५६ अगस्ट १ मा ( वि. सं. १९१३ श्रावण १९ गते ) बमबहादुर प्रधानमन्त्री हुने गरी जङ्गबहादुरले प्रधानमन्त्री पदबाट अकस्मात् राजीनामा दिए । ]

अन् द १स्ट् अफ् अगस्ट् १८५६, जङग बहादुर् सड्न्लि टेन्डर्ड् हिज् रेज्इग्नेशन् अफ् द प्रेम्यर्-शिप्, रेक्अमेन्ड्इङ बम् बहादुर् याज् हिज् सक्सेस्अर् ।

[ पद्मजङ्गको लाइफ् अफ् जङग बहादुर् (जङ्गबहादुरको जीवनी) को १९२ पृ. ]

[ बमबहादुरलाई आफ्नो उत्तराधिकारीमा सिफारिश गरी ई. सं. १८५६ अगस्ट १ मा (वि. सं. १९१३ श्रावण १९ गते) जङ्गबहादुरले प्रधानमन्त्री पदबाट अकस्मात् राजीनामा दिए । ]

यहाँ राइट, ओल्डफील्ड र पद्मजङ्गले श्रावण १९ गते जङ्गबहादुरले राजीनामा दिएपछि बमबहादुर प्रधानमन्त्री भए भनी लेखेका छन् । श्रावण १८ गते जङ्गबहादुरले राजीनामा दिएपछि त्यसै दिन बमबहादुर प्रधानमन्त्री भए भनी माथिको पत्रबाट बुझिन्छ । यताबाट जङ्गबहादुरले श्रावण १८ गते राजीनामा गरेपछि सोही दिन बमबहादुरको नाउँमा प्रधानमन्त्रीको लालमोहर भएको देखिन्छ । श्रावण १८ गतेसम्म जङ्गबहादुरले प्रधानमन्त्री भई काम गरेका र श्रावण १९ गतेदेखि बमबहादुरले प्रधानमन्त्री भई काम गरेको देखिन्छ । अङ्ग्रेजी दूतावासले श्रावण १९ गते यो सूचना पाएको देखिन्छ । यसैले अङ्ग्रेजी दूतावासका डाक्टर राइट र ओल्डफील्डले तथा ओल्डफील्डको भर पर्ने पद्मजङ्गले श्रावण १९ गते बमबहादुर प्रधानमन्त्री भए भनी लेखेको देखिन्छ ।

माथिका यी प्रमाणबाट वि. सं. १९१३ श्रावण १८ गते ( ई. सं. १८५६ मा ) बमबहादुर प्रधानमन्त्री भएको स्पष्ट देखिन्छ । यस कारण ई. सं. १८५७ सम्म जङ्गबहादुर , ई. सं. १८५७ मै बमबहादुर प्रधानमन्त्री भए भनी फ्याक्ट्स् अबाउट् नेपाल्मा लेखिएको कुरा अशुद्ध ठहर्छ ।

आफूले प्रधानमन्त्रीको पदबाट राजीनामा गरेको सातौँ दिन वि. सं. १९१३ श्रावण २४ गते जङ्गबहादुर श्री ३ महाराज भए –

आगे स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीजङ्गबहादुरके
कास्की १ लमजुङ १ को श्रीमहाराजको खिताप तिमीलाई बक्स्यौं ...
इति संवत् १९१३ साल मिति श्रावणशुदि ५ रोज ४[3] शुभम्

(श्री ५ सुरेन्द्रले श्री ३ जङ्गलाई गरिदिएको लालमोहरबाट । भाषावंशावलीबाट)

...अन् द ६थ् अफ् अगस्ट् १८५६, ही वज् पब्लिक्लि प्रोक्लेम्ड् महाराज अफ् काश्की यान्ड् लम्जुङ ...

( लाइफ् अफ् जङग बहादुर्को १९४ पृ. )

---

३. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १९१३ श्रावणशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | २४ | बुध | पञ्चमी | ९। | ४६ |

(पात्रोबाट)

[ई. सं. १८५६ अगस्ट ६ मा (वि. सं. १९१३ श्रावण २४ गते) जङ्गबहादुर कास्की र लमजुङका महाराज भए भनी घोषणा गरियो । ]

अब बमबहादुरको मृत्यु कहिले भयो, यस विषयमा विचार गरौं ।

१८५७, मे २५थ् जेन्अर्अल् बम् बहादुर् डाइड् । द बड्इ वज् बर्न्ड् याट् पशुपट्टी अन् द २६थ् ।

(स्केच्इज् फ्रम् निपाल्को दोस्रो भागको १९ पृ.)

[ई. सं. १८५७ मे २५ मा (वि. सं. १९१४ ज्येष्ठ १४ गते ) जनरल बमबहादुरको मृत्यु भयो । मे २६ मा (ज्येष्ठ १५ गते) पशुपतिमा उनको दाहसंस्कार गरियो । ]

( प्रधानमन्त्री बमबहादुर र श्री ३ रणोद्दीपसिंहको विषयमा केही कुरा भन्ने निबन्ध, नेपाली ५८ अङ्कको २३ पृ. )

१४ साल ज्येष्ठसुदी ३ रोजका दिन प्राइममिनिष्टर बमबहादुर राणा शून्यपदवीमा गया ।

(काठमाडौं उपत्यकाको एक राजवंशावलीबाट । प्रधानमन्त्री बमबहादुर र श्री ३ रणोद्दीपसिंहको विषयमा केही कुरा भन्ने निबन्ध, नेपाली ५८ अङ्कका २३-२४ पृ. )

बम् बहादुर् डाइड् अन् द २५थ् अफ् मे १८५७ ।

( लाइफ् अफ् जङ्ग् बहादुर्को १९५ पृ.)

[ ई. सं. १८५७ मे २५ मा (वि. सं. १९१४ ज्येष्ठ १४ गते ) बमबहादुरको मृत्यु भयो । ]

माथिका यी प्रमाणबाट वि. सं. १९१४ ज्येष्ठ १४ गते (ई. सं. १८५७ मा) बमबहादुरको मृत्यु भएको देखिन्छ । यस कारण ई. सं. १८५८ सम्म बमबहादुर प्रधानमन्त्री थिए भनी फ्याक्टस् अबाउट् नेपालमा लेखिएको अशुद्ध देखिन्छ ।

अब जङ्गबहादुर फेरि कहिले प्रधानमन्त्री भए भन्ने विषयमा विचार गरौं ।

हामीबाट श्री ३ महाराज जङ्गबहादुर राणाजीलाई प्राइममिनिस्टर र कम्याण्डर इन चीफको खिताप बक्स्यौं ।

[श्री ५ सुरेन्द्रले श्री ३ जङ्गलाई वि. सं. १९१४ आषाढशुदि ७ मा[4] दिएको लालमोहरबाट । यसको अङ्ग्रेजी अनुवाद सतीश कुमारको राणा पल्इटि इन् नेपाल् (नेपालको राणाशासनव्यवस्था) को १६० पृष्ठमा छापिएको छ । माथिको वाक्य त्यही अङ्ग्रेजी अनुवादको प्रत्यनुवाद हो । ]

१८५७ ... जून् २८थ्– मोर्न्इङ फर् द लेट् बम् बहादुर् बीइङ नाउ इक्स्पाइर्ड् , यान्ड् द वेड्इङ सेर्इमनिज् बीइङ् अल् ओभर्, जङग् बहादुर् याट् द रिक्वेस्ट् अफ् द रेन्इङ याज् वेल् याज् द लेट् किङ् , यान्ड् अफ् अल् हिज् ब्रद्अर्ज् यान्ड् लीड्इङ् सर्दार्ज् , रिज्यूम्ड् द अपइन्ट्मेन्ट् अफ् मिन्इस्टर्, ह्विच् ही लास्ट् यर् भकेट्इड् इन् फेभर् अफ् हिज् लेट् ब्रद्अर्, बम् बहादुर् ।

( स्केच्इज् फ्रम् निपाल्को दोस्रो भागका २०,२४ पृ.)

---

४. यस दिनको गणना यस प्रकारको छ –

वि. सं. १९१४ आषाढशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आषाढ | १६ | आदित्य | सप्तमी | ४४। | ५६ |

( पात्रोबाट )

[ बमबहादुरको जूठो तथा ( श्री ५ युवराजाधिराज त्रैलोक्य र श्री ३ जङ्गबहादुरकी पुत्रीको[5] ) विवाह सिद्धिइसकेपछि गद्दीनशीन राजा (श्री ५ सुरेन्द्र) , भूतपूर्व राजा ( श्री ५ राजेन्द्र ) , आफ्ना सबै भाइहरू तथा मुख्य मुख्य भारादारहरूले भनेकाले ई. सं. १८५७ जून २८ मा(वि. सं. १९१४ आषाढ १६ गते) जङ्गबहादुरले प्रधानमन्त्री पद फेरि सह्याले । भाइ बमबहादुर, हाल स्वर्गवासी , को निमित्त गत वर्ष जङ्ग-बहादुरले यो पद छोडेका थिए । ]

माथिको प्रमाणबाट वि. सं. १९१४ आषाढ १६ गते(ई. सं.१८५७ मा)जङ्गबहादुर फेरि प्रधानमन्त्री भएका देखिन्छन् । यस कारण ई. सं. १८५८ मा जङ्गबहादुर फेरि प्रधानमन्त्री भए भनी फ्याक्ट्स् अबाउट् नेपालमा लेखिएको अशुद्ध देखिन्छ ।

जङ्गबहादुर कहिलेसम्म प्रधानमन्त्री थिए तथा रणोद्दीपसिंह कहिलेदेखि प्रधानमन्त्री भए, यस विषयमा विचार गरौं ।

वि. सं. १९३३ फाल्गुन १६ गते आदित्यवार महाराजजङ्गबहादूरस्य देहावशानम्

वि. सं. १९३३ चैत्र ५ गते शुक्रवार श्री ३ महाराजरणउद्दिपसींहस्य राज्याभिषेक:

(लक्ष्मीपतिसङ्ग्रहमा रहेको पात्रोमा पं. धीरनाथ पाँडेको हस्ताक्षरले टिपिएका वाक्य )

संवत् १९३३ साल मिति फाल्गुनशुदि १३ रोज १ का दिन[6] श्री ३ महाराज जङ्गबहादुर राणा स्वर्ग हुनुभयो ।

तहाँपछि श्री ५ महाराजाधिराजबाट यिनै श्री ३ महाराज जङ्गबहादुर राणाबाट बक्स्याका रोल–बमोजिम संवत् १९३३ साल चैत्रवदि १४ रोज ३ का दिन[7] श्रीकम्याण्डरइनचीफ जनरल रणउद्दीपसिंह राणालाई श्री ३ महाराजको किताप बक्सनुभई दर्शन गरी आया ।

(भाषावंशावलीबाट )

---

५. १८५७ , जून् २५थ् – द किङ्'ज् एल्डेस्ट् सन् , द एरअपेर्अन्ट् , एज्ड् नाइन् यर्ज् , वज् म्यार्इड् ट जङग्'ज् एल्डेस्ट् अन्म्यार्इड् डटर्, एजड् सिक्स् यर्ज् ।

( स्केच्इज् फ्रम् निपाल्को दोस्रो भागको २० पृ. )

[ई. सं. १८५७ जून २५ मा (वि. सं. १९१४ आषाढ १३ गते) राजा ( श्री ५ सुरेन्द्र) का जेठा छोरा युवराजाधिराज (त्रैलोक्य) को जङ्गबहादुरकी जेठी छोरीसँग विवाह भयो । त्यस वेला वरको उमेर ९ वर्ष र कन्याको उमेर ६ वर्ष थियो । ]

६. यस दिनको गणना यस प्रकारको छ –

वि. सं. १९३३ फाल्गुनशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | १६ | आदित्य | द्वादशी | ३ । | ३१ |

( पात्रोबाट )

फाल्गुन १६ गते आदित्यवार द्वादशीको घडी ३।३१ उप्रान्त त्रयोदशी लाग्छ । जङ्गबहादुरको मृत्यु मध्यरातमा भयो भनी पद्मजङ्गले लेखेका छन् । यस कारण वि. सं. १९३३ फाल्गुन १६ गते फाल्गुनशुक्ल द्वादशीउप्रान्त त्रयोदशीमा जङ्गबहादुरको मृत्यु भएको देखिन्छ ।

७. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १९३३ चैत्रकृष्ण ( पूर्णान्तमानले )

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | २ | मङ्गल | चतुर्दशी | ६०। | ० |

( पात्रोबाट )

... जंगबहादुरले पूर्व कोसीसम्म हात्ती, बाघ, गेंडा वनजन्तु इत्यादिको शिकार खेली नेपालतर्फ आउनलाई सिमरोनगढको तऱ्यानीमा पुग्दा अकस्मात् वेथा लागी १९३३ साल फागुणसुदी १२ रोज १ का दिन शून्यपदवीमा गया ।

( प्राचीन नेपाल ६ अङ्कमा प्रकाशित, बालचन्द्र शर्माद्वारा सम्पादित काठमाडौं उपत्यकाको एक राजवंशावलीबाट, सो अङ्कको २६ पृ. )

... ही पास्ड् अवे इन् पीस् जस्ट् याट् द आउर् अफ् मिड्नाइट् अन् द २५थ् अफ् फेब्रुअरि १८७७ ।

( लाइफ् अफ् जङ्ग् बहादुर्को ३०८ पृ. )

[ ई. सं. १८७७ फेब्रुअरी २५ (वि. सं. १९३३ फाल्गुन १६ गते ) को मध्यरातमा जङ्गबहादुरको शान्तिपूर्वक मृत्यु भयो । ]

... श्रीश्रीश्रीमहाराज सर जङ्गबहादुर राणा... प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इनचिफ नेपाल... १९३३ साल फागुनसुदि १२ रोज १ मा मुक्त

( जङ्गबहादुरको सालिकबाट )

माथिका प्रमाणबाट वि.सं. १९३३ फाल्गुन १६ गते (ई. सं. १८७७)मा जङ्गबहादुरको मृत्यु भएपछि रणोद्दीपसिंह प्रधानमन्त्री भएका देखिन्छन् । यस कारण ई. सं. १८७६ सम्म जङ्गबहादुर, ई. सं.१८७६ मै रणोद्दीपसिंह प्रधानमन्त्री भए भनी फ्याक्ट्स् अबाउट् नेपाल्मा लेखिएको अशुद्ध देखिन्छ ।

वीरशमशेर कहिलेसम्म प्रधानमन्त्री थिए तथा देवशमशेर कहिलेदेखि प्रधानमन्त्री भए भनी अब विचार गरौं ।

(श्री ५ पृथ्वीवीरविक्रमको प्रशस्ति)

... श्री ३ महाराज वीरशंशेरलाई पनि प्राइमिनिष्टरी र कम्याण्डर इन चीफको मान अखतीयारीसमेत बक्सेकोमा निज महाराज वीरशंशेर जंगबहादुर राणा १९५७ साल फाल्गुणशुदि १५ रोज ३ का दिनमा एक घडी दिन चढदा सचेतसंग जलजोग पाई मुक्त हुँदा उनीपछि महाराजी खिताब श्री ३ महाराज देवशंशेर जंगबहादुरलाई बक्सेकोमा ...

इति सम्वत् १९५८ साल प्रथम आषाढसुदि १० रोज ४[८]

(श्री ५ पृथ्वीवीरविक्रमले भारादारहरूलाई सम्बोधन गरी लेखेको पत्रबाट । राममणि आ. दी. को पुरानो सम्झनाका २२९,२३० पृ.)

... श्रीश्रीश्रीमहाराज वीरशम्सेर जङ्गबहादुर राणा ... प्राइम्मिनिष्टर आण्ड कम्याण्डर इनचिफ नेपाल... संवत् १९५७ शाके १८२२ फाल्गुन २३ गते फाल्गुनशुक्ल १५ मङ्गलवारमा मुक्त ।...

हिज् हाइनिस् महाराज वीर् शम्शेर् जङ्ग् बहादुर् राणा ... प्राइम् मिनिस्टअर् यान्ड् कमान्डअर्–इन्–चीफ् नेपाल् ... डाइड् ५थ् मार्च् १९०१ ए. डी.

(वीरशमशेरको सालिकबाट)

माथिका प्रमाणबाट वि. सं. १९५७ फाल्गुन २३ गते (ई. सं. १९०१) मा वीरशमशेरको मृत्यु भएपछि देवशमशेर प्रधानमन्त्री भएका देखिन्छन् । यस कारण ई. सं. १९०० सम्म वीरशमशेर, ई. सं. १९०० मै देवशमशेर प्रधानमन्त्री भए भनी फ्याक्ट्स् अबाउट् नेपाल्मा लेखिएको अशुद्ध ठहर्छ ।

---

८. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १९५८ प्रथम आषाढशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आषाढ | १३ | बुध | दशमी | ३८। | ३७ |

(पात्रोबाट)

ह्वट् आर् द नेम्ज् अफ् द कमान्डअर्ज्-इन्-चीफ् अफ् द नेपालिज् आर्मि ? ...
जेन्अर्अल् देव् शम्शेर् जङग्बहादुर् राणा
जेन्अर्अल् भीम् शम्शेर जङग्बहादुर् राणा
(फ्याक्ट्स् अबाउट् नेपाल्का ५५,५६ पृ.)

[नेपाली फौजका कम्याण्डर-इन-चीफहरूको नाम के हो ?
जर्नेल देवशमशेर जङ्गबहादुर राणा
जर्नेल भीमशमशेर जङ्गबहादुर राणा]

यो सूचीमा देवशमशेरपछि भीमशमशेरको नाम लेखिएको छ। तर देवशमशेर श्री ३ महाराज हुँदा चन्द्रशमशेर कम्याण्डर इन चीफ थिए –

श्री ३ महाराज बाट बक्सेको इस् पिच् ...

श्री कम्याण्डर इनचीफ चन्द्रसम्सेर जङ लाइ पल्टन् को र अरु मुलुकिकाम् कोस्मेत् अक्त्यार बक्सेको छु ...

(श्री ३ देवले आफ्नो राज्याभिषेकमा नासलचोकमा दिएको भाषणबाट। वि. सं. १९५८ अधिक आषाढशुदि १ सोमवार[९]को गोरखापत्र।)

(श्री५ पृथ्वीवीरविक्रमको प्रशस्ति)

... महाराज देवशंशेर जंगलाई बक्सेकोमा उनले ४ महीना कामकाज गरदा पूरा इन्तजाम पुऱ्याउन नशकी राजकाज खलल हुने हिसाबसङ बेइन्तजाम कामकाज भएको हुनाले, जंगी निजामति भारादार गुरू प्रोहितहरू सबै मिलि एक मुख भै यस मुलुकको कामकाज इनबाट चलेन. अब कम्याण्डर इन चीफ चन्द्र-शंशेरलाई प्राइमिनिष्टर गराई बक्सन परछ भन्ने कुरा जाहेर गरेका र महाराज देवशंशेरले पनी राजीनामा गरेका हुनाले ... गैह्र कामकाजको हालीमुहाली अखतीयारी बक्सि प्राइमिनिष्टर श्री ३ महाराज र मार्शलको खिताबसमेत तिमीलाई बक्स्यौं ...

इति सम्वत १९५८ साल मिति प्रथम आषाढसुदि १० रोज ४ ...

(श्री ५ पृथ्वीवीरविक्रमले श्री ३ चन्द्रलाई दिएको पञ्जामोहरबाट। पुरानो संझनाका २२८–२२९ पृ.)

यति कुराबाट फ्याक्ट्स अबाउट् नेपाल्मा दिइएको कम्याण्डर-इन-चीफहरूको सूची भरपर्दो छैन भन्ने स्पष्ट हुन्छ।

सूचनाविभागबाट शुभराज्याभिषेकको अवसरमा देशविदेशमा नेपालको परिचयको लागि प्रकाशित फ्याक्ट्स् अबाउट् नेपाल्बाट हाम्रो देशमा विद्याको लागि सरकारी धन त खर्च हुन्छ,तर त्यसको सदुपयोग-चाहिँ हुँदैन भन्ने स्पष्ट हुन्छ।

---

९. यस दिनको गणना यस प्रकारको छ –

वि. सं. १९५८ अधिक आषाढशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आषाढ | ४ | सोम | प्रतिपद् | २९। | ५६ |

(पात्रोबाट)

# श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको राज्याभिषेक

– नयराज पन्त

चन्द्राग्निव्योमनेत्रै २०३१विदधति समतां वत्सरे वैक्रमाख्ये
सौराद् मासे तपस्ये गतवति दिवसे द्वादशे सोमवारे।
चान्द्राद् माघे हिमांशौ नयनसुखकरीं कान्तिमापद्यमाने
पुष्यर्क्षे कामतिथ्यामुदयति च क्षे मैत्रसंज्ञे मुहूर्ते ॥१॥

२०३१।११।१६।६

चन्द्राग्निव्योमनेत्रैः= एकत्रिंशदधिकसहस्रद्वयेन २०३१।

विदधति=कुर्वति। विपूर्वाद् धाधातोः लटि शतृप्रत्यये सप्तम्याः एकवचने।

तपस्ये=फाल्गुने।

अथ फाल्गुने। स्यात् तपस्यः फाल्गुनिकः – इति अमरः १।४।१५

हिमांशौ नयनसुखकरीं कान्तिमापद्यमाने = शुक्लपक्षे।

पुष्यर्क्षे=तिष्यनक्षत्रे।

कामतिथ्याम् = त्रयोदश्याम्।

उदयति=उद्गच्छति। उत्पूर्वात् अय्धातोःलटि शतृप्रत्यये सप्तम्याःएकवचने। अनुदात्तेत्त्वात् अय्धातुः आत्मनेपदी। परम् – अनुदात्तेत्त्वलक्षणमात्मनेपदमनित्यम्। अनुदात्तेतश्चक्षिङो ङित्करणाज् ज्ञापकात्। तेन उदयति यदि भानुः, स्फायन् निर्मोकसन्धिः इत्यादिसिद्धमाहुः –इति मध्यकौमुद्यां भ्वादौ। इति अत्र परस्मैपदम्।

पृथुरोमा क्षषो मत्स्यो मीनो वैसारिणोऽण्डजः – इति अमरः १।१०।१७

उदयति क्षे=मीनलग्ने।

मैत्रसंज्ञे मुहूर्ते=मित्रदैवतस्य अनुराधानक्षत्रस्य मुहूर्ते, तृतीये मुहूर्ते।

गोरक्षेशस्य वंशे प्रथितसुयशसो द्रव्यशाहस्य जातः
पृथ्वीनारायणस्य क्षितिपकुलमणेः शोभयन्नन्ववायम्।
पौत्रः शान्तिप्रियस्य त्रिभुवननृपतेः श्रीमहेन्द्रस्य राज्ञः
पुत्रो वीरेन्द्रभूपोऽलभत नृपपदे शास्त्ररीत्याऽभिषेकम् ॥२॥

२०३१।११।१७।७

जातः। जनी प्रादुर्भावे इति धातोः गत्यर्थाकर्मकश्लिषशीङस्थासवसजनरुहजीर्यतिभ्यश्च ३।४।७२ इति कर्तरि क्तप्रत्ययः। श्वीदितो निष्ठायाम् ७।२।१४ इति इडागमाभावः। जनसनखनां सञ्झलोः ६।४।४२ इति आत्वम्।

अन्ववायम्=वंशम्।
सन्ततिर्गोत्रजननकुलान्यभिजनान्वयौ। वंशोऽन्ववायः सन्तानः – इति अमरः २।७।१

[प्रसिद्ध गोरखाली राजा द्रव्य शाहको वंशमा पैदा भइबक्सेका, श्री ५ बडा-महाराजाधिराज पृथ्वीनारायण शाहका सन्तान, शान्तिप्रिय श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहका नाति, श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहका छोरा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको राज्याभिषेक वि. सं. २०३१ फाल्गुन १२ गते सोमबार माघशुक्लत्रयोदशी पुष्यनक्षत्र मीनलग्न मैत्रमुहूर्त-मा बिहानको ८।३५ को साइतमा सम्पन्न भयो।]

आस्तां नेपालमित्रे भरतवसुमतीचीनदेशौ पुरा तु,
नेपालस्य प्रभूता विदधति सखितां किन्तु देशा इदानीम्।
नेपालेशस्य मैत्रीसहचरितपदं प्राप्य पत्रं प्रसन्ना
राष्ट्राध्यक्षादिरूपैः प्रतिनिधिभिरमी उत्सवेऽस्मिन् समायान्॥३॥
२०३१।११।१८।१

पुरा आस्ताम्। पुरि लुङ चास्मे ३।२।१२२ इति लङ।
भरतवसुमती=भारतम्।
प्रभूताः=बहवः।
प्रभूतं प्रचुरं प्राज्यमदभ्रं बहुलं बहु – इति अमरः ३।१।६३
विदधति=कुर्वन्ति।

मैत्रीसहचरितपदं पत्रम्=सखितासमेतं पत्रम्। मित्रस्य भावः कर्म वा इति एतस्मिन् अर्थे मित्र-शब्दात् गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५।१।१२४ इति ष्यञ्प्रत्यये अनुबन्धलोपे च मित्र य। तद्धितेष्व-चामादेः ७।२।११७ इति आदिवृद्धौ मैत्र य। भसंज्ञायां यस्येति च ६।४।१४८ इति अकारलोपे मैत्र्य। स्त्री-त्वविवक्षायां मैत्र्यशब्दात् षिद्गौरादिभ्यश्च ४।१।४१ इति ङीष्प्रत्यये अनुबन्धलोपे च मैत्र्य ई। हलस्तद्धि-तस्य ६।४।१५० इति यकारलोपे मैत्र् अ ई। भसंज्ञायाम् अकारलोपे च मैत्री।

स्त्रीनपुंसकयोर्भावक्रिययोः ष्यञ् क्वचिच्च वुञ्।
औचित्यमौचिती मैत्री मैत्र्यं वुञ् प्रागुदाहृतः॥ -इति अमरः ३।५।३९

अमी देशाः।

अमी उत्सवे। अदसो मात् १।१।१२ इति प्रगृह्यसंज्ञा। प्लुतप्रगृह्या अचि नित्यम् ६।१।१२५ इति प्रकृतिभावः।

समायान्=समागच्छन्। सम् आपूर्वस्य याधातोः लङि प्रथमपुरुषस्य बहुवचने समायान्। लङः शाकटायनस्यैव ३।४।१११ इति विकल्पेन झेः स्थाने जुसादेशाभावः।

[उहिले नेपालको भारत र चीनसँग मात्र सम्बन्ध थियो। अहिले धेरै मुलुकहरू-सँग नेपालको सम्बन्ध छ। श्री ५ महाराजाधिराजको निमन्त्रणा पाएर मित्रराष्ट्र-

हरूबाट राष्ट्राध्यक्ष आदि प्रतिनिधिहरू राज्याभिषेकको उत्सवमा सम्मिलित हुन आउनुभयो ।]

राज्याभिषेकको उत्सवमा पाल्नुभएका मुख्य विदेशी प्रतिनिधि

| | | |
|---|---|---|
| १. | अफगानिस्तानबाट | विशेष राजदूत मुहम्मद नाइम |
| २. | अमेरिकाबाट | राष्ट्रपतिका सल्लाहकार तथा मन्त्रिपरिषद्का सदस्य फिलिप बुचेन |
| ३. | अर्जेन्टिनाबाट | राजदूत फ्रान्सिस्को कार्लोस दि पोसादा |
| ४. | अल्जेरियाबाट | पर्यटनमन्त्री माओई अब्देल अजीज |
| ५. | अस्ट्रियाबाट | राजदूत वोल्फगाङ स्कालेनबर्ग |
| ६. | अस्ट्रेलियाबाट | गभर्नर जनरल जोन केर |
| ७. | इजरायलबाट | राजदूत अभ्शालोम क्यास्पी |
| ८. | इटालीबाट | राजदूत अमादेओ गुइलेत |
| ९. | इन्डोनेशियाबाट | परराष्ट्रमन्त्री आदम मलिक |
| १०. | इराकबाट | राजदूत अब्दुल–मलिक सलीम अल–जैबाक |
| ११. | कुबेतबाट | विशेष राजदूत मुहम्मद अल सदाह |
| १२. | कोरिया (उत्तर) बाट | उपराष्ट्रपति काङ रचाङ उक |
| १३. | कोरिया (दक्षिण) बाट | परराष्ट्रमन्त्री दोङ जो किम |
| १४. | क्यानडाबाट | राजदूत जोन रीर्सन–मेबी |
| १५. | चिलेबाट | राजदूत अगस्तो मराम्बिओ |
| १६. | चीनबाट | उपप्रधानमन्त्री चेन सि–लियन |
| १७. | चेकोस्लोभाकियाबाट | राजदूत ज्देनेक त्र्ह्लिक |
| १८. | जर्मनी (पश्चिम) बाट | आर्थिक सहयोगसम्बन्धी मन्त्री एगोन बहर |
| १९. | जर्मनी (पूर्व) बाट | राज्यपरिषद्का उपाध्यक्ष हेन्रिच होमन |
| २०. | जापानबाट | युवराज अकिहितो |
| २१. | जोर्डनबाट | राजदूत वागिह अल केलानी |
| २२. | टर्कीबाट | राजदूत गुन्दोग्दु उस्तुन |
| २३. | डेनमार्कबाट | महारानीका पति हेन्रिक |

| | |
|---|---|
| २४. नर्वेबाट | राजदूत तोर्ब् जोर्न क्रिस्टिएन्सेन |
| २५. निदरल्यान्ड्सबाट | राजदूत त्जार्क असुईर मिउर्स |
| २६. न्यू जील्यान्डबाट | राजदूत कनिङ्घम |
| २७. पाकिस्तानबाट | राष्ट्रपति फज्ल इलाही चौधरी |
| २८. पोल्यान्डबाट | राजदूत विक्तोर किनेकी |
| २९. फारसबाट | राजकुमार गुलाम रेजा पह्लवी |
| ३०. फिनल्यान्डबाट | राजदूती रिइत्ता ओरो |
| ३१. फिलिपिन्सबाट | राष्ट्रपतिकी पत्नी इमेल्दा मार्कोस |
| ३२. फ्रान्सबाट | परराष्ट्रमामलाका राज्यमन्त्री बर्नार्ड देस्त्रिम्यू |
| ३३. बङ्गलादेशबाट | उपराष्ट्रपति सैयद नजरुल इस्लाम |
| ३४. बुल्गेरियाबाट | राजदूत स्तोयान जैमोभ |
| ३५. बेलायतबाट | युवराज चार्ल्स |
| ३६. बेल्जियमबाट | राजदूत जीन– चार्ल्स साल्मन |
| ३७. ब्रह्माबाट | प्रधानमन्त्री उ सियन विन |
| ३८. भारतबाट | उपराष्ट्रपति बासप्पा दानप्पा जत्ती |
| ३९. भोटाङबाट | अधिराजकुमारी आशी बाङचुक |
| ४०. मङ्गोलियाबाट | अध्यक्षमण्डलका सचिव त्सेदेनदाम्बिन गोतोभ |
| ४१. मलेशियाबाट | सूचना तथा विशेष कार्यसम्बन्धी मन्त्री टेङ्कु अहमद रितहाउद्दीन बिन टेङ्कु इस्माइल |
| ४२. मिश्रबाट | मन्त्रिपरिषद्मामलासम्बन्धी मन्त्री याह्या अब्देल अजीज एल–गमाल |
| ४३. मोरक्कोबाट | राजदूत बदर अल-दीन अल सेनौसो |
| ४४. युगोस्लाभियाबाट | अध्यक्षमण्डलका सदस्य भिदोज जार्कोभिच |
| ४५. यूनानबाट | राजदूत बासिल भित्साक्सिस |
| ४६. रुसबाट | उच्चतम अध्यक्षमण्डलका उपाध्यक्ष तुराबाई कुलातोभ |
| ४७. रोमानियाबाट | राजदूत पितर तानासी |
| ४८. लाओसबाट | युवराज भोङ सभाङ |
| ४९. लेबनानबाट | राजदूत मुहम्मद हाफिज |
| ५०. श्रीलङ्काबाट | राष्ट्रपति विलियम गोपल्लव |

| | |
|---|---|
| ५१. सिङ्गापुरबाट | सञ्चारमन्त्री योङ न्यूक लिन |
| ५२. स्पेनबाट | विशेष राजदूत क्रितोबाल बोर्दिउ |
| ५३. स्यामबाट | अधिराजकुमार भानुबन्धु युगाला |
| ५४. स्विट्जरल्यान्डबाट | राजदूत फ्रिज रील |
| ५५. स्विडेनबाट | राजदूत काउन्ट लेबेनहाप्ट |
| ५६. हङ्गेरीबाट | राजदूत फेरेन्से तुरी |
| संयुक्त राष्ट्रसङ्घबाट | महासचिवका सहयोगी इस्मत कितानी |

प्राचीने भूष्यमाणे पवनतनुभुवा द्वारदेशोषितेन
प्रासादे मण्डपोऽभूत् तृणपिहितशिरा वेणुरम्भादिरम्यः ।
तस्मिन् वेद्यां मृगेन्द्रप्रभृतिपशुभवैश्चर्मभिश्छाद्यमाने
भद्रे पीठे निषण्णो धरणिपरिवृढोऽभूत् सभार्योऽभिषिक्तः ॥४॥

२०३१।११।१७।७

पवनतनुभुवा = वायुपुत्रेण हनूमता ।

द्वारदेशोषितेन = बहिर्द्वारे वर्तमानेन ।

उषितः। गत्यर्थाकर्मकश्लिषशीङ्स्थासवसजनरुहजीर्यतिभ्यश्च ३।४।७२इति कर्तरि क्तप्रत्ययः। वसतिक्षुधोरिट् ७।२।५२ इति इडागमः । वचिस्वपियजादीनां किति ६।१।१५ इति सम्प्रसारणम् । सम्प्रसारणाच्च ६।१।१०८ इति पूर्वरूपम् । शासिवसिघसीनां च ८।३।६० इति षत्वम् ।

द्वारदेशोषितेन पवनतनुभुवा भूष्यमाणे प्राचीने प्रासादे = हनूमत्प्रासादे ।

तृणपिहितशिराः= तृणैः उपरि आच्छादितः ।

वेणुरम्भादिरम्यः= ध्वजरूपैः वंशैः कदलीस्तम्भैः पुष्पादिभिः च अलङ्कृतः ।

वंशे त्वक्सारकर्मारत्वचिसारतृणध्वजाः। शतपर्वा यवफलो वेणुमस्करतेजनाः।- इति अमरः२।४।१६०-१६१

कदली वारणवुसा रम्भा मोचांशुमत्फला – इति अमरः २।४।११३

तस्मिन् अलङ्कृते मण्डपे ।

मृगेन्द्रप्रभृतिपशुभवैः चर्मभिः= सिंहव्याघ्रादीनां चर्मभिः ।

सिंहो मृगेन्द्रः पञ्चास्यो हर्यक्षः केसरी हरिः – इति अमरः २।५।१

पीठम्=आसनम् ।

पीठमासनम् – इति अमरः २।६।१३८

भद्रे पीठे= भद्रासने ।

नृपासनं तु यद् भद्रासनम् – इति अमरः २।८।३१

तत्रैनं हेमकुम्भेषु संभृतैस्तीर्थवारिभिः । उपतस्थुः प्रकृतयो भद्रपीठोपवेशितम् ॥– इति रघुवंशे १७।१०

निषण्णः =उषितः । निपूर्वात् सद्धातोः गत्यर्थाकर्मकश्लिषशीङ्स्थासवसजनरुहजीर्यतिभ्यश्च ३।४।७२ इति कर्तरि क्तप्रत्ययः । रदाभ्यां निष्ठातो नः पूर्वस्य च दः ८।२।४२ इति निष्ठातकारस्य पूर्वस्य च दकारस्य नकारादेशः । सदिरप्रतेः ८।३।६६ इति षत्वम् । णत्वे ष्टुत्वे च निषण्णः ।

धरणिपरिवृढः = भूपतिः ।

भूर्भूमिरचलानन्ता रसा विश्वम्भरा स्थिरा। धरा धरित्री धरणिः क्षोणिर्ज्या काश्यपी क्षितिः ।।इति- अमरः २।१।२

प्रभौ परिवृढः ७।२।२१

स्वामी त्वीश्वरः पतिरीशिता । अधिभूर्नायको नेता प्रभुः परिवृढोऽधिपः ।।– इति अमरः ३।१।१०-११

**सभार्यः= सपत्नीकः ।**

अभिषिक्तः । अभिपूर्वात् सिच्धातोः कर्मणि क्तः । उपसर्गात् सुनोतिसुवतिस्यतिस्तौति-स्तोभतिस्थासेनयसेधसिचसञ्जस्वञ्जाम् ८।३।६५ इति षत्वम् । चोः कुः ८।२।३० इति कुत्वम् ।

**आसंस्तत्र महेऽभिषेककलशा हैमास्तथा राजत-**
**स्ताम्रो मृद्रचिताश्च तीर्थसलिलैर्यत्नाहृतैः पूरिताः ।**
**उच्चैः सम्यगपाठिषुः श्रुतिविदः सूक्तीश्चतुर्वेदजा**
**विप्रक्षत्रियवैश्यशूद्रकुलजा राजाभिषेकं व्यधुः ।।५।।**

२०३१।११।१७।७

**महे = उत्सवे ।**

**अथ क्षण उद्धर्षो मह्व उद्धव उत्सवः – इति अमरः १।७।३८**

न खलु दूरगतोऽप्यतिवर्तते महमसाविति बन्धुतयोदितैः ।
प्रणयिनो निशमय्य वधूर्बहिः स्वरमृतैरमृतैरिव निर्ववौ ।। -- इति माघः ६।१९

पूरिताः = पूर्णाः ।

पूर्णस्तु पूरिते – इति अमरः ३।१।९८

वा दान्तशान्तपूर्णदस्तस्पष्टच्छन्नज्ञप्ताः ७।२।२७ दान्तः । दमितः । शान्तः । शमितः । पूर्णः । पूरितः । दस्तः । दासितः । स्पष्टः । स्पाशितः । छन्नः । छादितः । ज्ञप्तः । ज्ञपितः – इति काशिका ।

अपाठिषुः = पठन्ति स्म । पठ्धातोः लुङि प्रथमपुरुषस्य बहुवचने अडागमे च्लिप्रत्यये सिजादेशे अ पठ् स् झि । सिजभ्यस्तविदिभ्यश्च ३।४।१०९ इति जुसादेशे अ पठ् स् जुस् । अनुबन्धलोपे अ पठ् स् उस् । आर्धधातुकस्येड् वलादेः ७।२।३५ इति इडागमे अ पठ् इ स् उस् । अतो हलादेर्लघोः ७।२।७ इति विकल्पेन वृद्धौ अ पाठ् इ स् उस् । षत्वे रुत्वे विसर्गे च अपाठिषुः ।

श्रुतिविदः = वैदिकाः ।

श्रुतिः स्त्री वेद आम्नायः – इति अमरः १।६।३

सत्सूद्विषद्रुहदुहयुजविदभिदच्छिदजिनीराजामुपसर्गेऽपि क्विप् ३।२।६१ ... वेदवित् – इति काशिका । एवं श्रुतिविद् ।

व्यधुः=अकार्षुः। विपूर्वाद् धाधातोः लुङि परस्मैपदे प्रथमपुरुषस्य बहुवचने अडागमे च्लिप्रत्यये सिजादेशे वि अ धा स् झि । गातिस्थाघुपाभूभ्यः सिचः परस्मैपदेषु २।४।७७ इति सिचः लुकि वि अ धा झि । आतः ३।४।११० इति जुसादेशे वि अ धा जुस् । अनुबन्धलोपे वि अ धा उस् । उस्यपदान्तात् ६।१।९६ इति पररूपैकादेशे वि अ धुस् । यणि व्यधुस् । रुत्वे विसर्गे च व्यधुः ।

**मुख्यो राजगुरुर्न्यधत्त नृपतेः शीर्षे सुपट्टं तथा**
**सद्रत्नं मुकुटं च राजमहिषीशीर्षे च पट्टं शुभम् ।**
**मुख्यो राजगुरुः सहेमकलशो मुख्यः पुरोधास्तथा**
**दैवज्ञोऽप्यपरे जनाः कतिपये राजाभिषेकं व्यधुः ।।६।।**

२०३१।११।१७।७

न्यधत्त = अस्थापयत् । निपूर्वात् धाधातोः लङि आत्मनेपदे प्रथमपुरुषस्य एकवचने अडागमे शपि जुहोत्यादिभ्यः श्लुः । २।४।७५ इति श्लुः, श्लौ ६।१।१० इति द्वित्वे नि अ धा धा त । पूर्वस्य धा इति एतस्य अभ्याससंज्ञायां ह्रस्वे जश्त्वे च नि अ द धा त । श्नाभ्यस्तयोरातः ६।४।११२ इति आकारलोपे नि अ द ध् त । दधस्तथोश्च ८।२।३८ इति भष्त्वे नि अ ध ध् त । खरि च ८।४।५५ इति चर्त्वे नि अ ध त् त । यणि न्यधत्त ।

शीर्षे = शिरसि ।

उत्तमाङ्गं शिरः शीर्षं मूर्धा ना मस्तकोऽस्त्रियाम् – इति अमरः २।६।९५

पट्टम् = मुकुटविशेषम् । पट्टलक्षणं बृहत्संहितायाः पट्टलक्षणाध्याये द्रष्टव्यम् ।

सद्रत्नं मुकुटम् = बहुमूल्यैः रत्नैः भूषितं किरीटम् ।

अथ मुकुटं किरीटं पुंनपुंसकम् – इति अमरः २।६।१०२

कतिपये । प्रथमचरमतयाल्पार्द्धकतिपयनेमाश्च १।१।३३ इति कतिपयशब्दस्य जसि विकल्पेन सर्वनामसंज्ञा । जसः शी ७।१।१७ इति शी इति आदेशे कतिपय शी । अनुबन्धलोपे गुणे च कतिपये ।

[हनूमान्‌ढोका दरबारको नासलचोकमा छ्वालीले छाएको मण्डप बनाइएको थियो । बाँसका लिङ्गा र केराका थाम आदिले सो मण्डप तिँगारिएको थियो। अभिषेकको लागि टाढाटाढाका तीर्थबाट पनि जल ल्याइएका थिए । विधिपूर्वक स्थापना गरिएका सुनका कलश , चाँदीको कलश , तामाको कलश र माटाका कलशमा तो जल र जडीबूटी आदि हालिएका थिए । वैदिकहरू ऋग्वेद यजुर्वेद सामवेद अथर्ववेदका सूक्त पाठ गरिरहेका थिए । सो मण्डपको वेदीमा भद्रासन राखिएको थियो । भद्रासनमा सिंह बाघ आदि जनावरका छाला ओछ्याइएका थिए । त्यसमाथि श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव र श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी राज भयो । श्री ५ महाराजाधिराज र श्री ५ बडामहारानीमा भूतपूर्व प्रधानमन्त्री कीर्तिनिधि बिष्ट ( ब्राह्मण )ले सुनको कलशले, भूतपूर्व प्रधानमन्त्री कुँवर इन्द्रजित् सिंह ( क्षत्रिय ) ले चाँदीको कलशले, राष्ट्रिय पञ्चायतका सदस्य हरिकुमार श्रेष्ठ (वैश्य) ले तामाको कलशले , भूतपूर्व राज्यमन्त्री पद्मसुन्दर लाउती (शूद्र)ले माटोको कलशले अभिषेक गर्नुभयो । श्री ५ महाराजाधिराजको माथमा पट्ट र श्रीपेच तथा श्री ५ बडामहारानीको माथमा पट्ट बडागुरुज्यू खगेन्द्रराज पाँडेले पहिरयाउनुभयो । श्री ५ महाराजाधिराज र श्री ५ बडामहारानीमा बडागुरुज्यू खगेन्द्रराज पाँडे, मूलपुरोहित सिंहराज पाँडे, ज्योतिषी नयराज पन्त र अरूबाट सुनका कलशहरूले अभिषेक भयो । त्यस अवसरमा मूलपुरोहित सिंहराज पाँडे र राजपुरोहित विष्णुप्रसाद अर्ज्याललले मन्त्र पढ्नुभयो । ]

आसीत् पू रम्यरूपा सकुतुकजनतासङ्कुला रक्षिता च
शोभायात्रा विशाला जननयनमनोहारिणी वीक्ष्यते स्म ।
हस्त्यारूढं सुवेषं सहचरदयितं भूमिपालं समीक्ष्य
लोकः प्रोत्फुल्लनेत्रस्त्रिदशपुरपतेरस्मरद् मुग्धचेताः ।।७।।

२०३१।११।१९।२

त्रिदशपुरपतेः=इन्द्रस्य ।

अमरा निर्जरा देवास्त्रिदशा विबुधाः सुराः – इति अमरः१।१।७

लोकः त्रिदशपुरपतेः अस्मरत् । अत्र अधीगर्थदयेशां कर्मणि २।३।५२ इति कर्मणि षष्ठी ।

स्रोतः स्वर्गापगायाः किमिदमवतरल्लोलकल्लोलरम्यं किं ब्रह्मोत्पत्तिपद्मं तलकमलवरप्रेक्षणायोपयातं ।
सम्प्राप्तश्चन्द्रमौलेरमलनिजशिरश्चन्द्रबिम्बं किमत्रेत्येवं यद् वीक्ष्य शङ्कां वहति भुवि जनो विस्मयोत्फुल्लनेत्रः।।

(धनवज्रवज्राचार्येण सम्पादितस्य लिच्छविकालका अभिलेख इतिसंज्ञस्य ग्रन्थस्य ५५१–५५२ पृष्ठयोः)

–इति जयदेवस्य पशुपतौ स्थितस्य शिलाभिलेखस्य पद्यम् अत्र स्मरणीयम् ।

**[शहर सिँगारिएको थियो। राज्याभिषेक हेर्न शहरमा मानिसहरूको घुइँचो लागेको थियो। शहरमा रक्षाको प्रबन्ध पनि राम्रो थियो। शहरमा निस्केको लामो शोभायात्राबाट दुनियाँका आँखा र मनलाई आनन्द मिलेको थियो। त्यस शोभा-यात्रामा हात्तीमा राज भएका भव्यमूर्ति राजा रानीको दर्शन छक्क परेका दुनियाँले आँखा तानी तानीकन गरे।]**

सैन्यव्यायामभूमौ समपृथुलतनौ टुण्डिखेलाभिधायां
लघ्वाकारं नवीनं रुचिररुचि सभामन्दिरं रच्यते स्म ।
तत्राऽसन् वस्त्रवेश्मान्यपि च कतिचनाऽवासहेतोर्जनानां
तस्यां लोकानुमत्या परिषदि नृपतिं मन्त्रिमुख्योऽभ्यनन्दत् ।।८।।

२०३१।११।२०।३

सैन्यव्यायामभूमौ=सैन्यानां युद्धोचितशिक्षणभूमौ ।

अस्त्रं शस्त्रं महास्त्रं च विधिवत् पुत्र धारय । अश्वपृष्ठे रथे चैव व्यायामं कुरु नित्यशः।।

–इति रामलभायापण्डितेन सम्पादिते वाल्मीकीये रामायणे २।१।२४

तेनैव दौवारिकेणोपदिश्यमानवर्त्मा समतिक्रम्य भूपालकुलसहस्रसङ्कुलानि त्रीणि कक्षान्तराणि चतुर्थे भुक्तास्थानमण्डपस्य पुरस्तादजिरे स्थितं दूरादूर्ध्वस्थितेन प्रांशुना कर्णिकारगौरेण व्यायामव्यायतवपुषा शस्त्रिणा मौलेन शरीरपरिवारकलोकेन पङ्क्तिस्थितेन ... परिवृतं ... चक्रवर्तिनं हर्षमद्राक्षीत् - इति हर्षचरिते २ उच्छ्वासे ।

निर्वृक्षक्षुपपाषाणस्थाणुवल्मीकनिर्द्रवैः । कारयेत् कारणैश्चित्रैः सैन्यव्यायामन्वहम् –इति कामन्दकः १६।१८

समपृथुलतनौ=समा निम्नत्वोन्नतत्ववर्जिता पृथुला विशाला तनुः देहः यस्याः सा तस्याम् ।

समे शङ्कुं निखाय शङ्कुसम्मितया रज्ज्वा मण्डलं परिलिख्य यत्र लेखयोः शङ्क्वग्रच्छाया निपतति तत्र शङ्कू निहन्ति सा प्राची – इति कात्यायनशुल्बसूत्रे १।२

समग्रहणं निम्नोन्नताग्रहणार्थम् – इति कर्कभाष्यम् ।

समे देशे यजेत – इति काशिका १।१।२७

आयुष्मन् ! उद्घातिनी भूमिरिति मया रश्मिसंयमनाद् रथस्य मन्दीकृतो वेगः। तेन मृग एष विप्रकृष्टान्तरः संवृत्तः। संप्रति समदेशवर्तिनस्ते न दुरासदो भविष्यति –इति अभिज्ञानशाकुन्तले १ अङ्के।

विशङ्कटं पृथु बृहद् विशालं पृथुलं महत् –इति अमरः ३।१।६०

कायो देहः क्लीबपुंसोः स्त्रियां मूर्तिस्तनुस्तनूः – इति अमरः २।६।७१

रुचिररुचि= रुचिरा शोभना रुचिः द्युतिः यस्य तत्।

सुन्दरं रुचिरं चारु सुषमं साधु शोभनम् –इति अमरः ३।१।५२

स्युः प्रभारुग्रुचिस्त्विड्भाभाश्छविद्युतिदीप्तयः – इति अमरः १।३।३४

वस्त्रवेश्मानि।

गृहं गेहोदवसितं वेश्म सद्म निकेतनम् – इति अमरः २।२।४

दूर्वाप्रतानसहजास्तरणेषु भेजे निद्रासुखं वसनसद्मसु राजदारैः – इति माघः ५।२२

आवासहेतोः। षष्ठी हेतुप्रयोगे २।३।२६ इति षष्ठी।

लोकानुमत्या=जनानुमत्या।

लोकस्तु भुवने जने –इति अमरः ३।३।२

परिषदि= सभायाम्।

समज्यापरिषद्गोष्ठीसभासमितिसंसदः – इति अमरः २।७।१५

**सर्वे नैपालकाः स्युः परिचितलिपयो देश आस्तां सुखीति**
**निःशुल्कां पूर्वशिक्षां सकलजनपदेऽघोषयद् भूमिपालः।**
**अश्वैः सम्यग्विनीतैः खचर९परिमितैरुह्यमानं रथं स**
**आरोहल्ँ लोकचित्ते निहितनिजतनुर्मन्दिरं प्राविशत् स्वम्॥९॥**

२०३१।११।२१।४

नैपालकाः= नेपालवासिनः।

एङ् प्राचां देशे १।१।७५ एङ् यस्याचामादिस्तत् प्राचां देशाभिधाने वृद्धसंज्ञं भवति। एणीपचनीयः, भोजकटीयः, गोनर्दीयः। एङिति किम्, आहिच्छत्रः, कान्यकुब्जः। प्राचामिति किम्, देवदत्तो नाम वाहीकेषु ग्रामः, तत्र भवो दैवदत्तः। देश इति किम्, गोमत्यां भवा मत्स्या गौमताः।

प्रागुदञ्चौ विभजते हंसः क्षीरोदके यथा। विदुषां शब्दसिद्ध्यर्थं सा नःपातु शरावती॥ -इति काशिका नेपालशब्दे वर्तमानानाम् अचाम् आदिः अन् एङ्(ए) वर्तते तथा शरावत्याः पूर्वस्मिन् भागे नेपालः वर्तते। अतः नेपालशब्दस्य वृद्धसंज्ञा संमता।

जनपदतदवध्योश्च ४।२।१२४ वृद्धाज्जनपदवाचिनस्तदवधिवाचिनश्च प्रातिपदिकाद् वुञ् प्रत्ययो भवति शैषिकः। छस्यापवादः। आभिसारकः। आदर्शकः। जनपदावधेः खल्वपि- औपुष्टकः। श्यामायनकः।...इति काशिका।

अतः नेपालशब्दात् शैषिकः वुञ्प्रत्ययः भवितुम् अर्हति। नेपाल वुञ् इति स्थिते अनुबन्धलोपे नेपाल वु। तद्धितेष्वचामादेः ७।२।११७ इति आदिवृद्धौ नैपाल वु। युवोरनाकौ ७।१।१ इति वुस्थाने अक इति आदेशे नैपाल अक। यस्येति च ६।४।१४८ इति अकारलोपे नैपालक।

कौटल्यः अपि नैपालकम् इति रूपं प्रयुङ्क्ते। तद् यथा–

अष्टप्लौतिसङ्घात्या कृष्णा भिङ्गिसी वर्षवारणमपसारक इति नैपालकम् २।११।१०४

एङ प्राचां देशे १।१।७५ कुणिना प्राग्ग्रहणमाचार्यनिर्देशार्थं व्यवस्थितविभाषात्वं चेति व्याख्यातं तेन क्रोडो नामोदग्ग्रामस्तत्र भव क्रौड इत्यणेव भवति । अन्येन तु प्राग्ग्रहणं देशविशेषणं व्याख्यातं तेन देवदत्तो नाम वाहीकेषु ग्रामस्तत्र भवो दैवदत्त इत्यवृद्धत्वाद् ठञ्जिठौ न भवतः –इति महाभाष्यप्रदीपे कैयटः।

इति दर्शनात् प्राचाम् आचार्याणां मतेन एव नेपालशब्दस्य वृद्धसंज्ञा भवति इति केचन स्वीकुर्वन्ति । तेषां मते वृद्धसंज्ञायाः अभावपक्षे प्राग्दीव्यतोऽण् ४।१।८३ इति नेपालशब्दात् शैषिकः अण्प्रत्ययो भवति । नेपाल अण् । अनुबन्धलोपे आदिवृद्धौ अकारलोपे च नैपाल इति रूपं सम्भवति ।

नेपालवासी इति अर्थे नैपालः इति रूपं नेपालस्य प्राचीनेषु अभिलेखेषु उपलभ्यते। तद् यथा-

(स्व) स्ति नैपालेभ्यः परमदैवतश्रीबप्प (भट्टारकपादानु) ध्यातभट्टारकमहाराजश्रीवसन्तदे (वः कुशली) ... ङ्ग्रामे निवासोपगतान् प्रधान (पुरस्सरान्कुटुम्बि)नः कुशलमभिधाय समाज्ञापयति

[लिच्छविकालका अभिलेख इतिसंज्ञस्य ग्रन्थस्य ११० पृष्ठे] –इति वसन्तदेवस्य टिस्टुङस्थे अभिलेखे ।

स्वस्ति नैपालेभ्यः सकलजगद्विसारिकीर्त्तिरनतिवृत्तार्य्यमर्यादासेतुर्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीमहासामन्तांशुवर्म्मा कुशली कुण्डशुल्कतापनाधिकृतान्पुरतः कृत्वा पश्चिमद्वारप्रतिबद्धविषयपतितदायुक्तकशौल्किकगौल्मिकादीङ कुशलमाभाष्य समाज्ञापयति

(लिच्छविकालका अभिलेख इतिसंज्ञस्य ग्रन्थस्य ३०९,३११ पृष्ठयोः)

-इति अंशुवर्मणः भट्टुवालस्थे टिस्टुङस्थे च अभिलेखे ।

अण्प्रत्ययान्तस्य नैपालशब्दस्य स्त्रीत्वविवक्षायां टिड्ढाणञ्द्वयसज्दघ्नञ्मात्रच्तयप्ठक्ठञ्कञ्क्वरप्ख्युनः ४।१।१५ इति ङीप्प्रत्यये अनुबन्धलोपे अकारलोपे च नैपाली इति रूपं सम्भवति ।

मनःशिला मनोगुप्ता मनोह्वा नागजिह्विका । नैपाली कुनटी गोला-इति अमरः २।९।१०८

नेपाले भवा । तत्र भवः ४।३।५३ इत्यण् –इति तट्टीकायां भानुजिदीक्षितः ।

परिचितलिपयः परिचिता लिपिः यैः ते । परिचितलिपयः=साक्षराः ।

विनीतैः= साधु शिक्षितैः ।

विनीताः साधुवाहिनः –इति अमरः २।८।४४

खचरपरिमितैः = नवभिः ९ ।

मन्दिरम् = भवनम् ।

भवनागारमन्दिरम् -- इति अमरः २।२।५

स्वं मन्दिरम् = नारायणहिटीप्रासादम् ।

**[टुण्डिखेलमा चिटिक्क परेको राम्रो दरबारमन्दिर बनाइएको थियो । त्यहाँ मानिसहरू बस्नको लागि केही पाल पनि टाँगिएका थिए । त्यहाँ भएको सभामा श्री ५ महाराजाधिराजको जुनाफमा प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालले समस्त देशवासीका तर्फबाट अभिनन्दनपत्र चढाउनुभयो । त्यस सभामा श्री ५ महाराजाधिराजबाट सबै नेपालीहरू साक्षर होऊन्,देश सुखी होओस् भन्ने विचारले मुलुकभर प्राथमिक शिक्षा निःशुल्क पार्ने घोषणा गरिबक्स्यो। अनि नौघोडे बग्गीमा राज भई दुनियाँका मनलाई आनन्द दिँदै श्री ५ महाराजाधिराजको सवारी नारायणहिटी राजदरबारमा भित्रियो । ]**

....हामी चाहन्छौँ, हाम्रो देशमा कोही भोका-नांगा नरहून्, ओखती-मूलोको अभावमा कसैले पनि दुःख झेल्न नपरोस्, शिक्षाको उज्यालो घामबाट हाम्रा कुनै पनि बालबालिकालाई वञ्चित हुन नपरोस् र प्रत्येक नेपालीले उपयोगी सीप र इलम सिकी आफ्नो पाखुराको बलमा आत्मसम्मानका साथ स्वतन्त्र जीवन–यापन गर्न सकून् । हामी चाहन्छौँ, यातायात, कृषि, उद्योग सबै क्षेत्रमा विकास होस् र देशका कुनाकाप्चामा बसेका सबै नेपाली बढ्दो मात्रामा सुख-समृद्धिको भागी हुन पाऊन् । हामी चाहन्छौँ, यस देशको प्रत्येक भूभागमा लुकिराखेको क्षमताको सदुपयोग भई सबैले मानवोचित जीवनयापन गर्न सकून् र देशको प्रत्येक भाग राष्ट्रिय जीवनको मूल प्रवाहमा सम्मिलित होस्। यही नै हाम्रो भित्री आकांक्षा रहिआएको छ । तर, अन्ततोगत्वा देशविकासको मूल आधार शिक्षा नै भएकोले यस क्षेत्रमा के पुरुष के महिला सबैले समान रूपले अवसर उपलब्ध गर्न सकून् भन्ने उद्देश्यले हामीले हाम्रो सरकारलाई हाललाई देशभर निःशुल्क रूपमा प्राथमिक शिक्षाको व्यवस्था मिलाउन अह्राएका छौँ ।...

( श्री ५ महाराजाधिराजबाट टुँडिखेल दरबारमन्दिरको सभामा बक्सेको सम्बोधनको एक अंश )

गोविन्देन प्रणालीसविधवसतिना भूष्यमाणे नवीने
प्रासादे राजकीये क्षितिसुतदिवसे पूर्वयामे रजन्याः ।
राष्ट्राध्यक्षादिरूपान् नरपतिरतिथीनातिथेयोऽभिनन्दन्
नेपालं शान्तिभूमिं वदतु जन इति स्वं व्यनक्ति स्म भावम् ॥१०॥

२०३१।११।२१।४

गोविन्देन=नारायणेन ।

विष्णुर्नारायणः कृष्णो वैकुण्ठो विष्टरश्रवाः.. दैत्यारिः पुण्डरीकाक्षो गोविन्दो गरुडध्वजः ।

-इति अमरः १।१।१८,१९

प्रणालीसविधवसतिना=प्रणाल्याःजलनिर्गममार्गस्यसविधासमीपावसतिःमन्दिरयस्य सः तेन ।

तद् वाक्यं करुणं राज्ञः श्रुत्वा दीनस्य भाषितम् । कौशल्या व्यसृजद् बाष्पं प्रणालीव नवोदकम्॥

-इति वाल्मीकीये रामायणे २।६२।१०

एताः पुनर्हर्म्यगताः स्त्रियो मां वातायनार्धेन विनिःसृतास्याः।
हा चारुदत्तेत्यभिभाषमाणा बाष्पं प्रणालीभिरिवोत्सृजन्ति॥ -इति मृच्छकटिके १०।११

नीलीशालाप्रणालीकर्मपरितोषितैरस्माभिः
( लिच्छविकालका अभिलेख इतिसंज्ञस्य ग्रन्थस्य ३५३पृष्ठे)-इति नक्सालगैह्रीधारास्थे अंशुवर्मणः अभिलेखे ।

सकलजगदुदन्याशान्तये शीततोयामिह यतिवरवासे पातयित्वा प्रणालीम्
(लिच्छविकालका अभिलेख इतिसंज्ञस्य ग्रन्थस्य ३६८ पृष्ठे ) -इति फर्पिङस्थे अभिलेखे ।

श्र्यंशुवर्म्मप्रसादेन पितुः पुण्यविवृद्धये कारिता सत्प्रणालीयं वार्त्तेन विभुवर्म्मणा
(लिच्छविकालका अभिलेख इतिसंज्ञस्य ग्रन्थस्य ३७८ पृष्ठे ) –इति टुण्डिखेलसातधारास्थे अभिलेखे ।

राजकीये । राज्ञः क च ४।२।१४० राज्ञः ककारश्चान्तादेशो भवति छश्च प्रत्ययः – इति काशिका ।
प्रणालीसविधवसतिना गोविन्देन भूष्यमाणे नवीने राजकीये प्रासादे=नारायणहिटीराजप्रासादे ।
क्षितिसुतदिवसे=भौमवासरे ।

आतिथेयः=अतिथिषु साधुः । अतिथिशब्दात् पथ्यतिथिवसतिस्वपतेर्ढञ् ४।४।१०४ इति ढञप्रत्ययः।
क्रमादातिथ्यातिथेये अतिथ्यर्थेऽत्र साधुनि –इति अमरः २।७।३३
प्रत्युज्जगामाऽतिथिमातिथेयः –इति रघुवंशे ५।२

[भोलिपल्ट फाल्गुन १३ गते मङ्गलबार साँझ नारायणहिटीराजदरबारमा बिदाइसमारोह थियो। त्यस समारोहमा श्री ५ महाराजाधिराजबाट विभिन्न देशबाट पाल्नुभएका राष्ट्राध्यक्ष आदि अतिथिहरूलाई धन्यवाद बक्सँदै नेपाललाई शान्ति-क्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्स्यो ।]

**विशिष्ट मित्रगण,**

१. हाम्रो राज्याभिषेक समारोहमा भाग लिन नेपालसम्म आउने कष्ट गरी मैत्रीभाव दर्शाउनुभएकोमा तपाईँहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहे पनि उत्सव र विधिविधानहरूमा धेरैजसो समय दिनुपरेकोले हामीलाई अवसर मिलेन । हामी यस समारोहलाई हाम्रो राष्ट्रिय एकता तथा ऐतिहासिक परम्पराको प्रतीकस्वरूप मनाउँछौँ । यस अवसरमा तपाईँहरूको पनि असाधारण उपस्थिति भइदिएकोले हामीलाई ठूलो सन्तोष लागेको छ । वास्तवमा, मेरो देश र जनताप्रति तपाईँहरू-को सद्भावना र मैत्रीको यो एउटा अर्को उदाहरण हो भन्ने हामीले ठानेका छौँ ।

२. हामीलाई परिआएका दुःख–सुखका बेलामा तपाईँहरूले देखाउनुभएको मैत्रीभाव र उदारतापूर्ण सहयोगलाई हाम्रो राष्ट्रले कृतज्ञतापूर्वक सम्झिराखेको र त्यस्तै भावना तपाईँहरूप्रति पनि लिइराखेको छ भन्ने कुरामा म आज तपाईँहरू-लाई विश्वस्त तुल्याउन चाहन्छु ।

९. हामी एशियाको एउटा सबभन्दा प्राचीन सभ्यताका हकवाला भएकाले जुगौँदेखि आफूले भोगिआएको हकस्वरूप हाम्रो स्वाधीनतालाई जसरी भए पनि हामीले जोगाउन खोज्नु स्वाभाविक छ । विश्वमा अशान्ति हुँदा हाम्रो परम्परा-देखि रहिआएको स्वतन्त्रतामा आँच आउँछ र शान्तिको अभावमा हाम्रो विकासको प्रक्रिया मन्द एवं कठिन हुने मात्र होइन, विकृत पनि हुन्छ । हामी परम्परादेखि नै शान्तिप्रिय भएकाले विश्वका सबै राष्ट्रहरूसँग मिलेर शान्तिको लागि प्रयास गर्न चाहन्छौँ, संसारको कुनै मुलुकको पनि नेपाल कुभलो चिताउँदैन, नत कसैसँग

अमैत्रीपूर्ण भावना नै उसले लिएको छ भन्ने कुराको म तपाईँहरूलाई विश्वास दिलाउन चाहन्छु । हामी आफ्ना छिमेकीहरूसँग घनिष्ठ एवं समझदारीपूर्ण सम्बन्ध रहेकोमा गौरव मान्छौँ । भारतसँग हाम्रो गहिरो तथा विस्तृत सम्बन्ध छ भने चीनसँगको सम्बन्ध पनि उत्तिकै मैत्रीपूर्ण र घनिष्ठ छ। हाम्रा समस्या र आकांक्षाको आपसमा सतत जानकारी रहनु नै यी सम्बन्धहरूको विशेषता हो।

१०. असंलग्नताको नीतिलाई हामीले अँगालेको कारण नै विश्वशान्तिको सम्भावना त्यसैमा देखेर हो। हामी आफ्नो सुरक्षाको लागि शान्ति चाहन्छौँ भने आफ्नो स्वतन्त्रता र विकासको लागि पनि शान्ति नै चाहन्छौँ । वास्तवमा भन्ने हो भने, नेपालले आफ्ना दुबै छिमेकी मित्रराष्ट्रहरूसँग शान्ति र मैत्रीको सन्धिमा औपचारिक रूपले पहिले नै हस्ताक्षर गरिसकेको थियो । हाम्रो जनता आफ्नो मुलुकमा, छरछिमेकमा र विश्वमा जतातते हृदयैदेखि शान्ति चाहने भएकोले हामीले शान्तिलाई सर्वोपरि स्थान दिएका हौँ। त्यसैले, शान्तिलाई संस्थागत गर्ने त्यही उत्कट अभिलाषाले प्रेरित भएरै म मेरो मुलुक नेपाललाई "शान्तिक्षेत्र" घोषित गरियोस् भन्ने प्रस्ताव राख्दैछु।

११. शान्ति कायम भएमा मात्र हामीले अरू कुनै मुलुकलाई कुनै अवस्थामा पनि बाधा नपर्ने गरी नेपालमा राजनैतिक स्थिरता र आर्थिक सुदृढता ल्याउन सक्नेछौँ। कुनै अर्को मुलुक वा क्षेत्रबाट धम्क्याइएर अथवा तर्साइएर यो शान्तिक्षेत्रको प्रस्ताव ल्याएको होइन भन्ने पनि म जनाउन चाहन्छु । हामी सदासर्वदा स्वाधीन मुलुकका बासिन्दा रहिआएका हुनाले समझदारीको ठाउँ भ्रमले र मेलमिलापको ठाउँ आपसमा लडाइँ झगडाले लिने गरेको वर्तमान समयको हावाले हाम्रो स्वतन्त्रता र स्वाधीनतामा कुनै आँच ल्याउन नपाओस् भन्ने हामी चाहन्छौँ। भविष्यलाई यही परिप्रेक्षमा ध्यानमा राखेर नै हामीले मित्रहरूको सहयोगमा शान्ति खोजेका हौँ।

(श्री ५ महाराजाधिराजबाट बिदाइसमारोहमा बक्सेको भाषणका केही अंश)

स्थाने स्थाने प्रभूता जनहितकृतयः प्रादुरासन् महेऽस्मिन्
दीपावल्यस्त्रियामा अकृषत नितरामुज्ज्वला वासरेभ्यः ।
क्रीडाभिर्मुग्धचित्ता अजनिषत जना दुर्लभप्रेक्षणाभिः
पृथ्वीपाले स्वभक्तिं निजनिजकृतिभिर्व्यञ्जयन्ति स्म लोकाः॥११॥

२०३१।११।२१।४

त्रियामा:=रात्री: ।

निशा निशीथिनी रात्रिस्त्रियामा क्षणदा क्षपा —इति अमरः १।४।४

•अकृषत = कुर्वते स्म । कृधातोः आत्मनेपदे लुङि प्रथमपुरुषस्य बहुवचने अडागमे च्लिप्रत्यये सिजादेशे अ कृ स् झ । आत्मनेपदेष्वनतः ७।१।५ इति अ कृ स् अत् अ । उश्च १।२।१२ इति सिचः कित्त्वात् गुणनिषेधः । षत्वे अकृषत ।

अजनिषत = भवन्ति स्म । जन्धातोः लुङि प्रथमपुरुषस्य बहुवचने अजनिषत ।

दुर्लभप्रेक्षणाभिः = दुर्लभम् असुलभं प्रेक्षणं दर्शनं यासां ताः दुर्लभप्रेक्षणाः ताभिः ।

**[ राज्याभिषेकको अवसरमा ठाउँठाउँमा जनहितका धेरै काम भए । फलमल्ल बलेका बत्तीले गर्दा दिनभन्दा रात उज्याला देखिन्थे । सितिमिति देख्न नपाइने खेलकुद देखेर दुनियाँ छक्क परेका थिए । आआफ्ना ढङ्गका कार्यक्रमले दुनियाँले राजभक्ति प्रकट गरे । ]**

# वृत्तशतकको राजाभिषेकप्रकरणको राजज्योतिषी लीलानाथ पाँडेले गरेको व्याख्या

**सम्पादक– रामजी तेवारी**

विक्रमको तेह्रौं शताब्दीका प्रसिद्ध ज्योतिषी भास्कराचार्यका पिता महेश्वर दैवज्ञले १०० श्लोकमा मुहूर्तविषयको वृत्तशतकनामक ग्रन्थ बनाएका छन्। वृत्तशतकको मेरा वृद्धप्रमातामह✽लीलानाथ पाँडेले बनाउनुभएको करीब साढे तीन शय पत्रको मुनिवाक्यार्थदर्पणनामक व्याख्या लक्ष्मीपतिसङ्ग्रहमा छ। वृत्तशतकको राजाभिषेकप्रकरणमा २ श्लोक छन् । ती २ श्लोकका लीलानाथले मसिना अक्षरमा ३ पत्र( २२९,२३०, २३१ पत्र) व्याख्या लेख्नुभएको छ । सोही व्याख्या यहाँ प्रकाशित गरिन्छ। हस्तलिखित पत्रमा रहेका पाठमा जहाँ जहाँ संशोधन गरिएको छ, त्यहाँ मूल (लीलानाथको) पाठ टिप्पणीमा दिइएको छ ।

लीलानाथ पाँडेको परिचय पूर्णिमामा प्रकाशित राजज्योतिषी लीलानाथ पाँडे भन्ने दिनेशराज पन्तको निबन्धमा छ–(पूर्णिमा १४ अङ्कका १५६-१६९ पृष्ठ, १६ अङ्कका ३९४–४१४ पृ.)।

वृत्तशतकको परिचय पूर्णिमा ४ अङ्कको ८४ पृष्ठमा दाइ नयराज पन्तले लेख्नुभएको छ ।

---

| | |
|---|---|
| ✽दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे | ( वि. सं. १८१५–१८८८ ) |
| राजज्योतिषी लीलानाथ पाँडे | ( वि. सं. १८४३–१८८९ ) |
| ज्योतिषी विश्वनाथ पाँडे | ( वि. सं. १८७९–१९४३ ) |
| ज्योतिषी भुवननाथ पाँडे | ( वि. सं. १९२०–२००० ) |
| भुवनप्रिया तेवार्नी | ( वि. सं. १९५६–२०२५ ) |
| रामजी तेवारी | ( वि. सं. १९७३ ) |

**लग्नेशजन्मेशदशेशसूर्यभौमैर्बलिष्ठैः[1] क्षितिपाभिषेकः ।**
**ज्येष्ठाश्रवःक्षिप्रमृदुध्रुवेषु सौम्यग्रहस्याऽह्नि तिथावरिक्ते ।।१।।**
**लग्ने स्थिरे चोपचयस्थिते च शीर्षोदये च क्षितिपाभिषेकः ।**
**शस्तस्त्रिषष्ठाऽय३।६।११गतैश्च पापैः सौम्यैः षडष्टाऽन्त्य[2]६।८।१२विवर्जितैश्च।।२।।**

## इति राजाभिषेकः ।

अथ राजाभिषेकप्रकरणं व्याख्यायते । उक्तं च मुहूर्त्तकल्पद्रुमे[3]

[4]राज्ञां विनाऽऽज्ञां व्यवहारसिद्धिर्यतो न तस्मान् नृपतिर्जनैस्तु ।
पदेऽभिषिक्तो लभते प्रतिष्ठां कालं ततस्तस्य वदामि शास्त्राद् ।। इति

तत्र प्रथमतः समयशुद्धिमाह । लग्नेशेति लग्नेशो जन्मलग्नेशग्रहः जन्मेशो जन्मराशीशग्रहः दशेशो होराशास्त्रोक्तरीत्या तस्मिन् काले या दशा तस्याः ईशः सूर्यभौमौ क्षत्रियाधिपतिग्रहौ एतैर्बलिष्ठैः होराशास्त्रोक्तषड्बल[5]युक्तैः क्षितिपो राजा तस्याभिषेकः राज्याभिषेकः शस्तः शोभनफलः स्यात् । तथा च श्रीपतिः [6]विलग्नजन्मेशदशाधिनाथमार्त्तण्डधात्रीतनयैर्बलिष्ठैः। गुर्विन्दुशुक्रैः स्फुरदंशुजालैर्महीपतीनामभिषेक इष्टः ।।

**चूडाकर्मनृपाभिषेकेत्यादिना पूर्वं दक्षिणायनगुरुशुक्रास्तादिनिषेधादुत्तरायणगुरुशुक्रोदयकाले शुभ इत्यर्थत एव सिद्धम् । तथा च मुहूर्त्तचूडामणौ ।**

**[7]सौम्यायने स्यात् क्षितिपाभिषेकः सूर्येन्दुशुक्रैः स्फुरदंशुजालैः ।**
**न चाऽधिकोने न च चैत्रमासे न भौमवारे न निशि प्रशस्तः।।**

कश्यपः। अथाऽतः संप्रवक्ष्यामि भूपानामभिषेचनम् । सौम्यायने सिते जीवे नाऽस्तगे न च वार्द्धके ।।
स्वजन्मराशिगे लग्ने तदंशेशे बलान्विते । पट्टबन्धनलग्नेशे तदंशेशे च नाऽस्तगे ।।
जन्मेशे जन्मलग्नेशे नाऽस्तगे न पराजिते ।

**वसिष्ठः ।**
**[8] आधानजन्मेशदशाधिनाथरवीन्दुभौमेज्यसितैर्बलस्थैः।उत्पातदोषादिविवर्जितेषु धराधिपानामभिषेक इष्टः।।**
**मूलत्रिकोणस्वगृहोच्चमित्रगृहस्थितैर्वाऽथ तदंशसंस्थैः ।**
शुभे विलग्ने सततं ग्रहेन्द्रा दिशन्ति लक्ष्मीं विपुलां च कीर्त्तिम् ।।
स्वनीचगा वैरिगृहोपविष्टा अस्तङ्गता वक्रमुपागताश्च ।
पापोदये शोकभयं कुकीर्तिं दिशन्ति राज्ञां भृशमम्बराटाः[9] ।।

---

१. बलिष्टैः । तल पनि २,४ ठाउँमा बलिष्टैः लेखिएको छ । २. षडष्ठांत्य । अन्त पनि धेरै ठाउँमा अनुस्वार नहुने ठाउँमा अनुस्वार लेखिएको छ तथा अनुस्वार हुने ठाउँमा मकार लेखिएको छ । ३.कल्पद्रुमे। ४. राष्ट्रिय अभिलेखालयमा रहेको, विट्ठल दीक्षितले बनाएको लेखोट मुहूर्तकल्पद्रुमको राजाभिषेककुसुमको १ श्लोक।५. षट्बल।६. वि.सं. १९४२ मा काशीबाट प्रकाशित,श्रीपतिले बनाएको रत्नमालाको राजाभिषेक-प्रकरणको १ श्लोक ।७.लक्ष्मीपतिसङ्ग्रहमा रहेको,शिव दैवज्ञले बनाएको लेखोट मुहूर्तचूडामणिको राजाभिषेक--प्रकरणको १ श्लोक । ८.लक्ष्मीपतिसङ्ग्रहमा रहेको,लेखोट वसिष्ठसंहिताको राजाभिषेकाध्यायका १-३श्लोक । ९. स्वनीचवैरिगृहगैस्तदंशैरस्तंगतैर्वक्रमुपागतैश्च । पापोदये शोकभयं च कीर्त्तिं दिशंति राज्ञां भृगमंबराटाः।। लक्ष्मीपतिसङ्ग्रहमा रहेको लेखोट वसिष्ठसंहिताको राजाभिषेकाध्यायको ३ श्लोकमा पनि यस्तै पाठ छ । वि. सं. १९७२ मा बम्बईबाट प्रकाशित, वसिष्ठसंहिताको राजाभिषेकाध्यायको ३ श्लोकमा यस्तो पाठ छ- स्वनीचगैर्वैरिगृहादिगैर्वा हयस्तं गतैर्वक्रमुपागतैर्वा । पापोदये शोकभयं स्वकीर्तिं दिशन्ति राज्ञां भृशमम्बराटाः।। वि. सं. १९५१ मा बम्बईबाट प्रकाशित, राम दैवज्ञले बनाएको मुहूर्तचिन्तामणिको राजाभिषेकप्रकरणको १ श्लोकको गोविन्दले बनाएको पीयूषधारा टीकामा यस्तो पाठ छ-

देशेशस्याऽपि बलं योज्यमिति मुहूर्त्तकल्पद्रुमे ।

[10]देशेशजन्मेशसिताऽर्यसूर्यैः स्वजन्म[11]लग्नेशकुजेन्दुभिश्च ।

उद्यद्बलाढ्यैर्नरवृद्धिलग्ने स्थिरे च राज्ञः षदमामनन्ति ।।

मिथुनस्थेऽर्केऽपि हरिशयनात् प्राक् शुभः[12] । नारदः ।

नाऽभिषेच्यो नृपश्चैत्रे नाऽधिमासे न भूसुते । न प्रसुप्ते हृषीकेशे न रिक्तायां न रात्रिषु।।

तुलावृश्चिकगतेऽर्केऽपि राज्याभिषेकः शुभ इत्युक्तं गणकमण्डने। तच्च ।

[13]पट्टाभिषेक ऐन्द्रर्क्षे[14] श्रुतिक्षिप्रमृदुध्रुवैः । तुलाऽलिसौम्यगेऽर्के स्यान् नार्किभौमचरोदये।।

पूर्वोक्ता एकविंशतिर्महादोषा[15]स्त्याज्या एवेति मूहूर्त्तरत्ने। चन्द्रताराबलान्विते कर्त्तव्यम् । तथा च कश्यपः ।

चन्द्रतारान्विते कर्त्तुर्नैधनोदयवर्जिते । जन्मराशेरुपचये लग्ने शीर्षोदये स्थिरे ।।

अथ नक्षत्राण्याह ।

ज्येष्ठेति[16] ज्येष्ठा ध्रवः श्रवणः क्षिप्राणि[17] अश्विनीतिष्यहस्ताः मृदूनि मृगशीर्षचित्राऽनुराधा-रेवत्यः ध्रुवाणि रोहिणी उत्तरात्रयं एतेषु नक्षत्रेषु[18] क्षितिपाभिषेकः शस्तः । तथा च ज्योतिर्विदाभरणे।

[19]राज्ञामलोलैणकलङ्कभेन्द्रभक्षिप्रेन्दिरानायकतारकासु च[20] ।

मैत्राऽन्त्यचित्रास्वभिषेचनक्रियामुशन्त्यविद्धासु शुभेतरैर्बुधाः ।। इति

अलोलानि उत्तरात्रयं रोहिणी एणकलङ्कभं मृगशीर्षम् इन्द्रभं ज्येष्ठा क्षिप्राणि[21] अश्विनीतिष्यहस्ताः इन्दिरानायकतारका श्रवणम् आसु मैत्रम् अनुराधा अन्त्यो रेवती चित्रा आसु शुभेतरैः पापैरविद्धासु बुधाः अभिषेचनक्रियाम् उशन्ति कथयन्तीत्यर्थः। अत्र त्रयोदशनक्षत्राणि उक्तानि। मुहूर्त्तचिन्तामणिकल्पद्रुमचूडामणिरत्नगणपतितत्त्व[22]मार्त्तण्डादिग्रन्थेष्वपि त्रयोदशनक्षत्राण्युक्तानि[23]। अत्र पीयूषधारायां तु श्रीपतिः ।

[24]मैत्रशाक्रकरपुष्यरोहिणीवैष्णवेषु तिसृषूत्तरासु च । रेवतीमृगशिरोश्विनीषु च क्ष्माभृतां समभिषेक इष्यते[25]।।

कश्यपः । उत्तरात्रयमैत्रेन्द्रधातृचन्द्रकरोडुषु । सश्रुतीज्याश्वपौष्णेषु कुर्याद् राजाभिषेचनम् ।। इति

श्रीपतिकश्यपादिभिश्चित्रानभिधानाच् चित्रा[26]ग्रहणान्निर्मूलमित्युक्तम् । तच् चिन्त्यम् । वसिष्ठन चित्रानक्षत्रे नृपाभिषेकविधानात् । तच् च ।

[27]शान्तिकपौष्टिक[28]मखिलं स्थिरकार्यं वस्त्रभूषणं शिल्पम् ।

उपनयनं वास्तुकृषिक्षितिपतिकार्यं च चित्रायाम् ।।

---

स्वनीचगैः शत्रुगृहस्थितैश्च तदंशसंस्थैः स्वगृहोपगैर्वा ।

पापोदये शोकभयं त्वकीर्तिं दिशन्ति राज्ञां भृशमन्तरायम् ।।

१०. मुहूर्तकल्पद्रुमको राजाभिषेककुसुमको ३ श्लोक ।११. सुजन्म ।१२ हरिशयना प्राग् शुभः। १३. राष्ट्रिय अभिलेखालयमा रहेको, नन्दिकेश्वरले बनाएको लेखोट गणकमण्डनको नक्षत्रवारादिकृत्याध्याय-को ७१ श्लोक। १४. पट्टाभिषेकमैन्द्रर्क्षे । गणकमण्डनको नक्षत्रवारादिकृत्याध्यायको ७१ श्लोकमा पट्टाभिषेक ऐन्द्रर्क्षे छ । १५. एकविंशन्महादोषा । १६. ज्येष्टेति । १७. क्षिप्राः । १८. नक्षेषु । १९. वि. सं. १९६५ मा वम्बईबाट प्रकाशित, कालिदासले बनाएको ज्योतिर्विदाभरणको राजसत्ताध्यायको ८ श्लोक । २०.तारकासु। ज्योतिर्विदाभरणको राजससत्ताध्यायको ८ श्लोकमा तारकासु च छ । २१. मृगशीर्ष क्षिप्राणि । २२. तत्व । २३. नक्षत्रष्युक्तानि । २४. रत्नमालाको नक्षत्रप्रकरणको ५२ श्लोक । ५. शमभिषेकमिष्यते । रत्नमालाको नक्षत्रप्रकरणको ५२ श्लोकमा समभिषेक इष्यते छ । २६. श्रीपतिकश्यपादिना चित्रानभिधानात् चित्रा । २७. वसिष्ठ संहिताको नक्षत्राध्यायको १४ श्लोक । २८. पौष्ठिक । वसिष्ठसंहिताको नक्षत्राध्यायको १४ श्लोकमा पौष्टिक छ ।

गुरुश्च । भूषणं पौष्टिकं कर्म स्थिरं राज्याभिषेचनम् । चूडोपनयनं वास्तु चित्रायां शुभदं स्मृतम् ।।
चरनक्षत्राण्यप्युक्तानि ज्योतिषरुद्रप्रदीपे ।
प्रजानां रञ्जनं राजा विदधीत सुवासरे । मृदुध्रुवचरक्षिप्रे विरिक्ते च शुभोदये ।। इति
अथ वासराण्याह ।
सौम्यग्रहस्य पूर्णचन्द्रबुधगुरुशुक्राणाम् अह्नि वासरे शस्तः । तथा च श्रीपतिः ।
29तारकाशशभृतोर्बले दिने सद्ग्रहस्य च तिथावरिक्तके ।
सद्युत30व्ययत्रिकोणकण्टकस्वाऽष्टमेषु रहितेष्वसाधुभिः ।।
अत्राऽदित्यवारः शुभस्तदपि श्रीपतिः ।
31राजाभिषेकोत्सवयानसेवागोवह्निमन्त्रौषधिशस्त्रकर्म ।
सुवर्णताम्रौर्णिकचर्मकाष्ठसङ्ग्रामपण्यादि रवौ विदध्यात् ।। इति
ज्योतिर्विदाभरणेऽपि पञ्च वासराः शुभाः प्रोक्ताः। कश्यपादिभिर्भौमवार एव निषिद्धः। तच्च।
अरिक्तदिवसेष्वैव कुजवर्जितवासरे ।
वसिष्ठमते भौमबुधवारौ निषिद्धौ । तच्च ।
32रिक्तामर्मा वै बुधभौमवारौ विवर्ज्य वारेषु दिनेषु चैव ।
बले दिनाधीशनिशेशयोश्च न नैधने भे त्वभिषेक इष्टः33।।
अत्र टोडरानन्दे भीमपराक्रमः ।
राजाभिषेकाऽहवदुष्टदन्तिसेतुच्छिदानां34 कृषिकर्मणां च ।
वादस्य च क्ष्मातनयस्य बारे प्रारम्भसिद्धिं मुनयो वदन्ति ।।
अत्र भौमवासरेऽभिषेकविधानं सेनापत्यभिषेकविषयमेव । भौमस्य सेनापतित्वात् ।
35राजानौ रविशीतगू क्षितिसुतो नेता । इति वराहोक्तत्वात् ।
36सेनानिवेशाऽकरधातुहेमप्रवालकार्याणि कुजे च कुर्याद् । इति श्रीपतिश्च ।
अन्यथा भौमवासरनिषेधो वसिष्ठाद्युक्तो निर्विषयः स्यात् । सेनान्यादीनां विशेषं37 वक्ष्यामः ।
अथ तिथीनाह ।
अरिक्ते तिथौ चतुर्थीनवमीचतुर्दशीव्यक्तिरिक्ते तिथौ शस्तः । रिक्तोपलक्षणादमायां च तिथौ न शस्तः । अत्र संमतिः पूर्वोक्ता । मुहूर्त्तकल्पद्रुमे ।
38माघादिषट्के मलचैत्रशून्ये पक्षे सिते रिक्तकुहूकुजोने । दिने दिवा क्षिप्रमृदुध्रुवेन्द्रविष्णूडुभिर्भूपपदाभिषेकः ।

---

२९.रत्नमालाको राजाभिषेकप्रकरणको ४ श्लोक।३०.सद्युतौ। रत्नमालाको राजाभिषेकप्रकरणको ४ श्लोकमा सद्युत छ। ३१. रत्नमालाको वारप्रकरणको १ श्लोक । ३२. वसिष्ठसंहिताको राजाभिषेकाध्यायको ५ श्लोक । ३३.रिक्तामर्मायां बुधभौमवारवर्ज्येषु बारेषु दिनेषु चैव । बले दिनेशर्क्षनिशीशयोश्च न नैधने भे त्वभिषेक इष्टः।। लेखोट वसिष्ठसंहिताको राजाभिषेकाध्यायको ५ श्लोकमा पनि यही पाठ छ ।
छापा वसिष्ठसंहिताको राजाभिषेकाध्यायको ५ श्लोकमा यस्तो पाठ छ–
रिक्तास्वमायां बुधभौमवारविवर्जिते वारदिनेषु चैव। खले दिने ऋक्षनिशीशयोश्च न नैधने भे त्वभिषेक इष्टः।।
मुहूर्तचिन्तामणिको राजाभिषेकप्रकरणको १ श्लोकको पीयूषधाराटीकामा यस्तो पाठ छ–
रिक्तास्वमायां बुधभौमवारविवर्जिते वारदिनेषु चैव ।
खले दिने ऋक्षनिशे तथैव न नैधने भे त्वभिषेक इष्टः ।।
३४. छिदानां । ३५. वि. सं. २०१३ मा काशीबाट प्रकाशित, वराहमिहिरको बृहज्जातकको ग्रहभेदाध्यायको १ श्लोक । ३६.रत्नमालाको वारप्रकरणको ३ श्लोक । ३७.विशेषो ।३८. मुहूर्तकल्पद्रुमको राजाभिषेक-

अत्र पीयूषधारायां[39] यत् तु रत्नमालायाम् ।

[40]मन्त्रौषधानि शकुनौ च सपौष्टिकानि गोविप्रराज्यपितृकर्म चतुष्पदे तु ।

अत्र हि चतुष्पदाख्ये करणे राज्यं कर्त्तव्यमित्युक्तम् । तच्चाऽमावास्यायामवश्यं भवत्येवेत्ययुक्तं श्रीपतिवाक्यं प्रतिभाति । उच्यते। जीर्णराजमरणे संजाते पुत्रादेः शीघ्रमेवाऽखिलदोषनिरासपूर्वकशुभमुहूर्त्तालब्धौ कालान्तरप्रतीक्षायां च द्विषदादिकृतसर्वनाशः[41] स्यादित्येवंविधे विषयेऽपि चतुष्पदकरणे पुत्रादिरभिषेक्तव्य एवेत्येतत् परं[42] व्याख्येयमिति युक्तं प्रतीमः । उक्तं च दैवज्ञमनोहरे ।

मृते राज्ञि न कालस्य नियमोऽत्र विधीयते । नृपाभिषेकः कर्त्तव्यो दैवज्ञेन पुरोधसा ।। इति गणकमण्डने च ।

[43]मृते भूपे सुताभावे राज्यदाय[44]कुलोद्भवे । नृपाभिषेकस्तत्काले नोक्तवारादि चिन्तयेद् ।। इति ।।१।।

अथ लग्नान्याह[45] ।

लग्न इति स्थिरे वृषसिंहवृश्चिककुम्भान्यतमे लग्ने चेत्यथवा उपचयस्थिते जन्मलग्नराशिभ्यां त्रिषड्[46]दशमैकादशे लग्ने चेत्यथवा शीर्षोदये मिथुनसिंहकन्यातुलावृश्चिककुम्भ[47]मीनान्यतमे लग्ने क्षितिपाभिषेकः शस्तः। तथा च कश्यपः ।

जन्मराशेरुपचये लग्ने शीर्षोदये स्थिरे । शुभग्रहेक्षिते युक्ते नयुक्तवीक्षिते परैः ।।

शुभलग्ने शुभांशे च नैधने शुद्धिसंयुते ।

वराहः । [48]गोजाऽश्विकर्किमिथुनाः[49] समृगा निशाख्याः पृष्ठोदया विमिथुनाः कथितास्त एव ।

शीर्षोदया दिनबलाश्च भवन्ति शेषा लग्नं समेत्युभयतः पृथुरोमयुग्मम्[50]।। इति ।

अत्र चरलग्नस्य त्यागः पूर्वोक्तगणकमण्डनवाक्याद्[51] अत्र षड्वर्गमुहूर्त्तादिविचारश् टोडरानन्दे[52] व्यवहारचण्डेश्वरे ।

मुहूर्त्ताश्चोक्तनक्षत्रनामतुल्या हितप्रदाः । कुजहोरा तथा नेष्टा सर्वत्र कुलिकस्य च ।।

लग्ने नवांशः क्षितिजस्य[53] वर्ज्यो वर्गस्तथा तस्य महानुभावः ।

सूर्यस्य वर्गः सकलः[54] प्रशस्तो राज्ञोऽभिषेके स नृपो ग्रहाणाम् ।। इति

अथ लग्ने ग्रहबलमाह ।

त्रिषष्ठेति[55] त्रिषष्ठाऽयगतैः तृतीयषष्ठैकादशस्थानप्राप्तैः पापैः पापग्रहैः षडष्टाऽन्त्यविवर्जितैः षष्ठाऽष्टमद्वादशस्थानव्यतिरिक्तस्थानगतैः सौम्यैः शुभग्रहैः क्षितिपाभिषेकः शस्तः। अत्र चकारद्वयोपादानमनुक्तसमुच्चयार्थम् । तथा च कश्यपः ।

त्रिकोणकेन्द्रस्वत्र्याये[56] शुभैस्त्र्यायाऽरिगैः परैः। अभिषेको हितस्तेषां राज्ञां वै पुण्यकर्मणाम्।। इति

अत्र लग्नगतोऽर्कः शुभस्तथा चण्डेश्वरः ।


सौम्याः केन्द्रगता लग्नाद् गुरुश्चैव त्रिकोणगः । पापाश्चोपचयस्थाश्च शस्तो लग्ने दिवाकरः ।।


पापग्रहाणां निन्द्यभावफलमाह वसिष्ठः ।


[57]पापग्रहैः स्वाऽन्त्यगतैश्च निःस्वो रोगी विलग्नोपगतैर्भवेत् सः ।

---

कुसुमको २ श्लोक । ३९.पियूषधारायां । ४०.रत्नमालाको करणप्रकरणको १२ श्लोक । ४१. कृततसर्वनाशः । ४२. एवेत्येवं परं ।४३. गणकमण्डनको नक्षत्रवारादिकृत्याध्यायको ७३ श्लोक।४४.राज्यदान । गणकमण्डनको नक्षत्रवारादिकृत्याध्यायको ७३ श्लोकमा राज्यदाय छ ।४५. लग्नानाह । ४६. त्रिषट् । ४७.कुभ । ४८. बृहज्जातकको राशिप्रभेदाध्यायको १०. श्लोक । ४९. मिथुना । ५०. मूलमा अन्तिम पाउ दिइएको छैन । ५१.वाक्यात् । ५२. विचारो टोडरानन्दे । ५३. नवांशो क्षितिजस्य ।। ५४. सकल । ५५ त्रिषष्टेति । तल पनि २,४ ठाउँमा षष्ट लेखिएको छ । ५६. स्वत्र्याय । ५७. वसिष्ठसंहिताको राजाभिषेकाध्यायका ६-७ श्लोक ।







पदच्युत:58 सप्तमतुर्य59गैश्च पुत्रस्थितैः सर्वसुखैर्विहीनः ।।
भ्रष्टोद्यम:60 कर्मगतैरनायुर्मृत्युस्थितैर्वीर्ययुतैश्च पापैः । इति
नवमगा: पापाश्च वर्ज्यास्तथा च कश्यपः ।
त्रिकोणलग्नगैः क्रूरैर्धनस्थैर्निर्धनो भवेत् । चतुर्थास्पदगैर्लग्नाद् राज्यभ्रष्टः स भूमिपः ।।
पुत्रगैः सौख्यहीनस्तु निरुद्योगो61 व्ययस्थितैः । धर्मगैर्धर्मरहितो मृत्युं प्राप्नोति मृत्युगैः ।। इति
वीर्ययुतैरित्युक्तत्वेन विवाहे स्थानादिबलाभावेनोक्ताः परिहाराश्चाऽत्राऽपि योज्याः।
चन्द्रस्य विशेषमाह वसिष्ठः ।
62लग्नव्ययाऽष्टाऽरिगतः शशाङ्कः क्षितीश्वरं हन्ति यदा बली चेद् । इति
कश्यपः । षडष्टाऽन्त्यगते चन्द्रे लग्नात् पापनिरीक्षिते । राजा प्राङ्म मृत्युमाप्नोति मित्रदृष्टे त्रिवत्सराद् । इति
अथ योगाः ।
वसिष्ठः । 63यस्याऽभिषेके पुरुहूतमन्त्री लग्ने त्रिकोणे यदि वा भवेत् सः ।
षष्ठे कुजः कर्मगतश्च शुक्रः स मोदते विक्रमराजलक्ष्म्या ।।
दुश्चिक्यलाभाऽरिगता विनाऽर्कि64 खस्थेऽमरेज्ये यदि बन्धुगेहे ।
यस्याऽत्र योगे क्रियतेऽभिषेकश्चिरायुषस्तस्य पदं स्थिरं स्यात् ।।
लग्नप्रकरणे वसिष्ठः ।
65उदयगते पूर्णेन्दौ जीवे वा भास्करे च66 दशमगते । अभिषेको नृपतीनामुत्सवकार्याणि सितदिवसे।।
मुहूर्त्तरत्ने । त्रिलाभसस्थौ शनितिग्म67रश्मी मेषूरणे बन्धुगृहे महीजः ।
यस्याऽत्र योगे क्रियतेऽभिषेकः संपत् स्थिरा तस्य चिरायुषः स्यात् ।।
वसिष्ठः । 68शुभेषु चन्द्रयोगेषु खयोगेषु शुभेषु च । राजयोगेषु यो राजा त्वभिषिक्तः क्षितीश्वरः ।।
अत्र तिलकयोगो मुहूर्त्तगणपतौ ।
69सूर्यर्क्षाद् गणयेच् चान्द्रं तिथिवारसमन्वितम् । सप्तभिस्तु हरेद् भागं तिलकं पञ्च शेषके ।।
प्रयाणे हैवरं प्रोक्तं व्यवहारे घषाढकम् । आसने तिलकं प्रोक्तं प्रवेशे गोवरं स्मृतम् 70 ।।
अत्र कैश्चित् सिंहासनचक्रमप्युक्तम् 71 । तच्च ।
सूर्यर्क्षाद् यमभे बलाद्युपचयो72 भानां चतुष्के वरं नाशः स्याद् भचतुष्टये कृतमिते कीर्त्तिर्द्विभे भीतिकृत् ।
वेदर्क्षे प्रभुता प्रभोर्भवति वेदर्क्षे मृतिर्भत्रये सम्राडित्युदितं फलं सुकृतिभिश्चक्रे तु सिंहासने ।। इति
अत्र विशेषो ज्योतिर्विदाभरणे द्रष्टव्यः73 ।
अथाऽत्र प्रसङ्गादन्यदप्युच्यते ।

---

५८. पदश्च्युतिः। वसिष्ठसंहिताको राजाभिषेकाध्यायको ६ श्लोकमा पदच्युतः छ। ५९.तूर्य। ६०.भ्रष्टोत्सुकः । ६१.निरुद्योगी । ६२.वसिष्ठसंहिताको राजाभिषेकाध्यायको ७ श्लोक । ६३. वसिष्ठसंहिताको राजाभिषेकाध्यायका ९-१० श्लोक । ६४. विनार्की । ६५. वसिष्ठसंहिताको सर्वलग्नबलाध्यायको २८ श्लोक । ६६.भास्करे । वसिष्ठसंहिताको सर्वलग्नबलाध्ययको २८ श्लोकमा भास्करे च छ। ६७.तीग्म। ६८. वसिष्ठसंहिताको राजाभिषेकप्रकरणको ११ श्लोक । ६९. लक्ष्मीपतिसङ्ग्रहमा रहेको,गणपतिले बनाएको लेखोट मुहूर्तगणपतिको वह्न्याधानराज्याभिषेकप्रकरणका १२-१३ श्लोक । ७०. मुहूर्तचिन्तामणिको यात्राप्रकरणको २६ श्लोकको पीयूषधाराटीकामा यस्तो लेखिएको छ –

सूर्यभाद् गणयेच् चान्द्रं त्रिगुणं तिथिसंयुतम् । सप्तभिस्तु हरेद् भागं त्रिशेषं स्याद् घबाढकम्।।
सूर्यभाद् गणयेच् चान्द्रं तिथिवारं च मिश्रितम् । सप्तभिस्तु हरेद् भागं पञ्चशेषं तु टेलकम् ।।
सूर्यभाद् गणयेच् चान्द्रं तिथिवारं च मिश्रितम् । अर्कसङ्ख्यैर्हरेद् भागं नवशेषं तु गौरवम् ।।

७१. चक्रोप्युक्तः । ७२. बलाद्युपचयं । ७३. ज्योतिर्विदाभरणको राजसत्ताध्यायका १४-- १७ श्लोकमा सिंहासनचक्रको विषय छ –

युवराज्याभिषेको मुहूर्त्तगणपतौ।
74युवराजाभिषेक: स्यादभिषेकोक्तभादिषु ।

सचिवादिकरणं ज्योतिषरुप्रदीपे ।
नृपोऽमात्यान् प्रकुर्वीत कुलधीधैर्यधर्मिण: । स्थिरमैत्रैः सुवारार्के राजयोगे स्थिरोदये ॥
भृत्याः शूराश्च धीराश्च शुद्धा भगुणयोनिभि: । स्थाप्या ध्रुवमृदुक्षिप्रे सुयोगे विकुजे दिने ॥
भगुणयोनिभि: शुद्धा इति षट्काऽष्टकगणयोनिग्रहवैरदुष्टनाडीरहिता मन्त्रिपुरोहितसेनापत्यादय: कार्या इति। उक्तं च ।

गुरुर्मन्त्री भिषक् सेनानायको द्वारपालक: । राज्योपकरणं चैव त्याज्यं दुष्टत्वमाश्रितम् 75 ॥
कोशवृद्धिश्शुभे वारे वृद्धौ सिद्धौ विरिक्तके । त्रिपुष्करचरक्षिप्रे मृदुपूर्णाध्रुवोडुषु ॥
मालबन्धो गणकमण्डने ।
76पत्तने च पुरोदेशे विजनैर्मालबन्धनम् । नृपाभिषेकवारर्क्षैर्वाद्यगीतादिपूर्वकम् 77॥

---

विरोचनाधिष्ठितभाद् भमण्डलं सिंहासनाधस्तलमध्यतो न्यसेत् ।
सव्याऽपसव्योभयपार्श्वकोदितं तावत् तलस्थं भयुगं बलार्थहृत् ।।१४।।

अथाऽत्र चक्रे नक्षत्राणि स्थापयति-विरोचनेति ॥ विरोचनाधिष्ठितभात् सूर्यनक्षत्रात् सिंहासनाधस्तलमध्यतोऽत्र मण्डलं न्यसेत् स्थापयेद् दैवज्ञ इति शेष: । किंभूतं भमण्डलं सव्याऽपसव्योभयपार्श्वकोदितं वामदक्षिणोभयपार्श्वे स्थितं इति नक्षत्रस्थापना। अथैषां फलमाह । तावत् तलस्थं सिंहासनाधस्तलमध्यभागस्थितं भयुगं विभो: स्वामिनो बलार्थहृत् सैन्यपदार्थनाशकं स्यात् ।।१४।।

अधोंऽसयुग्मे भचतुष्टयं वरं पश्चाद् विदिक् केतुयुगे प्रमापणम् ।
ताराचतुष्के भचतुष्कमिन्द्रदिग् ध्वजाश्रितं मण्डलकीर्तिवर्द्धनम् ।।१५।।

अधोंऽसेति। अधोंऽसयुग्मे भद्रासनाधस्तलस्कन्धयुग्मे भचतुष्टयं नक्षत्रचतुष्कं वरं श्रेष्ठं स्यात्। पश्चाद् विदिक् केतुयुगे ताराचतुष्के विदिशोर्गतं भयुग्मं प्रमापणं विशरणं (प्रमयं प्रमापणमिति हैमं मापणं?) व्यापादनं स्यात् । इन्द्रदिग्ध्वजाश्रितं पूर्वदिग्ध्वजयोर्गतं भचतुष्कम् उभयतो नक्षत्रस्य युग्मं मण्डलकीर्तिवर्द्धनं नीवृद्यशोवृद्धिकारकं स्यात् ।।१५।।

ततो भवेद्रासनपीठमध्यगं ताराद्वयं भीतिकरं प्रकीर्णयो: ।
ज्योतिश्चतुष्कं जनयेद्धितं विभोश्छत्रश्रवोंऽसर्क्षचतुष्टयं लयम् ।।१६।।

तत इति । ततस्तदनन्तरम् आसनपीठमध्यगं भद्रासनमध्यभागगतं ताराद्वयं भीतिकरं भयानकं स्यात् । प्रकीर्णयोश्चामरयोर्ज्योतिश्चतुष्कं हितं जनयेत् । छत्रश्रवोंऽसर्क्षचतुष्टयं छत्रकर्णस्कन्धनक्षत्रचतुष्कं लयं मृत्युं जनयेत् । विभो: स्वामिन इति सर्वत्र योज्यम् । यत्र नक्षत्रचतुष्कं प्रोक्तं तत्र उभयपार्श्वे भद्वयं स्थाप्यम् ।।१६।।

तारात्रये छत्रविमौलिसंस्थे पट्टाभिषेकान् नरदेवता स्यात् ।
सम्राडतश्चेदिह चक्रवर्ती स्वराडपापे ननु । छत्रयुक्स्थे।।१७।।

तारेति । छत्रविमौलिसंस्थे छत्रशिखोपरिस्थिते तारात्रये इह पट्टाभिषेकात् स्वराड् निजराजा नरदेवता नरपति: सम्राड् द्वादशराजचक्रस्य स्वामी स्यात् । यत: 'येनेष्टं राजसूयेन मण्डलस्येश्वरश्च य: । शास्ति यश्चाज्ञया राज्ञ: स सम्राड्' इत्यमर: ॥ इति राजमुद्राचक्रम् । ननु निश्चितं यदि चेत् इह भद्रासने छत्रयुक्स्थेऽपापत्रययोगे स्थिते शुभग्रहे सति अतोऽभिषेकात् स्वराट् चक्रवर्ती स्यात् । ननु छत्र इत्यत्र लघुप्रयत्नत्वं संभाव्यतेऽन्यथा छन्दोभङ्गश्चिन्त्यच्छकारस्याद्विर्भावत्वादेवं केवलछत्रमण्डले इत्यादि पदेष्वपि ज्ञेयम् ।।१७।।

७४.मुहूर्तगणपतिको वह्न्याधानराज्याभिषेकप्रकरणको १४ श्लोक। ७५.अन्ये राज्योपकरणा दुष्टभूता सदा त्यजेदिति। ७६.गणकमण्डनको नक्षत्रवारादिकृत्याध्यायको ७६ श्लोक। ७७. यो श्लोकको भाव बुझिएन।

राज्योपकरणानि तत्रैव ।

78दीपिकाचामरच्छत्र79दोलाशय्याऽऽसनादिकम् । राज्योपकरणं सर्वं कुर्यात् पट्टाभिषेकभैः ॥

मुहूर्त्तगणपतौ। 80चामरच्छत्र81दोलादिपीठसिंहासनादिकम् । पट्टाभिषेकभे सर्वं विदध्याच्छोभनेऽहनि।। इति

आदि–सर्वपदेन ध्वज82पताकादुन्दुभिरथशिविकागजाऽश्वाऽदयोऽपि ज्ञेयाः। दुन्दुभेर्विशेषस्तत्रैव।

83हस्तत्रयेऽनुराधाऽन्त्ये पुनर्वसुयुगेऽश्विभे । श्रवस्त्रये मृगेऽर्केऽह्नि शुभे पूर्णाजयासु च ॥

शुभं दुन्दुभिभेर्यादि करवाद्यादिकं शुभम् । करवाद्यं मृदुक्षिप्रचरभे सत्तनौ शुभम् ॥

मुखवाद्यं84 तु पापाह्ने रिक्तातीक्ष्णोग्रभैः शुभम्।

दुन्दुभिचक्रं तत्रैव ।

85खेटाकारं लिखेच् चक्रं दुन्दुभेश्च प्रतिष्ठितम् । स्थानानि कल्पयेत् त्रीणि सूर्यर्क्षादिक्रमेण च ॥

सुखं दुःखं तथा भोगो86 ज्ञातव्यं दुन्दुभेः क्रमाद् । इति

ध्वजस्य विशेषो ज्योतिर्विदाभरणे ।

87चराऽचरर्क्षेशपुरोहितोडुभिर्ध्वजक्रिया वारणधिष्ण्यकर्म च । इति

पुनर्वसू स्वातिः श्रवणं धनिष्ठा शतभिषग् रोहिणी उत्तरात्रयम् आर्द्रा तिष्यः एषु नक्षत्रेषु88 ध्वजकर्म हस्तिस्थानकर्म च शुभमित्यर्थः ।

संहिताप्रदीपे । चरेज्येशस्थिरैः सार्कसौम्यवारे शुभे तिथौ । राजयोगे ध्वजः कार्यो वाहस्तस्य सुहृत् स्मृतः ॥

तस्य ध्वजस्य वाहनकर्त्ता मित्रं89 कार्यः शत्रुर्न कार्य इति यथा हनूमद्ध्वजस्य90 पुनर्वसुनक्षत्र-तृतीयचरणम् । सुन्दराख्यो हस्ती वाहकः91।तस्य शतभिषङ्नक्षत्रचतुर्थचरणम्92। अनयोर्योनिग्रहगणमैत्री93-कुकूट-सुनाडो–सत्त्वे94 शुभः । अन्यथाऽशुभ इति । केचित् तु

95नामर्क्षाद् द्विसुताऽङ्कदिग्भवगतो ग्रामः शुभोऽतोऽन्यथा ।

इत्यादिवदत्राऽप्याहुः। एतद् दुन्दुभिवाहकस्य तद्वादकस्य छत्रचामरादिवाहकस्याऽपि ज्ञेयम् ।

ध्वजचक्रन्तत्रैव । ध्वजचक्रं शिरःसप्त कोणे सप्त तथोदरे । दण्डके सप्त ऋक्षाणि साभिजिद् विन्यसेद् बुधः ॥

निष्फलं96 दण्डकोणे च फलदं मस्तकोदरे । ध्वजर्क्षाद् वाहक97स्योक्तं फलं तद् दुन्दुभेरपि ॥

ध्वजस्योक्तं सर्वं पताकायामपि98 बोध्यम् । छत्रध्वजपताकादिषु ध्वजादयः कर्त्तव्यास्तथा99 च विश्वकर्मा ।

मृगेन्द्रमासने दद्याच् छयनेषु गजः शुभ । वृषो100 भोजनपात्रेषु च्छत्रादिषु101 ध्वजः शुभः102 ॥

---

७८. गणकमण्डनको नक्षत्रवारादिकृत्याध्यायको ७५ श्लोक । ७९. दीपकाचामरछत्र । गणकमण्डनको नक्षत्र-वारादिकृत्याध्यायको ७५ श्लोकमा दीपिकाचामरच्छत्र छ । ८०.मुहूर्तगणपतिको वह्न्याधानराज्याभिषेकप्रक-रणको १६ श्लोक । ८१. चामरछत्र । वि. सं. १९४४ मा बम्बईबाट प्रकाशित मुहूर्तगणपतिको अग्न्याधान-राजाभिषेकप्रकरणको ९ श्लोकमा चामरच्छत्र छ। ८२.ध्वजा। ८३.मुहूर्तगणपतिको अनेककार्यमुहूर्तप्रकरणका १४०-१४१ श्लोक। ८४. मुखवाद्रं । मुहूर्तगणपतिको अनेककार्यमुहूतप्रकरणको १४१ श्लोकमा मुखवाद्यं छ। ८५. मुहूर्तगणपतिको अनेककार्य मुहूर्तप्रकरणका १४२–१४३ श्लोक । ८६. भोगं । ८७. ज्योतिर्विदाभरणको राजसत्ताध्यायको ३२ श्लोक । ८८. पुनर्वसु स्वाति श्रवण धनेष्ठा शतभिषग्रोहिणी उत्तरात्रयार्द्रातिष्यनक्षत्रे । ८९. मित्रः। ९०. हनुमद्ध्वजस्य । ९१. हस्तिर्वाहकः । ९२. शतभिन्नक्षत्रद्वितीयचरणं। ९३. मैत्र।९४. सत्वे । ९५. वि. सं.२००४ मा काशीबाट प्रकाशित मुहूर्तमार्तण्डको गृहप्रकरणको १ श्लोक।९६.निःफलं। ९७.वाहभ। ९८. पतायामपि । ९९. कर्त्तव्यस्तथा । १००. वृषं । १०१. छत्रादिषु । १०२. यो श्लोकको भाव बुझिएन ।

वसिष्ठः । 103वृषोऽत्र:104 पूजितोऽन्यत्र ध्वजः सर्वत्र पूजित:105 ।

प्रयोगमञ्जर्यां च । प्रासादप्रतिमालिन्दजगतीपीठमण्डपाः । वेदीकलशचीराणां पताका छत्रतोरणे ।।
वापीकूपतडागानां106 कुण्डानां च जलाशये । ध्वजे ब्राह्मणसंस्थाने ध्वजं तत्र107 निवेशयेद्108 ।। इति
ध्वजः पञ्चहस्तः कार्यं इति तान्त्रिकाः ।

प्रतिष्ठासङ्ग्रहे । पीतरक्ताऽदिवर्णाश्च पञ्चहस्ता ध्वजाः स्मृताः ।

गारुडे च । पञ्चहस्ता ध्वजाः कार्या वैपुल्येन द्विहस्तकाः। सप्तहस्ताः पताकाः स्युर्विंशत्यङ्गुलविस्तृताः ।।
सार्द्धहस्तत्रयमिताः पताका ध्वजाश्च कार्या इति स्वरोदये। यथाशोभं कार्यमिति सांहितिकाः ।

संहितासारावल्याम्। पताकाध्वजच्छत्रा109दीनायशुद्धान् प्रकल्पयेत्। तेषां मानं यथाशोभं रथकुन्ताऽदिकं तथा।।
आयसाधनं वास्तुप्रकरणोक्तं ज्ञेयम् । तेषां दण्डमुक्तं वराहेण ।

110यष्टयातपत्राऽङ्कुशवेणुचापवितानकुन्तध्वजचामराणाम्। व्यापीततन्त्रीमधुकृष्णवर्णा वर्णक्रमेणैव हिताय दण्डाः।
दण्डः शुभः काञ्चनरूप्यगुप्तो रत्नैर्विचित्रश्च हिताय राज्ञाम् ।
तन्त्री रक्तवर्ण इत्युत्पलः111 ।

गर्गः । 112विप्राणां पीतवर्णः स्यात् क्षत्रियाणां तु लोहितः। वैश्यानां पीतवर्णश्च शूद्राणामसितप्रभः ।।
दण्डः शुभप्रदो ज्ञेयो यष्टिच्छत्राङ्कुशादिषु113 ।

अत्र विशेषो दिग्विजयादिग्रन्थे द्रष्टव्यः। रथशिबिकागजाऽश्वाऽदीनां विशेषं114 मिश्रप्रकरणे वक्ष्यामः ।
अथ प्रसङ्गाद् राजमुद्रापातनं सारसमुच्चये मुहूर्त्तरत्ने वसिष्ठश्च ।

115मृदुध्रुवक्षिप्रचरेषु भेषु योगे प्रशस्ते शनिचन्द्रवर्ज्ये। वारे तिथौ पूर्णजयाह्वये च मुद्रा प्रतिष्ठा शुभदा नराणाम्।
गुर्वस्ते116 वा सिऽतास्ते या मुद्राया घटनं क्वचित्। क्रूरग्रहर्क्षांशलग्ने न कार्यं भूतिमिच्छता117।।
मुद्रा सुवर्णरजतादीनामिति मुहूर्त्तरत्ने रुद्रप्रदीपे च ।
मुद्राणां हि विधिः क्षिप्रमृदुध्रुवचरोडुषु । पूर्णाजयाऽर्कसद्वारे विमौढ्येऽमलिने शुभः ।।
अथ च्छूरिकाबन्धः118।

नारदः। 119छुरिकाबन्धनं वक्ष्ये नृपाणां प्राक् करग्रहात् । विवाहोक्तेषु मासेषु शुक्लपक्षेऽप्यनस्तगे ।।
जीवे शुक्रे च भूपुत्रे चन्द्रताराबलान्विते । मौञ्जीबन्धर्क्षतिथिषु कुजवर्जितवासरे ।।
अत्राऽप्यविचारो बन्धनविधिश्च वसिष्ठ120नारदकश्यपादिसंहितासु121 द्रष्टव्यः ।
अथ शस्त्रघटनं सारसागरे ।
कृत्तिकासु विशाखासु भौमाऽर्कशनिवासरे । तद्दिने घटितं शस्त्रं नृपाणां जयदायकम्।।

---

१०३. वसिष्ठसंहिताको वास्तुपूजाध्यायको ७२ श्लोक । १०४. वृषागः । वसिष्ठसंहिताको वास्तुपूजाध्यायको ७२ श्लोकमा वृषोतः छ। १०५. यो श्लोकको भाव बुझिएन । १०६. तडानां । १०७. ध्वजस्तत्र । १०८.यो श्लोकको भाव बुझिएन। १०९. ध्वजछत्रा । ११०. वि. सं. १९५४ मा काशीबाट प्रकाशित वराहमिहिरको बृहत्संहिताको चामरलक्षणाध्यायका ३–४ श्लोक । १११. मुद्रित बृहत्संहितामा भट्टोत्पलको टीकामा तन्त्रीवर्णाः पीतलोहिताः छापिएको छ । ११२. यी श्लोक बृहत्संहिताको चामरलक्षणाध्यायको ४ श्लोकको भट्टोत्पलको टीकामा उद्धृत गरिएका छन् । ११३. यष्टिपृछांकुशादिषु । भट्टोत्पलको टीकामा उद्धृत गरिएको गर्गको वचनमा यष्टिच्छत्राङ्कुशादिषु छ। ११४. विशेषो। ११५. मुहूर्तचिन्तामणिको नक्षत्रप्रकरणको २० श्लोकको पीयूषधारा टीकामा यी श्लोक सारसमुच्चयबाट उद्धरण गरिएका हुन् भनी लेखिएको छ ११६. गुर्वास्ते । पीयूषधारा टीकामा गुर्वस्ते छ ।११७. भूतिमिछता । पीयूषधारा टीकामा भूतिमिच्छता छ । ११८. अथ छुरिकाबंधः। ११९. लक्ष्मीपतिसङ्ग्रहमा रहेको, लेखोट नारदसंहिताको छूरिकाबन्धनाध्यायका १-२ श्लोक। १२०. वसिष्ट। १२१. संहितायां ।

धारणादीपिकायाम् ।

मूलेन्दुपूर्वात्रययाम्यपित्र्यशक्राऽश्विसर्पाऽनलशूलिनश्च। खड्गादिसंधारणमेव कुर्यात् तिथौ विलग्ने च शुभावहे च।

व्यवहारोच्चये ।

पुष्ये चाऽदितिचित्रपद्मतनये शाक्रोत्तरारेवतीवाजिद्वीशदिनेशमित्रसहिते भानौ गुरौ भार्गवे ।

कुम्भे कीटगृहे वृषे मृगपतौ चन्द्रे शुभैर्वीक्षिते सन्नाहश्छुरिकाऽसिकुन्तविशिखा धार्या नृपाणां हिता:122॥

इति वृत्तशतविवरणे मुनिवाक्यार्थदर्पणे राज्याभिषेकप्रतिबिम्बः समाप्तः ॥

—○—

# वृत्तशतकको राजाभिषेकप्रकरणको राजज्योतिषी लीलानाथ पाँडेले गरेको व्याख्याको अनुवाद

अनुवादक–देवीप्रसाद भण्डारी

## वृत्तशतक मूलको अनुवाद

अन्वय– लग्नेशजन्मेशदशेशसूर्यभौमैः, बलिष्ठैः, ज्येष्ठाश्रवःक्षिप्रमृदुध्रुवेषु, अरिक्ते, तिथौ, सौम्यग्रहस्य, अह्नि, शीर्षोदये, उपचयस्थिते, स्थिरे, च, लग्ने, त्रिषष्ठाऽयगतैः, पापैः, षडष्टाऽन्त्यविवर्जितैः, सौम्यैः क्षितिपाभिषेकः, शस्तः ।

पदार्थ– लग्नेशजन्मेशदशेशसूर्यभौमैः= जन्मलग्नका मालिक, जन्मराशिका मालिक, तात्कालिक दशाका मालिक, सूर्य र मङ्गल । बलिष्ठैः= बलवान् भएका बेलामा । ज्येष्ठाश्रवःक्षिप्रमृदुध्रुवेषु=ज्येष्ठा, श्रवण, क्षिप्रसंज्ञक (अश्विनी, तिष्य, हस्त,), मृदुसंज्ञक (मृगशीर्ष, चित्रा, अनुराधा, रेवती), ध्रुवसंज्ञक ( रोहिणी, उत्तरफाल्गुनी, उत्तराषाढा, उत्तरभाद्र ) नक्षत्रमा। अरिक्ते तिथौ=रिक्ता ( चतुर्थी, नवमी, चतुर्दशी ) बाहेक अरू तिथिमा। सौम्यग्रहस्य=शुभग्रहका । अह्नि=वार (बुधवार, बृहस्पतिवार, शुक्रवार, पूर्णचन्द्रको वार)मा। शीर्षोदये=शीर्षोदय( सिंह, कन्या, तुला वृश्चिक, कुम्भ, मीन) राशिका। उपचयस्थिते=जन्मराशिदेखि उपचय ( तृतीय, षष्ठ, दशम, एकादश) स्थानमा रहेका । स्थिरे=स्थिर (वृष, सिंह, वृश्चिक, कुम्भ) राशिका । लग्ने=लग्नमा । त्रिषष्ठाऽयगतैः=तृतीय, षष्ठ, एकादश स्थानमा गएका । पापैः= पापग्रह (सूर्य, क्षीणचन्द्र, मङ्गल, शनैश्चर, राहु, केतु ) बसेका बेलामा । षडष्टाऽन्त्यविवर्जितैः= छैटौं, आठौं, बाह्रौं, स्थानबाहेक अरू स्थानमा । सौम्यैः= शुभग्रह (बुध, बृहस्पति, शुक्र , पूर्णचन्द्रमा) भएका बेलामा । क्षितिपाभिषेकः=राजाको अभिषेक गर्नु । शस्तः=बढिया हुन्छ ।

राजाभिषेकप्रकरण सकियो ।

## व्याख्याको अनुवाद

अब राजाभिषेकप्रकरणको व्याख्या गरिन्छ ।

---

१२२. पुष्ये चादितिचित्रपद्मतनये शाक्रोत्तरारेवतीवाजीहस्तविशाखमित्रसहिते भानौ गुरौ भार्गवे । कुंभे कीटगृहे वृषे मृगपतौ चन्द्रे शुभर्वीक्षिते सन्नाहः शरखड्गकुंतछुरिका धार्या नृपाणां हिताः॥

राजाको आज्ञाविना दुनियाँहरूको व्यवहार चल्दैन; यस कारण दुनियाँहरूले राजपदमा अभिषेक गरिएका राजाले प्रतिष्ठा पाएका हुन्; अब राजाभिषेकको साइत शास्त्रबमोजिम बताउँछु भनी मुहूर्तकल्पद्रुममा लेखिएको छ।

सबभन्दा पहिले समयशुद्धि बताइन्छ ।

लग्नेश–जन्मलग्नका मालिक–,जन्मेश– जन्मराशिका मालिक–,दशेश– होराशास्त्रमा बताइएअनुसार त्यस वेला जुन दशा पर्छ सो दशाका मालिक–,क्षत्रियजातिका मालिक सूर्य र मङ्गल यी ग्रह बलवान् भएका वेलामा, यी ग्रह होराशास्त्रअनुसार ६ किसिमका बलले युक्त भएका वेलामा राजाको अभिषेक गर्नु बढिया हुन्छ।

यस विषयमा श्रीपतिको वचन–

जन्मलग्नका मालिक, जन्मराशिका मालिक, तत्कालको दशाका मालिक, सूर्य र मङ्गल यी सबै बलवान् भएका वेलामा, चन्द्र, बृहस्पति, शुक्र उदाइरहेका वेलामा राजाको अभिषेक गर्नु बढिया हुन्छ।

चूडाकर्म, राजाभिषेक इत्यादि शुभ कर्म दक्षिणायनमा र बृहस्पति, शुक्र अस्ताएका वेलामा नगर्नू भनी अघि नै बताइसकेको हुनाले उत्तरायणमा, बृहस्पति र शुक्रको उदय भएको वेलामा गर्नू भन्ने कुरा अर्थबाट नै आउँछ।

मुहूर्तचूडामणिमा यस्तै वचन छ–

उत्तरायणमा, सूर्य, चन्द्र, शुक्र उदाइरहेको वेलामा राजाको अभिषेक गर्नु बढिया हुन्छ । अधिकमासमा, क्षयमासमा, चैत्र महीनामा, मङ्गलवारमा, रातमा राजाभिषेक गर्नु हुँदैन।

यस विषयमा कश्यपको वचन–

अब राजाको अभिषेकको विषयमा बताउँछु । उत्तरायणमा, बृहस्पति र शुक्रको अस्त र वृद्धत्व (अस्ताउने वेला) नभएको वेलामा, आफ्नो जन्मराशिको लग्नमा, लग्नका मालिक, लग्नको अंशका मालिक बलबान् भएको वेलामा, पट्टबन्धलग्नका मालिक, सो लग्नको अंशका मालिक, ग्रह अस्त नभएको वेलामा, जन्मलग्न र जन्मराशिका मालिक ग्रह अस्त नभएको वेलामा, ती मालिक ग्रह पराजित नभएको (ग्रहयुद्धमा नहारेको) वेलामा राजाभिषेक गर्नू ।

यस विषयमा वसिष्ठको वचन–

गर्भाधानको लग्न, जन्मलग्न, तत्कालको दशा, यिनका मालिक ग्रह, र सूर्य, चन्द्र, मङ्गल, बृहस्पति, शुक्र यी बलवान् भएको वेलामा, उत्पात आदि दोष नभएको वेलामा, राजाभिषेक गर्नु बढिया हुन्छ। शुभ ग्रहहरू आफ्नो मूल त्रिकोणमा (पूर्णचन्द्र वृष राशिमा, बुध कन्या राशिमा, बृहस्पति धनु राशिमा, शुक्र तुला राशिमा ), आफ्नो राशिमा ( पूर्णचन्द्र कर्कट राशिमा बुध मिथुन र कन्या राशिमा, बृहस्पति धनु र मीन राशिमा, शुक्र वृष र तुला राशिमा ), आफ्नो उच्चमा ( पूर्णचन्द्र वृष राशिमा, बुध कन्या राशिमा, बृहस्पति कर्कट राशिमा, शुक्र मीन राशिमा), आफ्नो मित्रका राशिमा (पूर्णचन्द्र मिथुन. सिंह, कन्या राशिमा, बुध वृष, सिंह, तुला राशिमा, बृहस्पति मेष, कर्कट, सिंह, वृश्चिक राशिमा, शुक्र मिथुन, कन्या, मकर, कुम्भ राशिमा) भएको वेलामा अथवा तिनका अंशमा भएको वेलामा, लग्नमा शुभ ग्रह भएको वेलामा राजाको अभिषेक गर्दा राजालाई ठूलो ऐश्वर्य र कीर्ति प्राप्त हुन्छ । ती शुभग्रह आफ्नो नीचमा (पूर्णचन्द्र वृश्चिक राशिमा, बुध मीन राशिमा, बृहस्पति मकर राशिमा, शुक्र कन्या राशिमा), आफ्नो शत्रुको राशिमा (बुध कर्कट राशिमा, बृहस्पति वृष, मिथुन, कन्या, तुला राशिमा, शुक्र कर्कट, सिंह राशिमा) भएको वेलामा, ती ग्रह अस्ताएको वेलामा र वक्र भएको वेलामा, पाप ग्रह लग्नमा भएको वेलामा राजाको अभिषेक गर्दा राजालाई शोक, डर तथा कुकीर्ति प्राप्त हुन्छ ।

देशका मालिक ग्रहको पनि बल विचार गर्नुपर्छ भन्ने मुहूर्तकल्पद्रुमको वचन–

देशका मालिक, जन्मराशिका मालिक, जन्मलग्नका मालिक, सूर्य, चन्द्र, मङ्गल, बृहस्पति, शुक्र यी ग्रह उदाएको वेलामा र बलवान् भएको वेलामा, जन्मराशि वा जन्मलग्नदेखि उपचय (तृतीय, षष्ठ, दशम, एकादश) स्थान लग्नमा भएमा,मनुष्य(मिथुन, कन्या, तुला, कुम्भ र धनुको पूर्वार्ध)लग्नमा, स्थिर(वृष,सिंह, वृश्चिक, कुम्भ ) लग्नमा राजाको अभिषेक गर्नु बढिया हुन्छ ।

मिथुन राशिमा सूर्य भएको वेलामा (आषाढमा)पनि चतुर्मास लाग्नुभन्दा अगाडि शुभ हुन्छ ।

यस विषयमा नारदको वचन–

चैत्र महीनामा, अधिकमासमा, चतुर्मासमा, रिक्ता(चतुर्थी, नवमी, चतुर्दशी)तिथिमा, मङ्गलवारमा, रातमा राजाभिषेक गर्नु हुँदैन ।

तुला र वृश्चिक राशिमा सूर्य भएका वेलामा(कार्तिक र मार्गमा)पनि राज्याभिषेक गर्नु हुन्छ भन्ने गणकमण्डनको वचन–

ज्येष्ठा, श्रवण, क्षिप्रसंज्ञक,मृदुसंज्ञक, ध्रुवसंज्ञक नक्षत्रमा, तुला राशि, वृश्चिक राशि र उत्तरायणमा सूर्य भएका वेलामा पट्टाभिषेक गर्नु बढिया हुन्छ । मङ्गलवारमा, शनैश्चरवारमा, चर(मेष, कर्कट, तुला, मकर)लग्नमा पट्टाभिषेक गर्नु बढिया हुँदैन ।

पहिले बताइएका एक्काइसओटा महादोषलाई छोड्नैपर्छ भनी मुहूर्तरत्नमा भनेको छ ।

चन्द्रमा र तारा जुरेको वेलामा गर्नुपर्छ भन्ने कश्यपको वचन–

चन्द्रमा र तारा जुरेको वेलामा, कर्ताको जन्मलग्न र जन्मराशिबाट अष्टम नपरेको लग्नमा, जन्मराशिदेखि उपचय लग्नमा, स्थिर लग्न तथा शीर्षोदय लग्नमा राजाभिषेक गर्नु बढिया हुन्छ ।

अब नक्षत्र बताइन्छन् ।

ज्येष्ठा, श्रवण, क्षिप्रसंज्ञक – अश्विनी, तिष्य, हस्त – , मृदुसंज्ञक – मृगशीर्ष, चित्रा, अनुराधा, रेवती –, ध्रुवसंज्ञक – रोहिणी, उत्तरफाल्गुनी, उत्तराषाढा, उत्तरभाद्र –, नक्षत्रमा राजाभिषेक गर्नु बढिया हुन्छ ।

यस विषयमा ज्योतिर्विदाभरणको वचन–

अलोल – ध्रुवसंज्ञक अर्थात् रोहिणी, उत्तरफाल्गुनी, उत्तराषाढा, उत्तरभाद्र – , एणकलङ्कभ – मृगशीर्ष –, इन्द्रभ – ज्येष्ठा – , क्षिप्रसंज्ञक – अश्विनी, तिष्य, हस्त – , इन्दिरानायकतारका – श्रवण –, मैत्र – अनुराधा – , अन्त्य – रेवती – , चित्रा नक्षत्रमा , शुभेतर – पापग्रह – ले वेध नगरेका नक्षत्रमा अभिषेकको काम गर्नू भनी विद्वान्हरू भन्छन् ।

राजाभिषेकमा यहाँ तेह्रओटा नक्षत्र लिइएका छन् । मुहूर्तचिन्तामणि, मुहूर्तकल्पद्रुम, मुहूर्तचूडामणि, मुहूर्तरत्न, मुहूर्तगणपति, मुहूर्ततत्त्व, मुहूर्तमार्तण्ड आदि ग्रन्थमा पनि तेह्रओटा नक्षत्र लिइएका छन्।

यस विषयमा मुहूर्तचिन्तामणिको पीयूषधारा टीकामा उद्धृत गरिएको श्रीपतिको वचन– ,

अश्विनी, रोहिणी, मृगशीर्ष, तिष्य, उत्तरफाल्गुनी, हस्त, अनुराधा, ज्येष्ठा,उत्तराषाढा, श्रवण, उत्तरभाद्र, रेवती नक्षत्रमा राजाभिषेक गर्नु बढिया हुन्छ ।

यस विषयमा कश्यपको वचन –

अश्विनी, रोहिणी, मृगशीर्ष, तिष्य, उत्तरफाल्गुनी, हस्त, अनुराधा, ज्येष्ठा, उत्तराषाढा,श्रवण उत्तरभाद्र, रेवती नक्षत्रमा राजाभिषेक गर्नु बढिया हुन्छ ।

श्रीपति, कश्यपहरूले चित्रा नक्षत्र नलिएका हुनाले चित्रा नक्षत्र लिनु निर्मूल हो भनी पीयूषधारामा लेखिएको छ । पीयूषधाराको यो कुरा विचारणीय छ । किनभने चित्रा नक्षत्रमा राजाको अभिषेक

गर्नु हुन्छ भनी वसिष्ठले भनेका छन् ।

यस विषयमा वसिष्ठको वचन –

शान्तिकर्म, पौष्टिक कर्म, स्थिर हुने काम, वस्त्रको काम, गहनाको काम, शिल्पको काम, व्रतबन्ध, वास्तु, खेती र राजकाज चित्रा नक्षत्रमा गर्नु बढिया हुन्छ ।

यस विषयमा बृहस्पतिको वचन –

गहनाको काम, पौष्टिक कर्म, स्थिर हुने काम, राज्याभिषेक, चूडा, व्रतबन्ध, वास्तु चित्रा नक्षत्रमा गर्नु बढिया हुन्छ ।

चरसंज्ञक नक्षत्रमा पनि शुभ हुन्छ भन्ने ज्योतिषरुद्रप्रदीपको वचन –

मृदुसंज्ञक, ध्रुवसंज्ञक,चरसंज्ञक ( पुनर्वसु, स्वाति, श्रवण, धनिष्ठा, शतभिषक् ),क्षिप्रसंज्ञक नक्षत्रमा, रिक्ता तिथिबाहेक अरू तिथिमा, शुभग्रहका वारमा, शुभ लग्नमा राजाले प्रजारञ्जन हुने काम गर्नु बढिया हुन्छ ।

अब वार बताइन्छन् ।

शुभग्रह –पूर्णचन्द्र, बुध, बृहस्पति, शुक्र – का वारमा राजाको अभिषेक गर्नु बढिया हुन्छ ।

यस विषयमा श्रीपतिको वचन –

चन्द्रमा र तारा जुरेको वेलामा, शुभग्रहका वारमा, रिक्ता तिथिबाहेक अरू तिथिमा, द्वितीय, पञ्चम, अष्टम, नवम, द्वादश, केन्द्र (प्रथम, चतुर्थ, सप्तम, दशम) स्थानमा शुभग्रह भएका वेलामा, यिनै स्थानमा पापग्रह नभएका वेलामा राजाभिषेक गर्नु बढिया हुन्छ ।

आदित्यवारमा पनि राजाभिषेक गर्नु हुन्छ भन्ने श्रीपतिको वचन –

राजाभिषेक, उत्सव, परदेश जाने साइत, मालिकको सेवा, अक्षरारम्भ, अग्निकर्म(धातु आदि गाल्ने काम), मन्त्रको पुरश्चरण, औषधिको काम, हातहतियारको काम, सुन, तामा, ऊन, छाला, काठहरूको काम, लडाइँको काम, व्यापारको काम आदि आदित्यवार गर्नु बढिया हुन्छन् ।

ज्योतिर्विदाभरणमा पनि पाँच वार शुभ हुन्छन् भनी लेखिएको छ । कश्यप आदिले मङ्गलवार मात्र निषेध गरेका छन् ।

यस विषयमा कश्यपको वचन –

रिक्ता तिथिबाहेक अरू तिथिमा र मङ्गलवारबाहेक अरू वारमा राजाभिषेक गर्नु बढिया हुन्छ।

मङ्गलवार तथा बुधवारमा राजाभिषेक गर्नु हुन्न भनी वसिष्ठले भनेका छन् ।

यस विषयमा वसिष्ठको वचन–

रिक्ता र औंसीबाहेकका तिथिमा, मङ्गलवार र बुधवारबाहेक अरू वारमा, सूर्य र चन्द्रमा जुरेको वेलामा राजाभिषेक गर्नु बढिया हुन्छ । जन्मलग्न र जन्मराशिदेखि अष्टम लग्नमा राजाभिषेक गर्नु बढिया हुँदैन ।

यस विषयमा टोडरानन्दमा उद्धृत गरिएको भीमपराक्रमको वचन –

राजाभिषेक, लडाइँ, मात्तिएको हात्ती सधाउने काम, नहर, कुलो काट्ने काम, खेतीका काम, शास्त्रार्थ मङ्गलवारमा आरम्भ गर्दा कार्यसिद्धि हुन्छ भनी मुनिहरू भन्छन् ।

यहाँ मङ्गलवार अभिषेक गर्नू भनेको सेनापतिको अभिषेकको विषयमा मात्र भनेको हो । किनभने मङ्गल सेनापति हुन् ।

यस विषयमा वराहमिहिरको वचन –

सूर्य र चन्द्रमा राजा हुन्, मङ्गल सेनापति हुन् ।

सेनानिवेश(छाउनी)को काम, खानिको काम,सुन आदि धातुको काम,मुगाको काम मङ्गलवार आरम्भ गर्नु शुभ हुन्छ भन्ने श्रीपतिको वचन छ । नत्र वसिष्ठ आदिले मङ्गलवार निषेध गरेको बेकार होला।

सेनापतिहरूका विषयमा विशेष कुरा पछि भन्नेछौं।

अब तिथि बताइन्छन् ।

रिक्ता –चतुर्थी, नवमी, चतुर्दशी– बाहेकका तिथिमा राजाभिषेक गर्नु बढिया हुन्छ । रिक्ता उपलक्षण मात्र हो । औंसी तिथिमा पनि राजाभिषेक गर्नु हुँदैन । यस विषयमा अरूको सम्मति माथि बताइसकिएको छ ।

मुहूर्तकल्पद्रुमको वचन –

माघ आदि ६ महीनामा, अधिकमास, चैत्रमासबाहेक अरू महीनामा, शुक्लपक्षमा, रिक्ता र औंसीबाहेक अरू तिथिमा, मङ्गलवारबाहेक अरू वारमा, क्षिप्रसंज्ञक, मृदुसंज्ञक, ध्रुवसंज्ञक, ज्येष्ठा, श्रवण नक्षत्रमा दिउँसो राजाभिषेक गर्नु बढिया हुन्छ ।

पीयूषधारा टीकामा उद्धृत गरेको रत्नमालाको वचन –

मन्त्रको काम , औषधिको काम , पौष्टिक कर्म शकुनि करणमा गर्नु बढिया हुन्छ। गाईको काम, ब्राह्मणको काम, राजकर्म, पितृकर्म चतुष्पाद् करणमा गर्नु बढिया हुन्छ ।

यहाँ चतुष्पाद् करणमा राजकाज गर्नू भनिएको छ। चतुष्पाद् करण औंसीमै पर्ने हुनाले श्रीपतिको वचन ठीक देखिँदैन । यस विषयमा भनिन्छ –

पुराना राजाको मृत्यु हुँदा तुरुन्तै छोरा आदिलाई राजपदमा राख्नुपर्दा त्यस वेला निर्दोष साइत नपाइएमा धेरै कालसम्म पर्खिरहँदा शत्रुहरूबाट सर्वनाश हुने सम्भव हुन्छ। यस्तो अवस्था पर्न आएमा औंसी भए तापनि चतुष्पाद् करणमा राजपुत्र आदिको अभिषेक गर्नुपर्छ भन्ने तात्पर्य यसको हो भन्ने व्याख्या गर्नुपर्छ भनी पीयूषधारामा जो लेखिएको छ, त्यो कुरा हामीलाई ठीक लाग्छ ।

यो कुरा दैवज्ञमनोहरमा भनेको पनि छ –

राजाको मृत्यु भएमा साइत हेरिरहनुपर्दैन । ज्योतिषी र पुरोहितले राजाको अभिषेक गर्नुपर्छ ।

यस विषयमा गणकमण्डनको वचन –

राजाको मृत्यु भएमा र उनको छोरा नभएमा राजाका अंशियारका कुलमा जन्मेका व्यक्तिलाई तत्काल राजपदमा राखी अभिषेक गर्नुपर्छ । माथि बताइएका तिथि वार आदिको विचार गरिरहनुपर्दैन ।

अब लग्न बताइन्छन् ।

स्थिरलग्न– वृष,सिंह,वृश्चिक, कुम्भ– लग्नमा अथवा जन्मलग्न र जन्मराशिदेखि उपचयस्थान–तृतीय, षष्ठ, दशम, एकादश–परेको लग्नमा अथवा शीर्षोदय– मिथुन, सिंह,कन्या,तुला, वृश्चिक, कुम्भ,मीन–लग्नमा राजाको अभिषेक गर्नु बढिया हुन्छ ।

यस विषयमा कश्यपको वचन–

जन्मराशिदेखि उपचयस्थान परेको लग्नमा, शीर्षोदय लग्नमा, स्थिर लग्नमा, शुभग्रहले देखेका र युक्त भएका लग्नमा, पापग्रहले नदेखेका र युक्त नभएका लग्नमा, शुभग्रहका राशिको लग्नमा, शुभ तथा शुद्ध नवांशमा, अष्टम स्थान शुद्ध भएको लग्नमा राजाभिषेक गर्नु बढिया हुन्छ ।

मेष, वृष, मिथुन, कर्कट, धनु, मकर राशिहरू रातमा बलवान् हुन्छन् ; मिथुन राशिबाहेक यिनै राशिहरू पृष्ठोदय पनि हुन् ; बाँकी रहेका (सिंह, कन्या, तुला, वृश्चिक, कुम्भ) राशिहरू दिनमा बलवान् हुन्छन्, शीर्षोदय पनि हुन् ; मीन राशि उभयोदय (मुख र पुच्छर एकैचोटि उदाउने)हो भनी वराहमिहिरले भनेका छन् ।

यहाँ चरलग्न छोड्नू भन्ने अर्थ गणकमण्डनको पहिले बताइएको वाक्यबाट आउँछ ।

टोडरानन्दमा उद्धृत गरिएको व्यवहारचण्डेश्वरको वचनमा षड्वर्ग, मुहूर्त आदिको विचार गरिएको छ ।

व्यवहारचण्डेश्वरको वचन–

राजाभिषेकमा विहित नक्षत्रको मुहूर्तमा अभिषेक गर्नाले बढिया हुन्छ । मङ्गलको होरा तथा कुलिक सबै छोड्नुपर्छ । लग्नमा मङ्गलको नवांश पार्नु हुँदैन । मङ्गलको षड्वर्ग असले भए तापनि पार्नु हुँदैन । ग्रहका राजा सूर्य भएका हुनाले सूर्यको षड्वर्गमा राजाभिषेक गर्नु बढिया हुन्छ ।

अब लग्नमा ग्रहको बल बताँइन्छ ।

तृतीय, षष्ठ र एकादश स्थानमा पापग्रह बसेका वेलामा, षष्ठ, अष्टम र द्वादश स्थानबाहेक अरू स्थानमा शुभग्रह बसेका वेलामा राजाभिषेक गर्नु बढिया हुन्छ ।

मूलको दोस्रो श्लोकमा दुइ चकार परेका छन्। यहाँ नपरेका कुरा बुझाउन यसो गरिएको हो।

लग्नको विषयमा कश्यपको वचन –

लग्न, द्वितीय, तृतीय, चतुर्थ, पञ्चम, सप्तम, नवम, दशम, एकादश स्थानमा शुभग्रह भएको वेलामा र तृतीय, षष्ठ, एकादश स्थानमा पापग्रह भएको वेलामा धर्मात्मा राजाको अभिषेक हुन्छ ।

लग्नमा बसेका सूर्य शुभ हुन्छन् भन्ने चण्डेश्वरको वचन–

लग्न, चतुर्थ, सप्तम, दशम स्थानमा बसेका शुभग्रह, पञ्चम, नवम स्थानमा बसेका बृहस्पति, तृतीय, षष्ठ, दशम, एकादश स्थानमा बसेका पापग्रह, लग्नमा बसेका सूर्य शुभ हुन्छन् ।

पापग्रहको अशुभ भावफलको विषयमा वसिष्ठको वचन्–

बलिया पापग्रह द्वितीय र द्वादश स्थानमा भएमा गरीब हुन्छन्, लग्नमा भएमा रोगी हुन्छन्, चतुर्थ र सप्तम स्थानमा भएमा पदच्युत हुन्छन्, पञ्चम स्थानमा भएमा दुःखी हुन्छन्, दशम स्थानमा भएमा अल्छी हुन्छन्, अष्टम स्थानमा भएमा अल्पायु हुन्छन् ।

नवम स्थानमा पापग्रह पार्नु हुँदैन भन्ने कश्यपको वचन–

पापग्रह लग्न, द्वितीय, पञ्चम स्थानमा भएमा गरीब हुन्छन्, चतुर्थ, दशम स्थानमा भएमा राज्यच्युत हुन्छन्, पञ्चम स्थानमा भएमा दुःखी हुन्छन्, द्वादश स्थानमा भएमा अल्छी हुन्छन्, नवम स्थानमा भएमा पापी हुन्छन्, अष्टम स्थानमा भएमा मृत्युफल पाउँछन् ।

बलले युक्त भएका भनेकोले विवाहमा स्थानबल आदिको अभावमा बताइएका परिहारलाई यहाँ पनि प्रयोग गर्नु पर्छ ।

चन्द्रमाको विषयमा वसिष्ठको विशेष वचन –

बलिया चन्द्रमा लग्न, षष्ठ, अष्टम र द्वादश स्थानमा बसेका छन् भने राजाको मृत्यु हुन्छ।

यस विषयमा कश्यपको वचन –

लग्नदेखि षष्ठ, अष्टम, द्वादश स्थानमा चन्द्रमा बसेका छन् र पापग्रहले देखेका छन् भने राजाको तुरुन्तै मृत्यु हुन्छ । चन्द्रमा षष्ठ, अष्टम, द्वादश स्थानमा बसेका छन् र शुभग्रहले देखेका छन् भने तीन वर्षभित्र राजाको मृत्यु हुन्छ ।

अब योग बताइन्छन् ।

वसिष्ठको वचन –

राजाभिषेकको लग्नमा अथवा पञ्चम र नवम स्थानमा बृहस्पति, षष्ठ स्थानमा मङ्गल, दशम स्थानमा शुक्र बसेका छन् भने राजालाई ऐश्वर्य, पराक्रम, आनन्द पनि मिल्छ । तृतीय, षष्ठ, एकादश स्थानमा शनैश्चरबाहेकका ग्रह बसेका छन् र बृहस्पति दशम स्थान अथवा चतुर्थ स्थानमा बसेका वेलामा अभिषेक पाएका राजाको चिरायु हुन्छ, राज्य पनि स्थिर हुन्छ ।

लग्नका प्रकरणमा वसिष्ठको वचन --

पूर्णचन्द्रमा अथवा बृहस्पति लग्नमा बसेका छन् र दशम स्थानमा सूर्य बसेका छन् भने त्यस बेलामा राजाको अभिषेक गर्नु बढिया हुन्छ। शुक्रवार उत्सव गर्नु बढिया हुन्छ।

यस विषयमा मुहूर्तरत्नको वचन --

लग्नदेखि तृतीय स्थानमा शनैश्चर, एकादश स्थानमा सूर्य बसेका छन् र चतुर्थ वा दशम स्थानमा मङ्गल बसेका छन् भने त्यस्तो समयमा अभिषेक पाएका राजाको दीर्घायु र सम्पत्ति हुन्छ।

यस विषयमा वसिष्ठको वचन --

असल चन्द्रयोगमा, नाभसयोगमा, राजयोगमा अभिषेक गरिएका राजा पृथ्वीका मालिक हुन्छन्।

तिलकयोगको विषयमा मुहूर्तगणपतिको वचन –

सूर्य बसेका नक्षत्रदेखि अभीष्ट दिनका चन्द्रमा बसेका नक्षत्रसम्म गणना गर्दा आएको सङ्ख्यामा अभीष्ट दिनको तिथि र वारको सङ्ख्या जोड्नू ; आएको योगफललाई सातले भाग लिनू; पाँच शेष रहेमा तिलकयोग हुन्छ। यात्रामा डुम्बरयोगको विचार गर्नू। व्यवहारमा घषाडयोगको विचार गर्नू। सिंहासनमा तिलकयोगको विचार गर्नू। प्रवेश गर्दा गोवरयोगको विचार गर्नू।

यहाँ कसैले सिंहासनचक्र पनि बताएका छन्।

सिंहासनचक्र[1]

सूर्य बसेका नक्षत्रबाट अभीष्ट दिनको नक्षत्रसम्म गणना गर्दा

| नक्षत्र | फल | नक्षत्र | फल |
|---|---|---|---|
| २ | बलाद्वृद्धि | २ (१६) | डर |
| ४ (६) | असल | ४ (२०) | प्रभुता |
| ४ (१०) | नाश | ४ (२४) | मृत्यु |
| ४ (१४) | कीर्ति | ३ (२७) | साम्राज्यप्राप्ति |

यस विषयको विशेष कुरा ज्योतिर्विदाभरणमा हेर्नू।

अब यहाँ प्रसङ्गवश अरू कुरा पनि भनिन्छ।

युवराज्याभिषेकको विषयमा मुहूर्तगणपतिको वचन–

राजाभिषेकमा बताइएका नक्षत्र आदिमा युवराजको अभिषेक गर्नुपर्छ।

मन्त्रीहरूको नियुक्ति गर्ने विषयमा ज्योतिषरुद्रप्रदीपको वचन–

स्थिरसंज्ञक र मैत्रसंज्ञक नक्षत्रमा, शुभग्रहका वार तथा आदित्यवारमा, स्थिरलग्नमा, राजयोगमा राजाले असल कुलमा जन्मेका, बुद्धिमान्, धैर्यशाली र धार्मिक व्यक्तिहरूलाई मन्त्री नियुक्त गर्नू।

क्षिप्रसंज्ञक, मृदुसंज्ञक, ध्रुवसंज्ञक नक्षत्रमा, असल योगमा, मङ्गलवारबाहेक अरू वारमा, नक्षत्रका योनिबाट जुरेका, शूरा र धैर्यशाली मनुष्य छानी राजाले कर्मचारी नियुक्त गर्नू।

भगुणयोनिशुद्ध भनेको षट्काष्टक, गण, योनि, ग्रहवैर, दुष्टनाडी आदि नपरेका व्यक्तिलाई मन्त्री, पुरोहित, सेनापति आदि नियुक्त गर्नू भनेको हो।

यस विषयमा भनेको पनि छ–

गुरुपुरोहित, मन्त्री, वैद्य, सेनापति, द्वारपाल तथा राज्योपकरणहरू पनि क्षिप्रसंज्ञक, चरसंज्ञक, मृदुसंज्ञक, ध्रुवसंज्ञक नक्षत्रमा, पूर्णा ( पञ्चमी, दशमी, पूर्णिमा ) तिथिमा, रिक्ताबाहेकका तिथिमा, त्रि-

१. मूलमा दिइएको सिंहासनचक्रको चित्र ६६–६७ पृष्ठको बीचमा छापिएको छ।

पुष्कर योगमा, वृद्धियोग, सिद्धियोगमा, शुभगृहका वारमा बनाउनाले कोष(ढुकुटी)को वृद्धि हुन्छ । यी गुरु-पुरोहित आदि खराब भएमा तिनलाई त्याग गर्नु बढिया हुन्छ ।

(गणकमण्डनको वचनको भाव राम्रो बुझिएन ।)

राज्योपकरणका विषयमा गणकमण्डनको वचन–

चिराखबत्ती, चमर, छाता, डोली,बिछ्याउना, सिंहासन आदि राज्योपकरणहरू पट्टाभिषेकका नक्षत्र वार आदिमा बनाउनू ।

यस विषयमा मुहूर्तगणपतिको वचन–

चमर, छाता, डोली, पादपीठ, सिंहासन आदि सबै पट्टाभिषेकमा बताइएका नक्षत्र तथा शुभगृहका वारमा बनाउनू ।

आदि तथा सबं शब्दले ध्वज, पताका, नगरा, रथ, पालकी, हात्ती, घोडा आदि हुन् भन्ने सम्झनुपर्छ ।

नगराका विषयमा मुहूर्तगणपतिको विशेष वचन–

अश्विनी, मृगशीर्ष, पुनर्वसु, तिष्य, हस्त, चित्रा, स्वाति, अनुराधा, श्रवण, धनिष्ठा, शतभिषक्, रेवती नक्षत्रमा, जया (तृतीया, अष्टमी, त्रयोदशी) तथा पूर्णा तिथिमा, आदित्यवार तथा शुभगृहका वारमा नगरा भेरी आदि र हातले बजाउने बाजा बनाउनु बढिया हुन्छ । मृदुसंज्ञक, क्षिप्रसंज्ञक, चरसंज्ञक नक्षत्रमा, शुभलग्नमा हातले बजाउने बाजा बनाउनु बढिया हुन्छ । तीक्ष्णसंज्ञक (आर्द्रा, अश्लेषा, ज्येष्ठा, मूल),उग्रसंज्ञक (भरणी, मघा, पूर्वफाल्गुनी,पूर्वाषाढा, पूर्वभाद्र) नक्षत्रमा, रिक्ता तिथिमा, पापग्रहका वारमा मुखले बजाउने बाजा बनाउनु बढिया हुन्छ ।

दुन्दुभिचक्रको विषयमा मुहूर्तगणपतिको वचन –

ढाल जस्तो दुन्दुभिचक्र बनाउनू ।

दुन्दुभिचक्र[2]

सूर्य बसेको नक्षत्रबाट अभीष्ट दिनको नक्षत्रसम्म गन्दा

| नक्षत्र | फल |
|---|---|
| ९ | सुख |
| ९ (१८) | दुःख |
| ९ (२७) | भोग |

ध्वजको विषयमा ज्योतिर्विदाभरणको वचन–

पुनर्वसु, स्वाति, श्रवण, धनिष्ठा, शतभिषक्, ध्रुवसंज्ञक, आर्द्रा, तिष्य नक्षत्रमा ध्वज बनाउने काम र हात्तीसारको काम गर्नु बढिया हुन्छ ।

यस विषयमा संहिताप्रदीपको वचन –

आर्द्रा, तिष्य, चरसंज्ञक नक्षत्रमा, शुभतिथिमा, आदित्यवार तथा शुभग्रहका वारमा, राजयोगमा ध्वज बनाउने काम बढिया हुन्छ, ध्वजवाहक मित्रलाई बनाउनु बढिया हुन्छ ।

ध्वजको वाहक (बोकने) मित्र पार्नुपर्छ, शत्रु पार्नु हुँदैन । जस्तै हनूमान्को चित्र भएको ध्वजको पुनर्वसु नक्षत्रको तेस्रो पाउ हुन्छ । त्यो ध्वजवाहक सुन्दर नाउँ गरेको हात्ती छ । त्यसको शतभिषक् नक्षत्रको चौथो पाउ हुन्छ । यी दुइको क्रमैसँग बिरालो र घोडा योनि, बुध र शनि स्वामी, देवता र राक्षस

२. मूलमा दिइएको दुन्दुभिचक्रको चित्र ६६–६७ पृष्ठको बीचमा छापिएको छ ।

गण, नवौँ र पाँचौँ भकूट, आद्यनाडी परेको छ। यी सबै जुरेमा शुभ हुन्छ। नजुरेमा शुभ हुँदैन।

नामराशिबाट ग्रामराशि द्वितीय, पञ्चम, नवम, दशम, एकादश स्थान पर्न गएमा शुभ हुन्छ भने जस्तै यहाँ पनि यसै गरी जुराउनू भनी कोही भन्छन्। यस्तै गरी नगरा, नगरा बोक्ने र बजाउने, छाता र छाता बोक्ने, चमर र चमर बोक्नेहरूको पनि जुराउनुपर्छ भनी जान्नू।

ध्वजचक्र पनि त्यहीँ दिइएको छ–

ध्वजचक्र[3]

ध्वजको नक्षत्रदेखि ध्वजवाहकको नक्षत्रसम्म गन्दा

| नक्षत्र | स्थान | फल | यहाँ अभिजित्‌समेत गन्नुपर्छ। दुन्दुभिवाहकको विषयमा पनि यही हो। |
|---|---|---|---|
| ७ | शिर | फलप्राप्ति | |
| ७ (१४) | कोण | फलनाश | |
| ७ (२१) | उदर | फलप्राप्ति | |
| ७ (२८) | दण्ड | फलनाश | |

ध्वजका विषयमा बताइएका सबै नियम पताकामा पनि लाग्छन्।

(ध्वज आयका विषयमा विश्वकर्मा,वसिष्ठ,प्रयोगमञ्जरीहरूको वचनको भाव राम्रो बुझिएन।)

ध्वज पाँच हातको बनाउनुपर्छ भनी तान्त्रिकहरू भन्दछन्।

यस विषयमा प्रतिष्ठासङ्ग्रहको वचन–

पहेंलो, रातो आदि वर्ण भएको पाँच हात लामो ध्वजा बनाउनुपर्छ।

यस विषयमा गारुडको वचन–

पाँच हात लामा दुइ हात चौडा ध्वज बनाउनू। पताकाचाहिँ सात हात लमाइ र २० अङ्गुल चौडाइ भएको बनाउनू।

साढे तीन हातका पताका र ध्वज बनाउनू भनी स्वरोदयमा लेखिएको छ। जसरी राम्रो हुन्छ, त्यसरी बनाउनुपर्छ भनी संहिताकारहरू भन्दछन्।

यस विषयमा संहितासारावलीको वचन–

पताका, ध्वज, छाता आदि आयशुद्ध गरी बनाउनुपर्छ। तितीहरूको नापो मिलाउँदा जसरी राम्रो हुन्छ, त्यसै गरी बनाउनुपर्छ। रथ भाला आदि पनि त्यसै गरी बनाउनुपर्छ।

आयसाधन गर्ने क्रिया वास्तुप्रकरणमा बताएअनुसार बुझ्नू।

ती ध्वज, पताका, छाताहरूको दण्डीका विषयमा वराहमिहिरको वचन–

लठ्ठी, छाता,अङ्कुश, बाँसको लठ्ठी, धनु, चँदुवा, भाला, ध्वज, चमरहरूका दण्ड वर्णका क्रमले पहेँलो, रातो, खैरो, कालो रङ्गको बनाउनू। चाँदी अथवा सुनले मोरेको, चित्रविचित्रका रत्न जडेको दण्ड राजाका निमित्त बढिया हुन्छ।

लन्त्री भनेको रातो हो भनी उत्पलले लेखेका छन्।

यस विषयमा गर्गको वचन –

लठ्ठी,छाता, अङ्कुश आदिको दण्डी ब्राह्मणका निमित्त पहेँलो रङ्गका बढिया हुन्छन्, क्षत्रियका निमित्त रातो रङ्गका बढिया हुन्छन्, वैश्यका निमित्त पहेँलो रङ्गका बढिया हुन्छन्, शूद्रका निमित्त कालो रङ्गका बढिया हुन्छन्।

३. मूलमा दिइएको ध्वजचक्रको चित्र ६६--६७ पृष्ठको बीचमा छापिएको छ।

यस विषयमा विशेष कुरा दिग्विजयादि ग्रन्थमा हेर्नू ।

रथ, पाल्की, हात्ती, घोडा आदिका विशेष कुरा मिश्रप्रकरणमा बताइनेछ ।

अब प्रसङ्गवश राजाको छाप काट्ने विषयमा बताइन्छ ।

यस विषयमा सारसमुच्चयमा र मुहूर्तरत्नमा उद्धृत गरिएको वसिष्ठको वचन –

मृदुसंज्ञक, ध्रुवसंज्ञक, क्षिप्रसंज्ञक, चरसंज्ञक नक्षत्रमा, राम्रो योगमा, सोमवार, शनैश्चरवार-बाहेक अरू वारमा, जयातिथि र पूर्णातिथिमा छाप काट्ने काम बढिया हुन्छ । ऐश्वर्य चाहनेले बृहस्पति अस्त भएका बेलामा अथवा शुक्र अस्ताएका वेलामा अथवा पापग्रहले भोग गरेका नक्षत्र, राशि, अंश तथा लग्न भएका वेलामा छाप काट्ने काम गर्नु हुंदैन ।

टक सुन, चाँदी आदिको हुन्छ ।

टकको विषयमा मुहूर्तरत्न र रुद्रप्रदीपको वचन-

क्षिप्रसंज्ञक, मृदुसंज्ञक, ध्रुवसंज्ञक, चरसंज्ञक नक्षत्रमा, जयातिथि र पूर्णातिथिमा, आदित्यवार र शुभग्रहका वारमा, बृहस्पति र शुक्रको अस्त नभएको वेलामा, अधिकमास नपरेको महीनामा टक मार्ने काम गर्नु बढिया हुन्छ ।

अब खुकुरी भिर्ने विषयमा बताइन्छ ।

यस विषयमा नारदको वचन –

राजकुमारहरूको विवाहभन्दा पहिले खुकुरी भिर्ने साइत बताउँछु । विवाहमा बताएका महीनामा, शुक्लपक्षमा, मङ्गल, बृहस्पति, शुक्र अस्त नभएका वेलामा, चन्द्रमा र तारा जुरेका वेलामा, व्रत बन्धमा बताइएका नक्षत्र र तिथिमा, मङ्गलवारबाहेक अरू बारमा खुकुरी भिर्नु बढिया हुन्छ ।

यहाँ अरुको विचार तथा खुकुरी भिर्ने विधि वसिष्ठसंहिता, नारदसंहिता, कश्यपसंहिताहरू-मा हेर्नू ।

हतियार बनाउने विषयमा सारसागरको वचन–

कृत्तिका, विशाखा नक्षत्रमा; आदित्यवार, मङ्गलवार, शनैश्चरवारमा बनाएको हतियारले राजाको जितबाजी गराउँछ ।

यस विषयमा धारणादीपिकाको वचन –

अश्विनी, भरणी, कृत्तिका, मृगशीर्ष, आर्द्रा, अश्लेषा, मघा, पूर्वफाल्गुनी, ज्येष्ठा, मूल, पूर्वाषाढा, पूर्वभाद्र नक्षत्रमा, शुभ तिथिमा, शुभलग्नमा तरवार आदि हतियार भिर्नु बढिया हुन्छ ।

यस विषयमा व्यवहारोच्चयको वचन –

अश्विनी, रोहिणी, पुनर्वसु, तिष्य, उत्तरफाल्गुनी, हस्त, चित्रा, विशाखा, अनुराधा, उत्तराषाढा, उत्तरभाद्र, रेवती नक्षत्रमा, आदित्यवार, बृहस्पतिवार, शुक्रवारमा, वृष, कर्कट, सिंह, कुम्भ लग्नमा, चन्द्रमालाई शुभ ग्रहले देखेका वेलामा तरबार, भाला, खुकुरी, बाण आदि बनाउनु र भिर्नु राजालाई हितकर हुन्छ ।

वृत्तशतकको मुनिवाक्यार्थविवरणमा राज्याभिषेकप्रतिबिम्ब सकियो ।

□--□

# हाम्रो वक्तव्य

वि. सं. २०२१ वैशाखदेखि निस्कन लागेको इतिहासप्रधान त्रैमासिक पत्रिका पूर्णिमाको अहिले वि. सं. २०३२ भाद्रमा छयालीसौं अङ्क छापिनुपर्नेमा तेत्तीसौं अङ्क मात्र छापिन सकेकोले पूर्णिमाको प्रकाशनकार्यमा हामी १३ अङ्क पछि परेका छौं भन्ने स्पष्ट छ । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको शुभराज्याभिषेकको अवसरमा हिन्दू राज्याभिषेकसम्बन्धी, खास गरी नेपाली राज्याभिषेकसम्बन्धी तथा शाहवंशसम्बन्धी लेखहरू हाली पूर्णिमाको राज्याभिषेकाङ्क छाप्ने अठोट हामीले गरेका थियौं। तदनुसार लेखहरू तयार पनि गर्दै थियौं तापनि परिस्थितिवश हामीले शुभराज्याभिषेकको अवसरमा पूर्णिमाको राज्याभिषेकाङ्क प्रकाश गर्न नसकी राज्याभिषेक सम्पन्न भएको ६ महीनापछि मात्र राज्याभिषेकाङ्क निकाल्न सक्यौं । पूर्णिमाको राज्याभिषेकाङ्क जुन रूपमा प्रस्तुत गर्ने कल्पना हामीले गरेका थियौं, त्यो रूपमा प्रस्तुत गर्न हामीले सकेनौं तापनि यस अङ्कमा पनि केही नयाँ कुरा हामीले दिन सकेका छौं भन्ने हामीलाई लागेको छ । यसको परीक्षा विवेकी पाठकहरूबाट होला भन्ने हामीले सम्झेका छौं ।

सूचना– उठानैदेखि पूर्णिमाको हरेक अङ्क १००० प्रति छपाउँदै आएकोमा कागतको महगीले गर्दा यो अङ्कदेखि ५०० प्रति मात्र छपाउने निर्णय गरी त्यहीअनुसार काम भएको छ ।

□—□

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ३ | ७ | इणी | इणो |
| ९ | ४ | सोधपुछ | सोधपूछ |
| १० | ३ | देवासुसर | देवासुरस |
| १० | २४ | तद्भेदे | तद्भेद |
| ११ | ३४ | आश्विनी | अश्विनी |
| १२ | २२ | सिद्धचन्त्यस्मि न्निति | सिद्धचन्त्यस्मि-न्निति |
| १४ | २६ | कर्तव्य | कर्तव्यं |
| १५ | ४ | विनिर्मुक्त | विनिर्मुक्तं |
| १६ | १९ | युवराज्याभिषेक | युवराज्याभिषेक |
| १६ | ३१ | पनौंती | पनौती |
| १६ | ३१ | तामपत्र | ताम्रपत्र |
| १६ | ३५ | अन्दाजि | अन्दाजी |
| १७ | ३७ | १५८।१६३ | १५८–१६३ |
| २६ | ३ | स्टड्ईज् | स्टड्इज् |
| २६ | ३४ | हेनरिख | हेन्ड्रिक |
| २७ | १७ | पुष्पवा | पुष्प–वा |
| ३० | ९ | श्रीस्कंनद | श्रीस्कंद |
| ३५ | ५ | युवा ।ऽपि | युवाऽपि |
| ३७ | ३० | अभिभेख | अभिलेख |
| ३९ | ३१ | मल्लबे[illegible]जु | मल्लले तलेजु |
| ४१ | ३१ | राजाहरूको | राजाहरूका |
| ५३ | ७ | कितानो | कितानी |
| ५३ | २० | स्तम्भै. | स्तम्भैः |
| ५४ | ३० | गातिस्थाध्रु | गातिस्थाध्रु |
| ५५ | १ | लङि | लङि |
| ५५ | २ | श्लुः । | श्लुः |
| ५९ | २३ | जलनिर्गम-मार्गस्यसविधा-समीपावसतिः | जलनिर्गममार्गस्य सविधा समीपा वसतिः |
| ६४ | १३ | त्रयं एतेषु | त्रयम् एतेषु |
| ६४ | २२ | वसिष्ठन | वसिष्ठेन |
| ६४ | ३६ | वसिष्ठ संहिताको | वसिष्ठसंहिताको |
| ६५ | २४ | व्यक्तिरिक्ते | व्यतिरिक्ते |
| ६६ | १८ | वाक्याद्५1 | वाक्यात् । |
| ६६ | ३६ | ५१ सङ्ख्याको टिप्पणी नचाहिने। | |
| ६७ | १७ | त्रिलाभसस्थौ | त्रिलाभसंस्थौ |
| ६७ | २४ | कीर्त्तिर्द्विभे | कीर्त्तिर्द्विभे |
| ६७ | ३१ | बलाध्ययको | बलाध्यायको |
| ६८ | ३ | ज्योतिषरुप्रदीपे | ज्योतिषरुद्रप्रदीपे |
| ७० | १७ | मुद्रा प्रतिष्ठा | मुद्राप्रतिष्ठा |

# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | | मूल्य |
|---|---|---|
| १. | पूर्णिमा १ देखि ३३ अङ्कसम्म | १०२।५० |
| २. | अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. | इतिहास–संशोधन | १३। |
| ४. | सावधान–पत्र | ६। |
| ५. | विद्या–रक्षा | ६। |
| ६. | व्याकरण–संशोधन | ३।५० |
| ७. | पञ्चाङ्ग–संशोधन | ३।५० |

(संशोधन-मण्डलका यी प्रकाशन साझा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन् । )

## नेपाल–सांस्कृतिक-परिषद्तर्फबाट

| | | |
|---|---|---|
| १. | जयरत्नाकरनाटक | ८। |
| २. | त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. | ऐतिहासिक पत्रसङ्ग्रह ( पहिलो भाग ) | ४।२० |
| ४. | ऐतिहासिक पत्रसङ्ग्रह ( दोस्रो भाग ) | ३।५० |

## जगदम्बा-प्रकाशनतर्फबाट

| | | |
|---|---|---|
| १. | गल्लीका पर्याकिएका कसिंगर | ६।२५ |
| २. | इतिहास–संशोधनको प्रमाण–प्रमेय | १८। |
| ३. | श्री ५ पृथ्वीनारायण शाहको उपदेश ( ५ खण्ड ) | ४१। |

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय

## संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल काठमाडौँ नेपाल

वि० सं० २०३२ भाद्र

यस अङ्कको मूल्य रु. ८।

मुद्रक–
मदन प्रिण्टिङ्ग प्रेस
मरु इलाछें, फोन नं. १४४२५